


२०८१, साउन
मूल्य रू. २५
युवामञ्च
https://gorkhapatraonline.com/yuba-manch
पेरिस ओलम्पिक विशेष
ओलम्पिकमा महिला सङ्घर्ष
नेपालीलाई ठूलो सम्मान
डोपिङ एक अभिशाप
पेरिस फर्कियो ओलम्पिक

वर्ष ३७, अङ्क २, २०८१ साल साउन
July-August 2024
Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र





८ पेरिस फर्कियो ओलम्पिक

३८ ओलम्पिकमा महिला सङ्घर्ष

महिलाले ओलम्पिक हेर्न नपाउनुको पछाडि कारण थियो- ओलम्पिया ज्युसप्रति समर्पित थियो र त्यसैले त्यो पुरुषका लागि पवित्र स्थल मानिन्थ्यो ।

५९ नेपालका रैथाने खेल

गोरखास्थित तत्कालीन लिगलिगकोटमा प्रत्येक वर्षको दशैं अर्थात् टीकाको दिनमा दौड प्रतियोगिता आयोजना गरी राजा छान्ने चलन रहेको चर्चा इतिहासका पानामा भेटिन्छन् ।

ओलम्पिकमा लागेको अमिट दाग

जुन 'ब्ल्याक सेप्टेम्बर' नामको आतङ्कवादी समूहको करतुतका रुपमा 'म्युनिख नरसंहार' भनेर चिनिएको छ । आतङ्कवादी समूहले अप्रत्याशित रुपमा ओलम्पिक गाउँमा प्रवेश गरेर २४ घण्टाभित्र जुन खालको ताण्डव देखाए, ओलम्पिक अभियानमा त्यसको दाग लागेको छ ।





४०



४८ ओलम्पिकको ऐतिहासिक पृष्ठभूमि

ओलम्पिया शहरमा भगवान् जेयुसको विशाल मन्दिर थियो । जहाँ खेलकुदको उद्घाटन समारोहमा बलि चढाइन्थ्यो ।

९० मच वेनलक खेल

मच वेनलक खेल युवाका लागि आयोजना गरिने भए पनि सात वर्षमुनिका बच्चाको दौड पनि त्यसमा समावेश गरियो ।

८३ ओलम्पिकमा प्रविधिको प्रयोग

खेलाडीको प्रदर्शनमा सुधार गर्न, नतिजाको शुद्धता सुनिश्चित गर्न र दर्शकको अनुभवलाई थप उचाइँमा पुऱ्याउन नवीन प्रविधिको प्रयोग अग्रस्थानमा रहँदै आएको छ ।

१०१ नेपालीलाई ठूलो सम्मान

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला-

yubmanch@gmail.com

सम्पर्क- सम्पादकीय- ५३५७०३१

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch

http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

वितरण विभाग
बबिता कार्की

उत्पादन विभाग
ओम भुसाल

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान

पो.ब.नं. २३, धर्मपथ, काठमाडौँ, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन – सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ५३२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१-४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१-५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१-५९०४२९
हेटौँडा : ०५७-५९०६५१
पोखरा : ०६१-५३८५२२
बुटवल : ०७१-५४१४३८
सुर्खेत : ०८३-५९००६०
धनगढी : ०९१-४१२०४३

एकप्रतिको मूल्य रु.२५/-
वार्षिक मूल्य रु.२५०/-

सम्पादकीय

ओलम्पिक अभियानको मर्म

ओलम्पिकले आफ्नो आधुनिक यात्रा सुरु गरेको १२८ वर्षमा पेरिसले तेस्रो पटक ग्रीष्मकालीन ओलम्पिक आयोजना गर्दै छ। एक शताब्दीपहिले ओलम्पिक स्थापनामा अग्रणी भूमिका निर्वाह गरेका पियरे डी कुबर्टिनको देश फ्रान्सको राजधानी भएकाले पनि ओलम्पिकको सन्दर्भमा पेरिसले छुट्टै महत्त्व राख्दछ। यहाँ पहिले सन् १९०० र सन् १९२४ मा ग्रीष्मकालीन ओलम्पिक आयोजना गरियो र ओलम्पिक अभियान अन्तर्गत शीतकालीन ओलम्पिकको थालनीसमेत फ्रान्समै भएको थियो। सन् १९२४ मै फ्रान्सको सामनिक्समा पहिलो शीतकालीन ओलम्पिक आयोजना भएकाले यस ओलम्पिकको सयौँ वार्षिकोत्सव मनाउने सुअवसर फ्रान्सलाई प्राप्त छ।

कुबर्टिनको विरासत आजको दिनसम्म आइपुगेको छ। ओलम्पिकका हरेक संस्करणले केही न केही परिवर्तन गरेर परम्परा हस्तान्तरण गरेका छन्। परिवर्तन स्वाभाविक र समयको माग पनि हो, विकास यसमा निर्भर पनि रहन्छ। तापनि ओलम्पिकले पुनर्जीवन पाए ताकाको मूलभूत मान्यतामा समेत समानान्तर परिवर्तनले यसको मर्ममा कुठाराघात भने पक्कै भएको छ। भन्नका लागि प्रायः मूलभूत मान्यता अविच्छिन्न नै छन् तर अभ्यासको दिशा अन्तै देखिन्छ। ओलम्पियाडको भावना र त्यसका मूल्य मान्यता अनुसार खेल अभ्यासद्वारा युवालाई शिक्षित बनाई शान्तिपूर्ण र श्रेष्ठतर विश्व निर्माणमा योगदान गर्ने पवित्र लक्ष्य सहित अगाडि बढेको ओलम्पिक अभियानलाई धक्का दिने जुन खालका प्रपञ्च खेल क्षेत्रमा बढेर गएको छ तिनमा नियन्त्रण आवश्यक छ। खेलाडीले जित्नका लागि मरिहत्ते गर्ने र नसके विज्ञान प्रविधिमा भएको विकासको फाइदा लिने जस्ता अवाञ्छित कृत्य सबैबाट निरूत्साहित हुनु जरूरी छ।

स्पष्ट छ, ओलम्पिकको प्राचीन इतिहास र आधुनिक स्वरूप दुवै ओलम्पिक भावनाको विपरीत छन्। शासक वर्गले युद्धको तयारीको सन्दर्भमा वा युद्ध समाप्तिको उत्सव मनाउनका लागि प्राचीन ओलम्पिकको सुरुवात गरेका थिए। खेल भावनाभन्दा पनि सामन्तको रमाइलोका लागि आयोजित खेल महोत्सवले ओलम्पिकको नाम र संस्कार पायो। करिब १५ सय वर्षपछि पुनर्जीवित गरिएको ओलम्पिकलाई सुरुमा व्यावसायिकताभन्दा पर खेलप्रतिको माया, प्रेम, भाइचाराले प्रतिस्पर्धा हुने एउटा मञ्चमा विकास गर्दै लैजाने प्रयत्न भएको थियो। वर्तमानसम्म आइपुग्दा जितका लागि हरेक हतकन्डा अपनाइने, खेलाडीसँगै राज्य नै अवाञ्छित गतिविधिमा संलग्न हुने, राजनीतिको थलो बनाइने, चरम व्यावसायिकता, भ्रष्टाचार, लैङ्गिक असमानता तथा खर्चिलो र भड्किलो प्रसङ्गका पृष्ठ ओलम्पिकको इतिहासमा छ्यापछ्याप्ती छन्।

कुबर्टिनको देश भएकाले फ्रान्ससमक्ष अवसर छ, ओलम्पिकका धुमिल हुँदै गएका मूल्य मान्यतालाई केही हदसम्म भए पनि सजीव बनाउने। स्पष्ट नै छ अहिलेका कतिपय ओलम्पियन अघोषित व्यावसायिक छन्। उनीहरू पैसाका लागि खेल्छन् र ठूलो लगानीले उनीहरूलाई प्रतिस्पर्धाका लागि तयार पारिएको हुन्छ। पैसाबिना खेलको कल्पना नै गर्न नसकिने अवस्था विश्वमा छ तर गरिब देशका खेलाडीले समेत ओलम्पिक पदक जितेका र ठगी गरेर पदक जित्नेहरू पछि लज्जित भएका दृष्टान्त छन्। ओलम्पिक अभियानको मूल्य मान्यतालाई केही हदसम्म जोगाइराख्ने तिनै महान् खेलाडी नै हुन् जसले दिमाग, शरीर र स्वच्छ भावनालाई आत्मसात् गरेर प्रतिस्पर्धामा उत्रन्छन् र सफलता हासिल गर्छन्। खेल भावना बोकेका धेरथोर खेलाडीले 'पोडियम' उभिन नसकेको भए पटक पटक मुर्छित ओलम्पिक अभियान आज इतिहासमा विलीन भइसक्ने थियो। यसर्थ ओलम्पिकलाई जीवित राख्न यसको मर्म मर्न नदिऊँ तथा विश्व शान्ति, भाइबन्धुत्व, समानता र मित्रवत् भावना केन्द्रमा राखेर मात्र प्रतिस्पर्धामा उत्रौँ। ■

काम लाग्ने रहेछ



असार महिनाको युवामञ्चको आवरण पृष्ठमै स्वस्थ भोजन विधि शीर्षक देखेपछि यो अङ्क पढ्नै पर्ने लागेर बानेश्वरको पुस्तक पसलबाट किनेँ। वर्षाको महिना त्यसमा पनि हामी जस्ता घरबाहिर बढी खाना खाने बानी भएकालाई यो लेख साह्रै काम लाग्ने रहेछ। बिहानै जेजस्तो हुन्छ अलिकति खायो अनि अफिस गयो।

अफिसमा बाहिरको खाना र नास्ता खायो। पेट सधैँ ढुस्स भइरहने। डाक्टरलाई देखायो ग्यास्ट्रिकको औषधि सिफारिस गरिदिने। यसरी नै दिन चलिरहेको छ। समस्या ज्युँका त्युँ। खानाको तालमाल नमिलेर भएको हो जस्तो त लाग्थ्यो। युवामञ्चको लेख पढेपछि खानाको व्यवस्थापन नै स्वास्थ्यको मुख्य कुरा हो भन्ने थाहा भयो। सोखका लागि भन्दा पनि जिउनका लागि खाना खानुपर्ने रहेछ। अस्वस्थ खाना र खाने समय नमिल्दा पेटमा समस्या आउने कुरा थाहा भयो। धन्यवाद युवामञ्च। आममानिसको स्वास्थ्यमा परिआउने यस्ता समस्याका बारेमा नियमित रूपमा लेख प्रकाशित होस्।

सुदीप बन्जाडे
नयाँबानेश्वर, काठमाडौँ

शुभकामना

युवामञ्चले असारको अङ्कमा गजब गरेछ। मलाई यो मन पऱ्यो। २०४५ सालमा प्रकाशित आफ्नो पहिलो अङ्कबाट विद्वान् यदुनाथ खनालको युवावस्थाका बारेमा लेखिएको सामग्री साभार गरिएछ। सर्वप्रथम युवामञ्चलाई ३७ औँ वार्षिकोत्सवको शुभकामना। साभार गरिएको यदुनाथ खनालको युवावस्थाको संस्मरण हामीले अरू कहाँ पढ्न पाउँथ्यौँ र ? इतिहास भइसकेका यस्ता प्रेरणादायी सामग्री युवामञ्चले साभार गरेर पाठकसमक्ष नियमित पुऱ्याउन सुझाव दिन्छु।

विश्वम्भर खनाल
बुटवल, रुपन्देही

छपाइ भएन

असार महिनाको युवामञ्च बेलैमा हात लाग्यो। आवरणलाई हेर्दा कति छिटो पढौँ भन्ने लाग्यो तर पाना पल्टाएर हेर्दा पढ्न नै गाह्रो भयो। चस्मा नै चाहिने जस्तो। छपाइ पहिले भन्दा झनै बिग्रिएको देखियो।

पछाडिको पानामा छापिएको छाप अगाडि नै देखिने। तस्बिरहरूसमेत पोतिएका र मसी फुलेका। मान्छे चिन्न नै नसकिने। यस कारण युवामञ्चले राम्रा सामग्री राखेर मात्र भएन, राम्रो छापेर पनि देखाउनु पऱ्यो। छपाइ राम्रो नभएर पढ्न सक्ने भएन भने पत्रिका किनेको के फाइदा ? यसमा युवामञ्चले विचार गर्नै पर्छ।

विशाल गुरुङ
चिप्लेढुङ्गा, पोखरा

सान्दर्भिक लेख



देखिँदैन जुनकिरीको टिमटिम

साँझ उज्यालो छर्दै उड्ने जुनकिरी र भरभर गर्दै उड्ने गाइनेकिरा गाउँघरका खेतबारीमा अचेल कमै देखिन्छन्। यसको मार किसानलाई परेको छ।

■ केशवराज पौडेल

पर्यावरणीय चक्र अनुसार जुनकिरीको सङ्ख्या घट्दै जाँदा उसको मुख्य आहारा मानिने शङ्खेकिराको सङ्ख्या बढेर खाद्यान्न तथा तरकारी बालीमा क्षति हुन थाल्छ। धेरै मानिसलाई अचम्म पनि लाग्न सक्छ, त्यत्रो आकारको शङ्खेकिरा त्यति सानो जुनकिरीको भोजन कसरी बन्छ होला ?

विज्ञहरूका अनुसार जुनकिरीको लार्भाले शङ्खेकिरा खाने गर्दछ। लार्भा भनेको किराको प्रारम्भिक र खन्चुवा अवस्था हो। त्यही अवस्थामा जुनकिरीले शङ्खेकिराको लार्भालाई नष्ट पार्ने गर्दछ। लार्भा अवस्थामा जुनकिरी र शङ्खेकिराको बासस्थान एउटै हुन्छ।

नेपाल कृषिप्रधान देश हो। यहाँका जनताको जीवन कृषिमा निर्भर छ। तैपनि हामीले धेरै खाद्यान्न आयात गर्नु परिरहेको छ। यहाँ उत्पादन हुने कृषिबालीसमेत किरा फट्याङ्ग्राबाट जोगाउन धौ-धौ छ। कीटनाशक प्रयोग गर्‍यो आफ्नै स्वास्थ्यमा हानि। हामीले पढ्दै आएका हौँ प्रकृतिमा पारिस्थितिक सन्तुलन हुन्छ। बालीनालीलाई हानिनोक्सानी पुर्‍याउने किरालाई अर्को किराले खाएर सन्तुलन बनाउँछ।

यस्तै किरा हो जुनकिरी। गाउँघरमा पहिले वर्षायाम सुरु हुन लाग्दा राति जुनकिरी र दिउँसो गाइनेकिरा धेरै देखिन्थे। अचेल यी किरा दुर्लभ जस्तै भएका छन्। यी किराले खाने अनेक खालका कृषिबालीमा लाग्ने किराको प्रकोप बढ्दो छ। युवामञ्चमा केशवराज पौडेलको देखिँदैन जुनकिरीको टिमटिम लेख धेरै नै सान्दर्भिक छ। यसबारेमा राज्यका सम्बन्धित निकायले हितैषी किराको संरक्षणका लागि पहल गर्नुपर्ने देखिन्छ।

हिरण्यबहादुर सिंह
अमरगढी, डडेलधुरा

मन छोयो

'बरामको चुलोमा पितृको बास' शीर्षकले नै मन छोयो। यो लेख नपढी मनले मानेन। फूलबारी स्तम्भमा विगतदेखि नेपालका विभिन्न जातजातिका बारेमा लेखिँदै आएको भए पनि यस लेख बराबरको दम कसैमा थिएन। अन्य जातिले चुलो छोएको खण्डमा पितृ रिसाउने र अशुभ घटना हुने मान्यता बराम जातिमा रहेको थाहा भयो।

वास्तवमा खाना पकाउने ठाउँ शुद्ध र सफा हुनै पर्छ। खाना अशुद्ध र फोहोर भएमा अनेक खालका रोग लाग्छन्। बराममा पितृ रिसाउने जुन मान्यता त त्यो रोगव्याधिबाट सुरक्षित रहन चुलो स्वच्छ र सफा रहनु पर्छ भन्ने वैज्ञानिक भनाइको प्रतिविम्ब हुन सक्छ। जेहोस् खाना पकाउने र खाने दुवै ठाउँ सफा र शुद्ध हुनै पर्छ। समाजमा रहेका यस खालका मूल्य मान्यताका बारेमा युवामञ्चले निरन्तर जानकारी पस्कियोस्।

सङ्गीता दर्नाल
कटुञ्जे, भक्तपुर


मुरी मुरी धन्यवाद

हुइचल र बरामका बारेमा युवामञ्चले लेख प्रकाशित गरेको रहेछ। जानकारीका हिसाबले दुवै लेख उत्तम छन्। वैवाहिक जीवनमा महिला र पुरुषबीच सुखदुःखको बराबर साथ हुनु पर्छ भन्ने गहकिलो सन्देश हुइचलहरूको परम्पराले दियो।

यस्तै नेपालमै बसोबास गर्ने बराम जातिका बारेमा फूलबारी स्तम्भमा दीपक श्रेष्ठले विस्तृत जानकारी दिनुभएको छ। यसका लागि लेखकलाई मुरी मुरी धन्यवाद। यस स्तम्भलाई जारी राख्दै लेखकले आगामी अङ्कमा यसरी नै नेपालका जातजातिका बारेमा ज्ञानवर्धक सामग्री हामीलाई पढ्ने अवसर दिनुहुने छ भन्ने अपेक्षा गरेको छु।

सुनील श्रेष्ठ
सिन्धुलीबजार, सिन्धुली

पेशेवर बनेको ओलम्पिक !



> ओलम्पिकले लामो समय गैरपेशेवर भावना कायम राख्यो पनि तर विश्व परिवेश फेरिँदै गएपछि सन् १९७० को दशकमा ओलम्पिक चार्टरबाट अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले गैरपेशेवर मान्यता त्याग गर्‍यो ।

पियरे डी कुबर्टिनले आधुनिक ओलम्पिकको जग बसाल्ने बेलामा अहिलेको जस्तो प्रतियोगिताको कल्पना गरेका थिएनन् । उनले यस्तो ओलम्पिकको परिकल्पना गरेका थिए जहाँ युवाले आर्थिक लाभको आशाबिना खेल भावनाले ओतप्रोत भएर आपसमा प्रतिस्पर्धा गरून्, जहाँ कुनै किसिमको छलकपट नहोस्, प्राकृतिक क्षमता र सामर्थ्यको मूल्याङ्कन होस् । कुबर्टिनको यस्तो परिकल्पनालाई धेरथोर आत्मसात् गर्दै ओलम्पिक अभियानले १३० वर्ष पार गरेको छ ।

कुबर्टिनले जुन बेला आदर्श भावनाले ओलम्पिक अभियानको सुरुवात गरेका थिए त्यतिबेलाको विश्व परिवेश बेग्लै थियो । प्राचीन ओलम्पिकलाई आधुनिक युगमा जगाउन नै निकै चुनौतीपूर्ण थियो । खेलमा मेहनतभन्दा रोजीरोटीका लागि मेहनत गर्नु नै उत्तम ठानिने बेला थियो त्यो । खेलमा पेशेवर भावना नै थिएन, सङ्गठित खेल खेल्ने मानिसको कमी थियो । त्यस समयमा धनी मानिस मात्र खेल जीवनसँग जोडिएको खर्चको भार थेग्न सक्थे । धनीलाई खेलेबापत मान भए पुग्ने र पैसा खासै नचाहिने तर गरिबलाई खेलेर दुई पैसा आउँछ कि भन्ने लोभ । यस कारण यथार्थमा गैरपेशेवरको प्रारम्भिक परिभाषा सामाजिकस्तरको भिन्नतामा थियो । न्यून आर्थिकस्तरका मानिसलाई पेशेवर खेलाडीका रूपमा परिभाषित गरिन्थ्यो ।


ओलम्पिकले लामो समय गैरपेशेवर भावना कायम राख्यो पनि तर विश्व परिवेश फेरिँदै गएपछि सन् १९७० को दशकमा ओलम्पिक चार्टरबाट अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले गैरपेशेवर मान्यता त्याग गर्‍यो । सन् १९८१ मा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले ओलम्पिक खेलहरूलाई नियन्त्रण गर्ने सम्बन्धित विशिष्ट अन्तर्राष्ट्रिय सङ्घलाई ओलम्पिकको मर्यादा कायम गरिराख्ने उत्तरदायित्व सुम्पिएपछि धेरै सङ्घले व्यावसायिक खेलाडीलाई ओलम्पिकमा भाग लिने अनुमति दिन थालेका थिए र ओलम्पिक आज पूर्ण पेशेवर रूपमा आइपुगेको छ ।

ओलम्पिकमा गैरपेशेवरसम्बन्धी कडा नियमलाई पहिलो पटक सन् १९१२ को स्टकहोम ओलम्पिकमा तोडिएको थियो । अमेरिकाका जिम थोर्पले जितेको स्वर्ण पदक सन् १९१३ मा खोसियो किनभने स्टकहोम ओलम्पिकभन्दा दुई वर्षअघि उनले अर्ध व्यावसायिक बेसबल खेलेर आर्थिक फाइदा लिएका थिए ।

सन् १९५२ देखि १९७२ सम्म अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष रहेका एभ्रे ब्रुन्डेजले ओलम्पिकको भावना बचाइराख्न गैरपेशेवर नियम कडा रूपमा लागू गर्न कदम चाले । उनको विश्वास के थियो भने व्यापारीकरणले स्वच्छ खेलको उच्च प्रेरणालाई नष्ट गर्ने छ, साथै नैतिक विकासमा कमी आउने छ । उनीपछि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले यस विषयमा पुनर्मूल्याङ्कन गर्‍यो । मूल्याङ्कनका क्रममा धनको कमी भएका खेलाडीलाई यस नियमले विभेद गरेको तथा केही देशमा महँगो प्रशिक्षणले वास्तवमा खेलाडीलाई व्यावसायिक बनाएको महसुस अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले गर्‍यो । ■

-युवामञ्च

ओलम्पिक र सञ्चार



एक शताब्दीमा ओलम्पिक खेल आमसञ्चारको प्रविधि विकाससँगै हुर्किएको छ। यथार्थमा ओलम्पिक खेललाई विश्वव्यापी बनाउनमा टेलिभिजनको ठूलो योगदान छ। टेलिभिजनबाट प्रत्यक्ष प्रसारणको गुणवत्ता र व्यापकताले समेत ओलम्पिकलाई पेशेवर खेलाडीहरूको जमघट हुने थलो बनाएको भन्न सकिन्छ।

सन् १९३६ को बर्लिन ओलम्पिकमा पहिलो पटक टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको थियो। खेल अवलोकनका लागि बर्लिनभरि दुई दर्जनभन्दा बढी अवलोकनकक्ष बनाइएका थिए। यद्यपि टेलिभिजनमा तस्बिरको गुणवत्ता निकै खराब थियो। त्यसबेलादेखि ओलम्पिक र टेलिभिजन एक अर्काका पूरक भएका छन्।

पहिलो पटक सन् १९५६ को कोर्टिना शीतकालीन ओलम्पिकबाट टेलिभिजनले प्रत्यक्ष रूपमा अन्तर्राष्ट्रिय प्रसारण गरेको थियो। आठ युरोपेली देशका दर्शकले टेलिभिजनबाट यस ओलम्पिकको प्रत्यक्ष प्रसारण हेरेका थिए।

सन् १९५० को दशकबाट टेलिभिजनको द्रुत विकाससँगै अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले टेलिभिजन प्रसारणको अधिकार बिक्री गरी खेलको खर्च उठाउने, आर्थिक लाभ लिने तथा आफ्ना क्रियाकलाप बढाउने विचार गर्‍यो। यस विषयमा धेरै छलफलपछि सन् १९६० को स्क्वा भ्याली खेलको प्रसारण अधिकार अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले धेरै कम्पनीलाई बिक्री गरेको थियो।

युरोपियन ब्रोडकास्टिङ युनियनले प्रसारण अधिकारका लागि छ लाख ६० हजार अमेरिकी डलर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीलाई भुक्तानी गर्‍यो। त्यतिबेलादेखि टेलिभिजन अधिकारबापतको र प्रसारण अधिकारको रकम बढिरहेको छ। ■

-युवामञ्च

ओलम्पिक मस्कट



बालबालिकालाई ध्यानमा राखेर ओलम्पिक मस्कट बनाउने गरिएको छ। आयोजकले आफ्नो देशको विशेषता झल्कने गरी कार्टोन चरित्रका रूपमा ओलम्पिक मस्कट बनाउने गर्छन्।

सन् १९७२ को म्युनिख ग्रीष्मकालीन ओलम्पिकमा मस्कट बनाउने प्रचलन बसेको हो। ■

-युवामञ्च

ओलम्पिक झन्डा



मुख्य ओलम्पिक झन्डा पेरिसमा रहेको बोन मार्से स्टोरमा बनाइएको थियो। झन्डा तीन मिटर लामो र दुई मिटर चौडा हुन्छ। सन् १९२० को एन्टवर्प खेलमा पहिलो पटक ओलम्पिक झन्डा रङ्गशालामा फहराइएको थियो।

ओलम्पिकको मुख्य झन्डामा ओलम्पिक आदर्श वचन सिट्स, एलट्स र फोर्टस अर्थात् तेज, उत्कृष्ट र बलिष्ठ लेखिएको हुन्छ। ओलम्पिकको समापन कार्यक्रममा आयोजक शहरका मेयरले आगामी आयोजक शहरको मेयरलाई ओलम्पिक झन्डा हस्तान्तरण गर्ने परम्परा रहेको छ। ■

-युवामञ्च



पेरिस फर्कियो ओलम्पिक

ओलम्पिकले विश्व नै खेलकुदमय हुन्छ । पछिल्लो संस्करण टोकियो ओलम्पिकमा कोभिडका कारण ओलम्पिक खेल्ने खेलाडी, समर्थक मात्र होइन जापानी जनता पनि ओलम्पिकलाई लिएर उत्साहित थिएनन् ।

प्रजित शाक्य

सबभन्दा ठूलो खेलकुद मेला ओलम्पिकको ३३ औँ संस्करण धुमधामका साथ आयोजना गर्न फ्रान्सको राजधानी पेरिस तम्तयार छ। पेरिस ओलम्पिक साउन ११ देखि २७ सम्म सञ्चालन हुने छ। यस ओलम्पिकमा चार नौला खेल ब्रेकिङ, स्पोर्ट क्लाइम्बिङ, स्केटबोर्डिङ र सर्फिङ समावेश गरिएको छ। यीमध्ये तीन खेल टोकियो ओलम्पिकमै खेलाइएका थिए। ब्रेकिङले भने ओलम्पिकमा पदार्पण गर्ने छ।

यस मेगा इभेन्टमा दुई सयभन्दा बढी देशका खेलाडी ३२ खेलमा प्रतिस्पर्धाका लागि उत्रने छन्। ३० हजार स्वयंसेवक परिचालन गरिने छ। डोपिङ टेस्टका लागि मात्र छ हजार कर्मचारी हुने छन्। ओलम्पिकका लागि पेरिसमा मात्रै १५ खेल स्थल तयार पारिएको छ। जहाँ ३२ मध्ये २१ खेल सञ्चालन गरिने छ। अन्य खेल पेरिस आसपासका शहरमा सञ्चालन गरिने छ। १७ दिन चल्ने खेल मेलामा ३२९ इभेन्ट्स हुने छन्।

ओलम्पिकलाई खेलको पवित्र प्रतियोगिता मानिन्छ। त्यसैले खेलाडीमा ओलम्पिकमा खेल्ने ठूलो चाहना हुन्छ। इतिहास र यसको उद्देश्यले ओलम्पिकलाई गौरवशाली बनाएको छ। प्राचीनकालमा ग्रिसको एथेन्समा ओलम्पिक खेलिन्थ्यो।

ओलम्पिकले विश्व नै खेलकुदमय हुन्छ। पछिल्लो संस्करण टोकियो ओलम्पिकमा कोभिडका कारण ओलम्पिक खेल्ने खेलाडी, समर्थक मात्र होइन जापानी जनता पनि ओलम्पिकलाई लिएर उत्साहित थिएनन्। किनभने सबैले कोरोना भाइरसको डर मनमा पालेर ओलम्पिक खेलेका




पेरिस ओलम्पिकमा पनि धेरै खर्च हुने देखिएपछि समय समयमा जनताले सरकारविरुद्ध प्रदर्शन पनि गरेका थिए । फ्रान्सको नेसनल अडिटले जनताको करबाट मात्र तीन अर्ब युरो खर्च हुने बताएको छ । पेरिसले ओलम्पिकका लागि केही निर्माण परियोजना तयार भएका छन् । यद्यपि प्रतियोगिताका लागि पेरिसले मुहार त्यत्ति धेरै परिवर्तन गरेको देखिँदैन ।

थिए । यसपालि पेरिसमा ओलम्पिकको उत्साह फेरि फर्केको छ ।

ओलम्पिक खेलकुदको सफल आयोजना चानचुने कुरा होइन । विश्वका शीर्ष खेलाडीले भाग लिने ओलम्पिक आर्थिक दृष्टिकोणले पनि बोझिलो हुन्छ । सुरक्षालगायत अन्य पक्ष पनि उत्तिकै चुनौतीपूर्ण हुन्छन् । ओलम्पिक आयोजना भनेको आफ्नो देश र शहरको भव्यता र सम्पन्नता देखाउने अवसर पनि मानिन्छ । त्यसैले आयोजकले ओलम्पिक आयोजनामा पैसाको खोलो बगाउँछन् ।

पछिल्ला केही ओलम्पिकमा गरिएका खर्च हेरौँ । सन् २०१२ मा लन्डन शहरले १४.५ अर्ब अमेरिकी डलर खर्चबाट भव्य ओलम्पिक सम्भव भएको थियो । ब्राजिलको रियो डि जेनेरियाले चार वर्षपछि आयोजनाका लागि १२ अर्ब अमेरिकी डलर खर्चर गरेर लन्डन ओलम्पिकको बराबरी गर्ने प्रयास गर्‍यो । रियोले सात अर्ब ६० करोड डलर त भौतिक पूर्वाधार र पर्यावरणको सुरक्षामा लगानी गरेको थियो ।



रियो अत्यधिक खर्चका कारण ऋणमा डुब्यो । सन् १९७६ मा मोन्ट्रियलले पनि ओलम्पिक आयोजनामा भएको अत्यधिक खर्चकै कारण रियो जस्तै नियति बेहोरेको थियो । पछिल्लो टोकियो ओलम्पिकमा पनि १५.४ अर्ब डलर खर्च भएको थियो ।

सन् २०१७ मा पेरिसले ओलम्पिक आयोजनाको अधिकार पाउँदा छ अर्ब ६० करोड युरो बजेट छुट्याइएको थियो । अहिले पेरिस ओलम्पिक आयोजनाको आधिकारिक खर्च ९.६ अर्ब डलर रहेको छ ।

सन् १९६० यता हरेक ग्रीष्मकालीन ओलम्पिकको खर्च बजेटभन्दा बढी भएको छ । पेरिस ओलम्पिकमा पनि धेरै खर्च हुने देखिएपछि समय समयमा जनताले सरकारविरुद्ध प्रदर्शन पनि गरेका थिए । फ्रान्सको नेसनल अडिटले जनताको करबाट मात्र तीन अर्ब युरो खर्च हुने बताएको छ । पेरिसले ओलम्पिकका लागि केही निर्माण परियोजना तयार भएका छन् । यद्यपि प्रतियोगिताका लागि पेरिसले मुहार त्यत्ति धेरै परिवर्तन गरेको देखिँदैन ।

ओलम्पिक आयोजनामा खर्च मात्र होइन आम्दानी पनि हुने गर्दछ । ओलम्पिकको आम्दानी भनेको अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) को केही प्रतिशत सहयोग, टेलिभिजन प्रसारणबाट आउने अर्बौं डलर, ओलम्पिकको बहानामा भित्रिने लाखौँ पर्यटन र टिकट बिक्री नै हो । त्यसै पनि पेरिस सबैभन्दा धेरै विदेशी पर्यटक पुग्ने शहर हो । अझ ओलम्पिकको बहानामा पेरिसको वास्तुकला, कला र इतिहास हेर्न एक करोड ५० लाख १५ पर्यटन पेरिस पुग्ने अनुमान छ ।

पेरिस ओलम्पिक एक करोड तीस लाख मानिसले प्रत्यक्ष हेर्ने अनुमान गरिएको छ । टेलिभिजनमार्फत



चार अर्ब मानिसले ओलम्पिक हेर्ने दाबी पनि आयोजकको छ। पेरिस ओलम्पिकका लागि ८० लाख टिकट बिक्री भइसकेको छ।

आयोजकले यसपालि परम्परालाई तोड्नै रङ्गशालाको सट्टा पेरिसको सिन नदीको किनारामा उद्घाटन गर्ने तयारी गरिरहेको छ। जहाँ खेलाडीहरू डुङ्गाबाट पुग्ने छन्। सन् २०१७ मा पेरिसले ओलम्पिक आयोजनाको अधिकार प्राप्त गरेपछि सिन नदीको सरसफाइ गरेर प्रदूषण हटाइएको थियो। यस नदीमा ट्रायथलन र लामो दूरीको पौडी प्रतियोगिता सञ्चालन गरिने छ।

सन् १९२४ मा सिन नदी प्रदूषित भएपछि यहाँ प्रतियोगिता सञ्चालन गर्न सय वर्षको प्रतिबन्ध लगाइएको थियो। जुन यस वर्ष सकिएको छ। यसै गरी आइफल टावरको तल रहेको चाम्प डे मार्समा हुने बीच भलिबलमा पनि ठूलो आकर्षण हुने छ।

पेरिससामु ठूलो चुनौती भनेको सुरक्षा हो। उद्घाटन समारोहमा ड्रोन आक्रमणको चेतावनी आइरहेको छ। जसले गर्दा सरकारले सेन नदीको किनारामा आधा दर्शक घटाइसकेको छ। सुरक्षा व्यवस्थाका लागि करिब २० हजार सैनिक र ४० हजार प्रहरी परिचालन गरिने बताइएको छ। यसबाहेक अन्य देशका थप दुई हजार सैनिक र पुलिस अधिकारीहरू पनि हुने छन्।

राजनीतिक हिसाबले फ्रान्समा अस्थिरता छ। संसदीय चुनावको

ओलम्पिक अभियान अन्तर्गत ग्रीष्मकालीन र शीतकालीन खेल आयोजना हुन्छ। सन् १९३६ मा ग्रीष्मकालीन ओलम्पिकमा मसाल रिले सुरु भए पनि शीतकालीन ओलम्पिकमा सन् १९५२ को ओस्लो खेलबाट मसाल रिले सुरु गरिएको थियो।

ओलम्पिक ज्योति जलाउने कम उमेरका व्यक्ति रोबिन पेरे हुन्। १२ वर्षको उमेरमा पेरेले सन् १९८८ को कल्गेरी शीतकालीन ओलम्पिकमा ज्योति जलाएका थिए। ■ *-युवामञ्च*



चटारो पनि छ। राष्ट्रपति माकरनले चुनाव जुन ३० र जुलाई ७ मा गर्ने घोषणा गरिसकेका छन् तर आइओसीले यसको प्रभाव ओलम्पिकमा नपर्ने बताइसकेको छ।

यसै गरी रुस र युक्रेन युद्धले पनि ओलम्पिकमा प्रभाव पार्ने सम्भावना देखिन्छ। रुस र बेलारुसले ओलम्पिकमा सहभागिता जनाउने छैनन्। यद्यपि आइओसीले तटस्थ खेलाडीका रूपमा रुसी र बेलारुसका खेलाडीलाई पेरिस ओलम्पिकमा आमन्त्रण गरेको छ तर यसको विरोधमा केही खेलाडीले सहभागिता नजनाउने निर्णय गरेका छन्।



पेरिसमा अत्यधिक गर्मी पनि चुनौती हुने छ। गर्मीका कारण खेलाडीको स्वास्थ्यमा असर पर्न सक्छ। पेरिसमा जुलाई–अगस्तमा तापक्रम ३४ डिग्री हुने गर्दछ। यसै गरी आर्द्रता ७० प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ। यसबाहेक विश्वका देखिएको लैङ्गिक विवाद, आर्थिक असमानताको मुद्दा, जातीय तनाव, अश्वेतमाथिको थिचोमिचो र युक्रेन र प्यालेस्टाइनमा मानवताविरोधी गतिविधि पनि पेरिस ओलम्पिकका चुनौती हुन सक्छन्। ▪

प्रदर्शन खेल

आयोजकले आफ्नो विशिष्ट खेल समावेश गर्न पाउने अधिकार अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले प्रदान गरेको छ। यसकारण अमेरिकन फुटबललाई सन् १९३२ को लसएन्जल्स ओलम्पिकमा प्रदर्शन खेलका रुपमा समावेश गरिएको थियो। त्यसपछि सन् १९५६ को मेलबर्न ओलम्पिकमा अस्ट्रेलियाले आफ्नो फुटबल खेललाई प्रदर्शन खेलका रुपमा समावेश गर्‍यो।

ओलम्पिक खेलमा प्रदर्शन खेल बनाउन खोजिएको खेलको अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीद्वारा निर्धारित स्तरसँग मेल खाने अन्तर्राष्ट्रिय छाता सङ्गठन हुनु पर्छ। सन् १९९२ देखि ओलम्पिकमा प्रदर्शन खेल समावेश गरिएको छैन।

ओलम्पिकमा समावेश कतिपय प्रदर्शन खेल पछि नियमित खेल भएका पनि छन्। यस्ता खेलमा ब्याडमिन्टन, बास्केटबल, केनोई/कायाक, तेक्वान्दो, टेनिस र महिलाको जुडो खेल पर्छन्।

ओलम्पिकमा प्रदर्शन खेल

खेल	समावेश मिति
अमेरिकन फुटबल	सन् १९३२
अस्ट्रेलियन फुटबल	सन् १९५६
बेसबल	सन् १९०४, १९१२, १९३६, १९५२, १९५६, १९६४, १९८४ र १९८८
ब्याडमिन्टन	सन् १९७२
बास्केटबल	सन् १९०४
वास्क पेलोटा	सन् १९२४, १९६८ र १९९२
बुडो	सन् १९६४
केनोई/कायाक	सन् १९२४
फिल्ड ह्यान्डबल	सन् १९५२
ग्लाइडिङ	सन् १९३६
कोर्टबल	सन् १९२०, १९२८
लाक्रस	सन् १९२८, १९३२ र १९४८
रोलर हकी	सन् १९९२
तेक्वान्दो	सन् १९९२
टेनिस	सन् १९६८ र १९८४
वाटर स्किइङ	सन् १९७२
महिला जुडो	सन् १९८८ ▪

-युवामञ्च

सन् २०२०, टोकियो

सन् २०२० को जुलाई २४ देखि अगस्त ९ सम्म आयोजना गरिने तयारी भए पनि कोभिड-१९ सर्वमहामारीले गर्दा यो ओलम्पिक समयमै आयोजना गर्न सकिएन। फलतः एक वर्षपछि सन् २०२१ को जुलाई २३ देखि अगस्त ८ सम्म यो ओलम्पिक कडा स्वास्थ्य मापदण्ड अपनाएर सञ्चालन गरिएको थियो।

कोभिड-१९ ले उत्पन्न सन्त्रासलाई हेरेर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले सन् २०२१ मा सञ्चालन गर्ने गरी सन् २०२० को मार्च २४ मा ओलम्पिक स्थगित गरेको थियो। यसरी यसअघि ओलम्पिकलाई कहिल्यै पनि स्थगित गरी पुनः सञ्चालन गरिएको थिएन। बरु खेल नै रद्द गरिएको थियो।





टोकियोमा ढिलै भए पनि ओलम्पिक सञ्चालन गरियो तर पहिलो पटक दर्शकबिना खेल खेलाइए। कोभिड-१९ सर्वमहामारीका कारण टोकियोमा कडा स्वास्थ्य मापदण्ड अपनाइएको थियो। टोकियोमा यो दोस्रो तथा समग्र जापानमा यो चौथो ओलम्पिक हो। यसअघि सन् १९६४ मा टोकियोमा ग्रीष्मकालीन ओलम्पिक, सन् १९७२ मा सपोरोमा हिउँदे ओलम्पिक र सन् १९९८ मा नागानोमा हिउँदे ओलम्पिक आयोजना गरिएको थियो।

एक वर्ष स्थगित गरिएका कारणले गर्दा टोकियो ओलम्पिक विषम सङ्ख्याको वर्षमा आयोजना गरिएको पहिलो तथा सन् १९०० पछि 'लिप' नभएको वर्षमा आयोजित पहिलो ओलम्पिक पनि भयो।

यस ओलम्पिकमा ३ गुणा ३ बास्केटबल, फ्रिस्टायल बिएमएक्स र मिक्स जेन्डर टिम स्पर्धालाई समावेश गरिएको थियो। आयोजकलाई एक पटकका लागि खेल समावेश गर्न दिने प्रावधान अनुसार जापानले बेसबल, सफ्टबल, कराँते, स्पोर्ट्स क्लाइम्बिङ, सर्फिङ र स्केटबोर्डिङ खेल सामेल गर्‍यो।

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	३९	४१	३३	११३
२.	चीन	३८	३२	१९	८९
३.	जापान	२७	१४	१७	५८
४.	ब्रिटेन	२२	२०	२२	६४
५.	रुसी ओलम्पिक कमिटी	२०	२८	२३	७१






अल्जेरियाकी जुडो खेलाडी फतेही नुरिन र उनका प्रशिक्षकलाई अन्तर्राष्ट्रिय जुडो फेडरेसनले १० वर्षका लागि प्रतिबन्धित गऱ्यो । यसको कारण थियो नुरिनले प्यालेस्टाइनको पक्षमा आफू रहेको भन्दै इजरायलका खेलाडीसँग खेल्न अस्वीकार गर्नु । यस्तै सुडानका मोहम्मद अब्दालारासोलले समेत इजरायली खेलाडीसँग खेल्नुभन्दा प्रतियोगिता नै छोड्ने निर्णय लिएका थिए । यस ओलम्पिकमा दुई सय छ देशले भाग लिए भने ३३ खेल समावेश गरिएको थियो ।

सोची ओलम्पिकमा रुसद्वारा राज्य प्रायोजित डोपिङ सञ्चालन गरिएको पर्दाफास भएपछि विश्व एन्टिडोपिङ एजेन्सीले सन् २०१९ मा रुसमाथि प्रतिबन्ध लगाएको थियो । यस कारण रुसको टोलीले ओलम्पिकमा भाग लिन पाएन तर उसका केही खेलाडीले रुसी ओलम्पिक कमिटीको झन्डामुनि सहभागिता जनाउन पाएका थिए । ■


-युवामञ्च

सन् २०१८ को प्योङ चाङ शीतकालीन ओलम्पिकमा सहभागी नर्वेको टिमले गुगल अनुवादका सहायताले १५ सयलाई कोरियाली भाषामा अनुवाद गर्दा झुक्किएर १५ हजार अन्डा मगाएका थिए । ■

-युवामञ्च



दक्षिण अमेरिकाको पहिलो ओलम्पिक



सन् २०१६, रियो डी जेनेरियो

दक्षिण अमेरिकाको पहिलो ओलम्पिक आयोजना अवसर ब्राजिलको यस शहरले प्राप्त गऱ्यो । अगस्त ५ देखि अगस्त २१ सम्म आयोजित यस ओलम्पिकमा २०७ देशका खेलाडी सहभागी भए र २८ खेल समावेश गरिएको थियो । पहिलो पटक कोसोभो, दक्षिण सुडान र शरणार्थी ओलम्पिक टिमले ओलम्पिकमा खेल्ने मौका पाएका थिए । सन् २०१५ मा प्रतिबन्ध लगाइएको कुवेतले भाग लिन पाएन ।

ग्रीष्मकालीन ओलम्पिक भनिए पनि यो ओलम्पिक दक्षिण अमेरिकाको जाडोयाममा आयोजना गरिएको थियो ।

ब्राजिलको अर्थ व्यवस्थामा एकाएक आएको डरलाग्दो मन्दी, रियो शहरमा अपराधीको बिगबिगी र पूर्वाधार निर्माणमा देखिएको लापर्बाहीले गर्दा रियो ओलम्पिकलाई राम्रो मानिएन । त्यसमाथि सङ्कटलाई महासङ्कट बनाउने काम जिका भाइरसको सङ्क्रमणले गरेको थियो ।



सन् २००९ मा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले रियो डी जेनेरियोलाई ओलम्पिक आयोजनाका लागि चयन गर्दा ब्राजिल विश्वको पाँच ठूला अर्थतन्त्रमा पर्दथ्यो । ओलम्पिक आरम्भ गर्ने बेलासम्म ब्राजिल गम्भीर मन्दीको मारमा पऱ्यो । उसका छिमेकी समेत मन्दीबाट ग्रसित थिए र ब्राजिलको अस्थिर राजनीतिले समस्या ल्यायो । पहिलो महिला राष्ट्रपति डिलमा रौसेफ आर्थिक लेनदेन मामिलामा मुछिएर निलम्बितमा परिन् र उनी ओलम्पिकको उद्घाटन समारोहमा समेत सहभागी हुन सकिनन् ।

युरोपामा आप्रवासी सङ्कट तथा अन्य कारणले गर्दा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका खेलाडीलाई ओलम्पिक झन्डामुनि स्वतन्त्र रूपमा भाग लिने अवसर प्रदान गरेको थियो । यसरी ओलम्पिकमा १० खेलाडी शरणार्थी ओलम्पिक टिमको प्रतिनिधित्व गरी खेलेका थिए ।

यस ओलम्पिकमा २७ विश्व कीर्तिमान र ९१ ओलम्पिक कीर्तिमान बने । ती कीर्तिमान आर्चरी, एथलेटिक्स, क्यानोइङ, साइक्लिङ ट्रायक, मोडर्न पेन्टाथलन, रोइङ, सुटिङ, पौडी र भारोत्तोलनमा बनाइएको थियो । ■

-युवामञ्च

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	४६	३७	३८	१२१
२.	ब्रिटेन	२७	२३	१७	६७
३.	चीन	२६	१८	२६	७०
४.	रुस	१९	१७	२०	५६
५.	जर्मनी	१७	१०	१५	४२

सन् २०१२, लन्डन



आधुनिक ग्रीष्मकालीन ओलम्पिक तीनपटक आयोजना गर्ने लन्डन एक मात्र शहर हो। यसअघि यस शहरले सन् १९०८, १९४८ मा ओलम्पिक आयोजना गरिसकेको थियो। जुलाई २७ देखि अगस्त १२ सम्म आयोजित यस ओलम्पिकमा २०६ देश सहभागी भए भने २६ खेलमा प्रतिस्पर्धा गराइएको थियो। ओलम्पिकले पहिलो पटक महिला बक्सिङ खेल समावेश गऱ्यो र यसमा समावेश तीन तौल समूहमा ३६ महिला बक्सिङ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। यसै गरी सन् १९२४ पछि पहिलो पटक टेनिसमा मिश्रित युगल स्पर्धालाई समावेश गरिएको थियो।

अमेरिकाका पौडी खेलाडी माइकल फेल्प्स समग्रमा २२ पदक हासिल गरेर ओलम्पिकमा सर्वकालीन सफल खेलाडी बने। यस्तै जमैकाका युसेन बोल्ट पुरुष सय मिटर दौडमा उपाधि रक्षा गर्ने दोस्रो खेलाडी भए।

साउदी अरब, कतार र ब्रुनाईले पहिलो पटक महिला खेलाडी ओलम्पिकमा पठाएका थिए।

यस ओलम्पिकमा पनि केही विश्व कीर्तिमान बने। आठ खेलमा गरी कुल ३२ विश्व कीर्तिमान बनेका थिए। सबैभन्दा बढी पौडी खेलमा कीर्तिमान बन्यो। चीन, अमेरिका र ब्रिटेनका खेलाडीले सबैभन्दा बढी पाँच-पाँच कीर्तिमान बनाएका थिए।

यस ओलम्पिकमा टी-२० क्रिकेट, नेटबल र उसुलाई प्रदर्शन खेलका रूपमा प्रवेश गराउने कोसिस भएको थियो तर सफलता मिलेन। ■

-युवामञ्च

महिला बक्सिङ सामेल



पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	४८	२६	३०	१०४
२.	चीन	३९	३१	२२	९२
३.	ब्रिटेन	२९	१८	१८	६५
४.	रुस	१८	२१	२६	६५
५.	दक्षिण कोरिया	१३	९	९	३१

सन् २००८, बेइजिङ

एसियाको तेस्रो ओलम्पिक



एसियामा आयोजित तेस्रो ओलम्पिकको गौरव बेइजिङले प्राप्त गर्‍यो। अगस्त ८ देखि अगस्त २४ सम्म आयोजित यस ओलम्पिकमा २०४ देशले सहभागिता जनाए। कुल २८ खेलमा यहाँ प्रतिस्पर्धा भएको थियो। सन् १९८० मा सोभियत सङ्घमा आयोजना गरिएको ओलम्पिकपछि पहिलो पटक कम्युनिस्ट देशमा ओलम्पिक आयोजना गरियो र चीनले यसलाई सफल बनाउन कुनै कमी राखेन।

यस ओलम्पिकका अवसरमा ओलम्पिक मसाललाई सगरमाथाको शिखरमा पुर्‍याइएको थियो। तिब्बती क्षेत्रबाट सगरमाथाको शिखरमा मसाल पुर्‍याउन विशेष रूपमा एक सय आठ किलोमिटर बाटो बनाइएको थियो।

यस ओलम्पिकमा अपूर्व ८७ देशले कम्तीमा एक पदक जिते भने आयोजक देश चीन सर्वाधिक ४८ स्वर्ण पदक जितेर पहिलो भएको थियो। ग्रीष्मकालीन ओलम्पिकको पदक तालिकामा पहिलो स्थान हासिल गर्ने चीन सातौँ देश बन्यो। सन् १९१२ पछि एक पृथक् देशका रूपमा सर्बियाका लागि यो पहिलो ओलम्पिक भयो भने सर्बियाबाट सन् २००६ मा अलग भएको मोन्टेनेग्रोले समेत पहिलो पटक ओलम्पिकमा सहभागिताको अवसर पायो। एक गणतान्त्रिक मुलुकका रूपमा नेपालका लागि यो पहिलो ओलम्पिक भयो। मार्सल आइल्यान्ड, टुभालु, मङ्गोलिया र पनामाले पहिलो पटक ओलम्पिक स्वर्ण पदक जिते भने अफगानिस्तान, मौरिसस, सर्बिया, सुडान, ताजकिस्तान र टोगोले समेत आआफ्नो पहिलो ओलम्पिक पदक जिते।

उद्घाटन समारोहमा उत्तर कोरियाले प्रतिकात्मक रूपमा दक्षिण कोरियासँगै मार्चपास गरेको थियो।

बेइजिङ ओलम्पिकमा १२५ ओलम्पिक र ३७ विश्व कीर्तिमान बनेका थिए। पौडीमै ६५ ओलम्पिक र २५ विश्व कीर्तिमान बने। यस ओलम्पिकपछि पौडीका मात्र दुई कीर्तिमान भङ्ग हुनबाट बचेका थिए। ■

-युवामञ्च

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	चीन	४८	२२	३०	१००
२.	अमेरिका	३६	३९	३७	११२
३.	रुस	२४	१३	२३	६०
४.	ब्रिटेन	१९	१३	१९	५१
५.	जर्मनी	१६	११	१४	४१






Ripley's Believe It or Not!®



ब्राजिलका खेलाडीले यात्रामार्गमा कफी बिक्री गर्दै सन् १९३२ को ओलम्पिकका लागि आफ्नो खर्च जुटाएका थिए ।



सन् २०१३ मा एक रूसी अन्तरिक्षयात्री ओलम्पिक मसाल समातेर अन्तर्राष्ट्रिय स्पेस स्टेसनबाट बाहिर खुला अन्तरिक्षमा निस्केका थिए ।



अमेरिकाको लस भेगासमा वार्षिक रुपमा 'हाउसकिपिङ ओलम्पिक' आयोजना गरिन्छ । यसमा होटलका श्रमिक सहभागी हुन्छन् ।

सन् २००४, एथेन्स

आधुनिक ओलम्पिक पुनः एथेन्स फर्कियो । यसअघि सन् १८९६ मा एथेन्सले आधुनिक ओलम्पिकको पहिलो संस्करण आयोजना गर्ने अवसर पाएको थियो । विश्वका सबै राष्ट्रिय ओलम्पिक कमिटीको टिमले सन् १९९६ को एटलान्टा ओलम्पिकपछि पहिलो पटक यहाँ सहभागिता जनाए । दुई सय एक देशका खेलाडी २८ खेलमा प्रतिस्पर्धा गर्न यहाँ आएका थिए । अनुमान गरेभन्दा छ सय बढी खेलाडीले यहाँ सहभागिता जनाए ।

अफगान टिममा महिला खेलाडी


पेरिस, लन्डन र लसएन्जल्ससरह दुई पटक ओलम्पिक आयोजना गर्ने एथेन्स चौथो शहर भयो । ओलम्पिकमा पहिले अनुपस्थित अफगानिस्तानले महिला खेलाडीसहित पहिलो पटक सहभागिता जनायो । उत्तर कोरिया र दक्षिण कोरियाले एकीकृत कोरियाली झन्डामुनि रहेर मार्चपास गरेर खेलमा प्रतिस्पर्धा गरेका थिए । किरिबाटीले ओलम्पिकमा पदार्पण गर्‍यो भने पूर्वी टिमोर आफ्नो झन्डा लिएर ओलम्पिकमा आयो ।

अगस्त १३ देखि अगस्त २९ सम्म आयोजित यस ओलम्पिकमा ग्रिसको छोटो दूरीका धावक कोस्टान्टिनस केन्टेरिस र इकातेरेनी थानोउले प्रतिबन्धित औषधि प्रयोग गरेको आशङ्कामा गरिने जाँचबाट बच्नका लागि मोटरसाइकल दुर्घटनामा परेको बहाना गरेका थिए । अर्को एउटा घटना पनि चर्चित भयो । त्यो के भने ब्राजिलका म्याराथन धावकलाई दौड सकिन १० किलोमिटर जति बाँकी छँदा आयरल्यान्डका एक पादरीले तानेर भिडमा लगेर गए । तैपनि त्यहाँबाट उम्केर उनले दौड पूरा गरी कांस्य पदक जितेका थिए ।

महिला कुस्तीले यहाँबाट ओलम्पिकमा प्रवेश पायो भने सन् १८९६ मा जुन मार्गमा म्याराथन दौड दौडाइएको थियो त्यही मार्गमा म्याराथन दौड सञ्चालन गरियो । ‘ब्याटल अफ म्याराथन’ बाट यो दौड सुरु गराइएको थियो ।

चीनले पहिलो पटक पुरुषको ट्र्याक एन्ड फिल्डमा स्वर्ण पद जित्यो । लिउ सियाङले शानदार प्रदर्शन गरेर सो दौड १२.९१ सेकेन्डमा दौडेर पदक मात्र जितेनन् सन् १९९३ मा कोलिन ज्याक्सनले बनाएको विश्व कीर्तिमानको पनि बराबरी गरे । यस्तै कसैले पनि बहिष्कार नगरेको ओलम्पिकमा अमेरिकाका पौडी खेलाडी माइकल फेल्प्स छ स्वर्ण र दुई कांस्य गरी कुल आठ पदक जित्ने पहिलो खेलाडी भए । ■

-युवामञ्च



पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	३६	३९	२६	१०१
२.	चीन	३२	१७	१४	६३
३.	रुस	२८	२६	३६	९०
४.	अस्ट्रेलिया	१७	१६	१७	५०
५.	जापान	१६	९	१२	३७

सन् २000, सिड्नी

अस्ट्रेलियाको भूमिमा मेलबर्नपछि दोस्रो पटक ओलम्पिक आयोजना गरियो। आतङ्कवादी आक्रमण हुन सक्ने आशङ्काबीच पनि सिड्नी ओलम्पिक भव्यतासाथ सम्पन्न भएको थियो।

सेप्टेम्बर १५ देखि अक्टोबर १ सम्म आयोजित यस ओलम्पिकमा १० हजार ६५१ खेलाडीले भाग लिए। जुन पछिल्ला कुनै पनि ओलम्पिकको तुलनामा बढी थियो। तीन सय स्पर्धा यस ओलम्पिकमा समावेश गरिएका थिए। १९९ देश तथा चार व्यक्तिगत खेलाडीले सिड्नीमा सहभागिता जनाए। अफगानिस्तानलाई अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले भाग लिन दिएन किनभने त्यहाँका तालिबान शासनले महिलामाथि अत्याचार गरेको र उनीहरूलाई खेलमा भाग लिन नदिएका कारण अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले अफगानिस्तानमाथि प्रतिबन्ध लगाएको थियो।

कोरियाको संयुक्त मार्चपास



आपसी तनाव मत्थर गर्न दक्षिण कोरिया र उत्तर कोरियाका टिमले एकै झन्डामुनि संयुक्त रूपमा मार्चपास गरेका थिए। त्यस्तै भरखरै स्वतन्त्र भएको पूर्वी टिमोरका खेलाडीले त्यत्तिकै मार्च पास गरेका थिए।

अस्ट्रेलियाकी एब्रोजिन (आदिवासी) खेलाडी क्याथी फ्रिम्यानले रङ्गशालामा ओलम्पिक ज्योति प्रज्वलित गरेकी थिइन्। ब्रायट फिसर कयाकमा दुई स्वर्ण पदक जितेर २० वर्षको अन्तरालमा कुनै पनि खेलमा स्वर्ण पदक जित्ने पहिलो महिला खेलाडी भइन्।







अर्को आकर्षण अमेरिकी धाविका मेरियन जोन्सको सफलता भयो। एकै ओलम्पिकमा एथलेटिक्समा पाँच स्वर्ण जितेर जोन्स पहिलो महिला खेलाडीका रूपमा स्थापित भइन्। सय मिटर दौड जितेर विजय यात्रा सुरु गरेकी जोन्सले दुई सय मिटरको दौड सजिलै जितिन्। त्यसपछि जोन्सलाई लङजम्पमा कांस्य पदकमा चित्त बुझाउनु परे पनि ४ गुणा ४०० मिटर रिलेमा उनले स्वर्ण पदक हत्याएकी थिइन्।

जुडो खेलाडी योको तामुरा बार्सिलोना र एटलान्टा ओलम्पिकमा फाइनलमा पराजित भएकी थिइन् तर सिड्नीमा उनले स्वर्ण पदक जितेरै छोडिन्। त्यसै गरी लगातार पाँच ओलम्पिकमा रोइङ खेलमा स्वर्ण पदक जित्ने स्टिभन रेडग्रेभ पहिलो खेलाडी भए।

अमेरिकी सफ्टबल टिमले चामत्कारिक खेल देखाउँदै स्वर्ण पदक जितेको थियो। लगातार तीन खेलमा जुन जुन टिमसँग अमेरिकी टिम पहिले पराजित भयो तिनै टिमलाई पछि पराजित गरेर उसले स्वर्ण पदक जितेको थियो। ■

-*युवामञ्च*

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	३७	२४	३२	९३
२.	रुस	३२	२८	२९	८९
३.	चीन	२८	१६	१५	५९
४.	अस्ट्रेलिया	१६	२५	१७	५८
५.	जर्मनी	१३	१७	२६	५६



टोकियो ओलम्पिक-२०२० का पदक विद्युतीय सामग्री रिसाइकल गरी बनाइएको थियो। यसका लागि ६२ लाख १० हजार मोबाइल फोनसमेत रिसाइकल गरियो। ■

-*युवामञ्च*




हटाइएका खेल

सन् १९२४ मा आएर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले ओलम्पिक खेल कार्यक्रममा नियन्त्रण कायम गरेपछि ओलम्पिकमा केही खेलको यात्रा अवरुद्ध भएको थियो। आधुनिक ओलम्पिकको सुरुमा आयोजक शहरलाई ओलम्पिकमा खेल वा खेल विधालाई समावेश गर्ने विषयमा निर्णय लिने अधिकार हुन्थ्यो तर सन् १९२४ पछि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको निर्णयमा मात्र खेल चयन गरिने भयो र केही खेल बीचमै हराए।



निरन्तरता नपाएका खेल

खेल	समावेश मिति
क्रिकेट	सन् १९००
क्रोक्वेट/रोक	सन् १८९६, १९००
गल्फ	सन् १९००–१९०४
ज्यु डि पम (कोर्ट टेनिस)	सन् १९०८
ल्याकरोज	सन् १९०४–१९०८
पेलोट वास्क	सन् १९००
पोलो	सन् १९००,१९२०,१९२४,१९३६
पावरबोटिङ	सन् १९०८
र्‍याकेट्स	सन् १९०८
रग्बी	सन् १९००,१९०८,१९२०,१९२४
टग अफ वार (ट्र्याक एन्ड फिल्ड)	सन् १९००–१९२०



पहिले आर्चरी र टेनिसलाई पनि ओलम्पिकबाट हटाइएको थियो। सन् १९०० देखि १९२० सम्म विभिन्न स्वरूपमा आर्चरीलाई समावेश गरिएको थियो तर अन्तर्राष्ट्रिय छाता सङ्गठनको अभाव र सर्वमान्य नियमको अभावले गर्दा आर्चरी ओलम्पिक कार्यक्रमबाट हटाइयो । सन् १९३१ मा आर्चरीको अन्तर्राष्ट्रिय सर्वोच्च संस्था स्थापना भइसकेको थियो र पनि सन् १९७२ मा मात्र आर्चरीलाई ओलम्पिकमा पुनः समावेश गराइयो।

त्यस्तै सन् १८९६ देखि १९२४ सम्म ओलम्पिकमा समावेश टेनिस खेललाई ओलम्पिक कार्यक्रमबाट हटाइनुको कारण के थियो भने अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी र इन्टरनेसनल टेनिस फेडरेसनबीच खेलमा पेशेवर शैलीका विषयमा उत्पन्न विवाद साम्य भएको थिएन। सहमतिपछि सन् १९८८ मा टेनिसलाई ओलम्पिक कार्यक्रममा फेरि समावेश गरिएको थियो। ■

-आर्यन थापा

सन् १९९६, एटलान्टा



ओलम्पिकमा फेरि आतङ्ककारी घटना भयो। खेलको भव्य आकर्षणलाई एक बम विस्फोटनको घटनाले फिक्का पारिदियो। बम विस्फोटनमा परी एक महिलाको मृत्यु भने एक स्मारक नष्ट भएको थियो।

जुलाई ९ देखि अगस्त ४ सम्म आयोजित यो ओलम्पिक अमेरिकी भूमिमा आयोजित चौथो ओलम्पिक थियो। यस ओलम्पिकमा १९७ देशले सहभागिता जनाए र २६ खेलमा प्रतिस्पर्धा गराइएको थियो। यस ओलम्पिकबाट बीच भलिबल, सफ्टबल र माउन्टेन बाइक खेलले ओलम्पिकमा प्रवेश पाए। साथै २४ देश पहिलो पटक ओलम्पिकमा सहभागी भए। यहाँ दुई सय र चार सय मिटरको दौड जितेर अमेरिकाका माइकल जोन्सन ओलम्पिक इतिहासमा पहिलो पुरुष खेलाडी भए।

सन् १९८८ मा बेन्जोनसनले क्यानडाको अन्तर्राष्ट्रिय खेल प्रतिष्ठानमा पुऱ्याएको चोटमा डोनोभान बेलीले मलम लगाउँदै पुरुष सय मिटरको दौड ९.८४ सेकेन्डमा दौडेर जितेका थिए। जुन एक कीर्तिमान पनि भयो। कार्ल लुइसले ओलम्पिकमा नवौँ स्वर्ण पदक जित्दै लङजम्प स्पर्धामा विश्व कीर्तिमान धारक माइक पावेललाई पराजित गरेका थिए।

गेल डेभर्सले महिला सय मिटरमा फोटो फिनिसका आधारले मरलियन ओटेलाई पराजित गरेकी थिइन्। सन् १९२८ मा जोनी विरामुलरपछि पौडीमा आफ्नो सय मिटर फ्रिस्टायलको उपाधि सुरक्षित गर्ने रुसका एलेक्स पोपोभ पहिलो खेलाडी भए भने माइकल स्मिथ तीन स्वर्ण र एक कांस्य पदक जितेर ओलम्पिकमा सर्वाधिक सफल आयरिस महिला भइन्।

ओलम्पिकमा स्वर्ण पदक जितेको २८ वर्षपछि मोहम्मद अलीले पार्किन्सन रोगको वास्ता नगरी रङ्गशालामा ओलम्पिक ज्योति जलाएका थिए। ▪



डोनोभान बेली

बिच भलिबल समावेश

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	४४	३२	२५	१०१
२.	रुस	२६	२१	१६	६३
३.	जर्मनी	२०	१८	२७	६५
४.	चीन	१६	२२	१२	५०
५.	फ्रान्स	१५	७	१५	३५

-युवामञ्च

वर्षमै दुई ओलम्पिक





सन् १९९२, बार्सिलोना

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	पूर्व सोभियत सङ्घको संयुक्त टिम	४५	३८	२९	११२
२.	अमेरिका	३७	३४	३७	१०८
३.	जर्मनी	३३	२१	२८	८२
४.	चीन	१६	२२	१६	५४
५.	क्युबा	१४	६	११	३१

यस वर्ष ग्रीष्मकालीन र शीतकालीन ओलम्पिक आयोजना गरिए र यसपछि एकै वर्ष दुवै ओलम्पिक आयोजना गरिएन। शीतयुद्ध समाप्त भएपछिको यो पहिलो ओलम्पिक थियो र तुलनात्मक रूपमा यस ओलम्पिकमा कम विवाद भयो।

स्पेनले तयारीको अनुपम नमुना देखाएको बार्सिलोना ओलम्पिकमा पुरुष सय मिटरको दौड जितेर अमेरिकाका लिनफोर्ड क्रिस्टी त्यस स्पर्धामा स्वर्ण पदक जित्ने ओलम्पिकका सर्वाधिक पाका खेलाडी भए। यस्तै गेल डेभर्सले बिरामीबाट उम्कँदै महिला सय मिटरको दौड जितिन्।

सय मिटर बाधा दौड जितेर पारास्किभ पटौलिदु यस स्पर्धामा स्वर्ण पदक जित्ने ग्रिसको पहिलो महिला भइन्। ओलम्पिकमा अलिकति राजनीतिक हलचल पनि भयो। सन् १९६० पछि दक्षिण अफ्रिका पहिलो पटक ओलम्पिकमा आएको थियो भने एकीकरण भएको जर्मनीको टोलीको सहभागिता पनि रह्यो।

विघटित सोभियत सङ्घको संयुक्त टिमले भाग लिएको थियो। बाल्कन क्षेत्रका बोस्निया-हर्जगोभिना, स्लोभेनिया र क्रोएसियाले आआफ्नो टिमलाई पठाए तर सर्बियालीले अलग्गै भाग लिए।

सन् १९२८ पछि भाग नलिएको लिथुआनियाले यहाँ पहिलो स्वर्ण पदक जित्यो। रोमस डबार्टसले पुरुष डिस्कस थ्रोमा स्वर्ण पदक लिथुआनियालाई दिलाए। उनी सोभियत सङ्घबाट पूर्वओलम्पिक च्याम्पियन पनि थिए। मोरक्कोका खालिद सेखले विवादास्पद ढङ्गले १० हजार मिटरको दौड जिते। खालिदाका साथी हमोउले केन्याका रिजर्ड सेलिम्बोलाई छेकेर खालिदालाई जितको नजिक पुऱ्याएका थिए।

जुलाई २५ देखि अगस्त ९ सम्म आयोजित यस ओलम्पिक १६९ देशका खेलाडीले २५ खेलमा सहभागिता जनाएका थिए। ■

-युवामञ्च



सन् १९८८, सोल

जोन्सनको सनसनी



एसियामा दोस्रो पटक ओलम्पिक आयोजना गरियो तर यो ओलम्पिकमा डोपिङ खुलेर देखा पर्‍यो । क्यानडाका धावक बेन जोन्सनले विश्व कीर्तिमान राख्दै पुरुष सय मिटरको दौड जितेपछि ओलम्पिक इतिहासमा एक सनसनीपूर्ण ठगीको पर्दाफास भयो । जमैकामा जन्मिएका जोन्सनले पछि प्रतिक्रिया दिँदै चोट निको पार्न आफूले औषधि खाएको बताए । दौड जितेपछि जोन्सनको परीक्षण गरिँदा उनले प्रतिबन्धित औषधि स्टेनोलोजोल खाएको प्रमाणित भएको थियो ।

ओलम्पिक तथा क्यानेडेली अधिकारीहरूले जोन्सन बसेको होटलको कोठामै गएर उनीबाट स्वर्ण पदक र उपाधि खोसेका थिए । जोन्सनबाट पदक खोसेर दोस्रो स्थानमा रहेका अमेरिकी धावक कार्ल लुइसलाई सय मिटर दौडको विजेता घोषित गरिएको थियो ।

यो ओलम्पिक शीतयुद्ध अवधिको अन्तिम तथा सोभियत सङ्घ र पूर्वी जर्मनीको समेत अन्तिम सहभागिता हुन गयो किनभने शीतयुद्धको समाप्तिसँगै सोभियत सङ्घ विघटन भयो र पूर्वी जर्मनी पश्चिम जर्मनीमा गाभिएर एकीकृत जर्मनीको उद्भव भयो ।


आफ्ना नङमा विभिन्न रङ लगाउने गरेका कारण बढी प्रख्यात अमेरिकी धावक फ्लोरेन्स ग्रिफिथ जोयनरले अप्रत्याशित


परिणाम निकाल्दै सय, दुई सय मिटर र ४ गुणा १०० मिटर रिले दौडमा स्वर्ण पदक तथा ४ गुणा ४०० मिटर रिलेमा रजत पदक प्राप्त गरिन् । यस क्रममा जोयनरले दुई सय मिटर दौडमा विश्व कीर्तिमान राखेकी थिइन्

तर उनमा प्रतिबन्धित औषधि प्रयोगको शङ्का सधैँ रहिरह्यो र सन् १९९८ मा ३८ वर्षको उमेरमा जोयनरको छारे रोगबाट निसासिएर निधन भएको थियो ।

सेप्टेम्बर २ देखि अक्टोबर १७ सम्म आयोजित यस ओलम्पिकमा पश्चिमा देशहरूभन्दा आफूलाई श्रेष्ठ प्रदर्शन गर्दै सोभियत सङ्घ र पूर्वी जर्मनीले क्रमशः ५६ र ३७ स्वर्ण पदक जिते । सन् १९७२ मा अमेरिकाका मार्क स्पिट्जले सात स्वर्ण पदक जितेर राखेको कीर्तिमानसँग पूर्वी जर्मनीकी क्रिस्टिन ओटोले एक स्वर्ण पदकले बराबरी गर्न सकिनन् भने अमेरिकाका पौडी खेलाडी म्याट बियोन्डीले पाँच स्वर्ण, एक रजत र एक कांस्य पदक जितेका थिए ।







लसएन्जलसमा डाइभिङमा दोहोरो सफलता प्राप्त गर्ने ग्रेग लुगेनिसको टाउको प्रारम्भिक चरणमा बोर्डमा ठोक्किएको थियो । सन् १९९५ मा रहस्य खोल्दै उनले सोल ओलम्पिकको छ महिनापहिले आफूलाई एचआइभी एड्स लागेको बताए र दक्षिण कोरियामा आफूले एड्सको औषधि पनि लगेको जानकारी दिएका थिए ।

६४ वर्षपछि ओलम्पिकमा फर्किएको टेनिस खेलमा जर्मनीकी स्टेफी ग्राफले स्वर्ण पदक जितिन् । भरखरै ओलम्पिकमा प्रवेश पाएको टेबुल टेनिसमा चीन र दक्षिण कोरियाको अधिपत्य रह्यो भने क्यानडाका लागि लेनोक्स लुइसले बक्सिङको सुपर हेविवेटमा स्वर्ण पदक जितेका थिए ।

यस ओलम्पिकमा १६० देशका खेलाडीले २३ खेलमा प्रतिस्पर्धा गरेका थिए । ■

-युवामञ्च

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	सोभियत सङ्घ	५५	३१	४६	१३२
२.	पूर्वी जर्मनी	३७	३५	३०	१०२
३.	अमेरिका	३६	३१	२७	९४
४.	दक्षिण कोरिया	१२	१०	११	३३
५.	पश्चिम जर्मनी	११	१४	१५	४०

सन् १९८४, लसएन्जल्स





शीतयुद्धमा सोभियत सङ्घ गुटले यस ओलम्पिकलाई बदलाका रूपमा लियो। आशा गरिए अनुसार सोभियत सङ्घले लसएन्जल्स ओलम्पिक बहिष्कारवादीहरूको नेतृत्व गर्‍यो। सोभियत सङ्घसहित पूर्वी युरोपका देशले यस ओलम्पिकमा भाग लिएनन्। अल्बानिया, इरान र लिबियाले त्यस गुटको सदस्य नभए पनि स्पष्ट कारण नखुलाएर ओलम्पिक बहिष्कार गरेका थिए। तैपनि १४१ देशका खेलाडीले २१ खेलमा प्रतिस्पर्धा गरे।

पहिलो पटक यसै ओलम्पिकबाट महिला र पुरुष खेलाडीले एक खेलाडी गाउँमा बस्न सुरु गरेका थिए।

सोभियत गुटको प्रतिशोध

अमेरिकी राष्ट्रपति जिमी कार्टरले मास्को ओलम्पिक बहिष्कारको घोषणा गरेका कारण मास्को जान नपाएका कार्ल लुइसले एथलेटिक्समा चार स्वर्ण पदक जिते भने डेले थोमसनले डेकाथलनमा आफ्नो उपाधि पुनः प्राप्त गरेका थिए।

जुलाई २८ देखि अगस्त १२ सम्म आयोजित यस ओलम्पिकमा १५ सय मिटरमा आफ्नो उपाधि सुरक्षित गर्ने सेब कोई पहिलो पुरुष खेलाडी भए। भेलेरी ब्रिस्को हुक पूर्वी जर्मनीकी मरिटा कोचको अनुपस्थितिको फाइदा उठाउँदै दुई सय र चार सय मिटरको दौड जित्ने पहिलो खेलाडी भइन्।

पहिलो पटक ओलम्पिकमा महिला म्याराथन दौड समावेश गरिएको थियो। यस स्पर्धामा अमेरिकाकी जोन बिनोइटले पहिलो भइन्। ■

-युवामञ्च

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	८३	६१	३०	१७४
२.	रोमानिया	२०	१६	१७	५३
३.	पश्चिम जर्मनी	१७	१९	२३	५९
४.	चीन	१५	८	९	३२
५.	इटाली	१४	६	१२	३२

सन् १९८०, मास्को



अमेरिकाको बहिष्कार

ओलम्पिकमा राजनीतिको छाया र परिणाममा बहिष्कारको नीतिले यहाँ पनि पछ्यायो। अफगानिस्तानमा सोभियत सङ्घको आक्रमणलाई लिएर अमेरिकी राष्ट्रपति जिमी कार्टरले अमेरिकी नेतृत्वमा अमेरिका समर्थक धेरै देशले ओलम्पिक बहिष्कार गरेको घोषणा गरेकाले पौडी, इक्वेस्ट्रियन, याचिङ र हकी खेलमा नराम्रोसँग असर परेको थियो। पहिलो पटक स्वघोषित कम्युनिस्ट देशको शहरमा ओलम्पिक आयोजना गरियो। अमेरिकी पक्षधर राष्ट्रहरूले बहिष्कार गरे पनि ८० देशले यहाँ सहभागिता जनाए। कुल २१ खेलमा प्रतिस्पर्धा भएको थियो। ६६ देशले यस ओलम्पिकलाई बहिष्कार गरेका थिए।

जुलाई १९ देखि अगस्त ३ सम्म आयोजित यस ओलम्पिकमा भरखरै स्वतन्त्र भएको जिम्बाब्वेले ओलम्पिकमा पहिलो स्वर्ण पदक जित्यो। गोरा महिलाहरूको हकी टिमले जिम्बाब्वेलाई स्वर्ण पदक दिलाएको थियो। सोभियत समर्थक दर्शकलाई आफ्नो खेलाडीमाथि पोल भल्ट स्पर्धामा पूर्ण विश्वास थियो तर पोल्यान्डका ब्लाडेस्ल कोजाकिविचले विश्व कीर्तिमान राख्दै स्वर्ण जिते। ▪



पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	सोभियत सङ्घ	८०	६९	४६	१९५
२.	पूर्वी जर्मनी	४७	३७	४२	१२६
३.	बुल्गेरिया	८	१६	१७	४१
४.	क्युबा	८	७	५	२०
५.	इटाली	८	३	४	१५

-युवामञ्च



मेक्सिको सिटी ओलम्पिक

ओलम्पिकमा राजनीति

दक्षिण अफ्रिकाको रङ्गभेद नीतिले गर्दा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा जोडदार आवाज उठ्यो र सन् १९६४ मा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले दक्षिण अफ्रिकालाई ओलम्पिकमा प्रतिबन्ध लगायो ।

ओलम्पिक खेलको लक्ष्य विश्वका खेलाडीलाई शान्तिपूर्ण प्रतिस्पर्धामा उतार्नु भए पनि प्रायः खेल राजनीतिबाट प्रभावित हुने गरेको छ । प्राचीनकालमा युद्ध सकिएपछि उत्सवका रूपमा ओलम्पिक खेल आयोजना भए पनि त्यस अवसरमा आगामी युद्धलगायत देशको राजनीति वा व्यक्तिगत राजनीतिमा पनि बहस हुन्थ्यो ।

आधुनिक ओलम्पिकमा सबैभन्दा विवादास्पद ओलम्पिक सन् १९३६ को बर्लिन ओलम्पिकलाई मानिन्छ । त्यसछिका सन् १९८० र १९८४ का ओलम्पिक पनि राजनीतिको चरम हस्तक्षेपको नमुना थिए । जर्मनीका चान्सलर एडोल्फ हिटलरले बर्लिन ओलम्पिकलाई आफ्नो नाजी दलको प्रचारबाजीमा प्रयोग गर्न कुनै कमी बाँकी राखेनन् । उनले अपनाएको गैर–सेमाइट नीतिको विरोध गर्न धेरै देशले खेलको बहिष्कार नै गरे । आर्य जाति सर्वोच्चताको वकालत गर्ने हिटलरलाई पदक वितरणका बेला अमेरिकी अश्वेत खेलाडी जेसी ओवेन्सले विरोध जनाएर हात उठाए । हिटलरले समेत कथित रूपमा स्वर्ण पदक विजेता आवेन्ससँग हात मिलाएका थिएनन् ।

द्वितीय विश्वयुद्धले गर्दा सन् १९४० र १९४४ मा ओलम्पिक आयोजना गर्न सकिएन। सन् १९४८ को लन्डन ओलम्पिकमा द्वितीय विश्युद्धका पराजित शक्ति जर्मनी र जापानलाई भाग लिन दिइएन। त्यसपछि सन् १९५० को दशकमा शीतयुद्ध सुरु भयो। सोभियत सङ्घ पक्षघर र अमेरिका पक्षघर राष्ट्रबीच सन् १९९० सम्म जारी शीतयुद्ध अवधिमा ओलम्पिक समेत त्यसको बाछिटाबाट प्रभावित भयो। सन् १९५६ को मेलबर्न ओलम्पिकमा हङ्गेरीका करिब ४० प्रतिशत खेलाडीले सोभियत सङ्घले आफ्नो देशमा हमला गरेको कारण देखाएर स्वदेश फर्कन मानेनन्।

ओलम्पिकले जसै जसै २० औँ शताब्दीका वर्ष कटाउँदै गयो यससँग मानव अधिकारका कुरा समेत जोडिएर आए। सन् १९६० को दशकमा रङ्गभेद र मानव अधिकारका सवालले ओलम्पिकलाई घेरेको थियो। दक्षिण अफ्रिकाको रङ्गभेद नीतिले गर्दा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा जोडदार आवाज उठ्यो र सन् १९६४ मा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले दक्षिण अफ्रिकालाई ओलम्पिकमा प्रतिबन्ध लगायो। त्यसपछि सन् १९६८ मा मेक्सिको सिटीमा भएको ओलम्पिकलाई अमेरिकी अश्वेत खेलाडीले अमेरिकामा अश्वेतहरूप्रतिको विभेदविरुद्ध आवाज उठाउने मञ्च बनाए। अमेरिकाका अश्वेत खेलाडीहरू टम स्मिथ र जोन कार्लोसले पदक वितरण समारोहमा कालो पन्जा लगाएको हात उठाएर अमेरिकामा अश्वेतहरूको अधिकारका लागि सङ्घर्ष गरिरहेको समूह 'ब्ल्याक प्यान्थर' प्रति समर्थन गरेर विश्व राजनीतिमा सनसनी फैलाएका थिए। त्यसपछि अमेरिकाको दबाब र ओलम्पिकलाई गलत प्रयोजन गरेको आरोपमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले उनीहरूमाथि प्रतिबन्ध लगायो।

लगत्तैको अर्को ओलम्पिकमा झनै कहालीलाग्दो घटना भयो। सन् १९७२ को म्युनिख ओलम्पिक आतङ्कवादको सिकार भयो। प्यालेस्टायन समर्थित आतङ्कवादी समूहले खेलगाउँमा छिरेर इजरायलका केही खेलाडीको हत्या र अपहरण गरे। अपहरितको उद्धारको प्रयासमा उल्टै सबै बन्धक मारिएका थिए। कुल ११ जना इजरायली खेलाडी र पदाधिकारीले यस घटनामा ज्यान गुमाएका थिए। ओलम्पिकमा यो एक कालो दिनका रूपमा चित्रित छ।

आफ्नो रङ्गभेद नीतिका कारणले दक्षिण अफ्रिका ओलम्पिकमा प्रतिबन्धित थियो। प्रतिबिन्धत



बर्लिन ओलम्पिक

दक्षिण अफ्रिकाको भ्रमणमा आफ्नो टिम पठाएर न्युजिल्यान्डले सन् १९७६ को मोन्ट्रियल ओलम्पिकमा समस्या उत्पन्न गरिदियो। कुरा के थियो भने न्युजिल्यान्डको रग्बी टिमले दक्षिण अफ्रिकामा खेलेको थियो र दक्षिण अफ्रिकालाई समर्थन गर्ने टिम भनेर केही देशले निहुँ खोजिहाले। ओलम्पिकमा न्युजिल्यान्ड सहभागी भएको भन्दै अरब देशहरूले मोन्ट्रियल ओलम्पिक नै बहिष्कार गरे।

ओलम्पिकमा राजनीतिको अर्को कठोर अध्याय जोडियो सन् १९८० मा र त्यसपछिको अर्को ओलम्पिकमा। शीतयुद्ध चरम अवस्थामा थियो। अफगानिस्तानमा सोभियत सङ्घले आक्रमण गरेको विरोधमा अमेरिकी पक्षधर राष्ट्रले मास्को ओलम्पिक बहिष्कार गरिदिए। त्यसको लगत्तै सन् १९८४ को लसएन्जल्स ओलम्पिकमा सोभियत सङ्घ र उसका पक्षधरले जवाफ दिए। सोभियत र उसको पक्षधर राष्ट्र कोही पनि लसएन्जल्स ओलम्पिकमा सहभागी भएनन्। सोभियत सङ्घले ओलम्पिक मस्कटमा अमेरिकी परमाणु कार्यक्रमको मजाक उठाएको थियो र सुरक्षा चिन्ताले लसएन्जल्समा सहभागी नहुने जनायो।

सन् १९८८ को सोल ओलम्पिक उत्साहजनक, सबैको समर्थन प्राप्त थियो। सन् १९९० को दशकमा सोभियत सङ्घको विघटनसँगै शीतयुद्धको समाप्तिले ओलम्पिकमा चरम राजनीतिको अन्त्य भएको देखिन्छ। तथापि छिटपुट विरोधका अभ्यास भने भएका छन्। ■

-महेशराज भट्ट

सन् १९७६, मोन्ट्रियल


जुलाई १७ देखि अगस्त १ सम्म आयोजित यो ओलम्पिकमा पनि विश्व राजनीतिको छाया परेको थियो। न्युजिल्यान्डको रग्बी टिमले रङ्गभेद नीति अपनाएको दक्षिण अफ्रिकाको भ्रमण गरेका कारण न्युजिल्यान्डलाई ओलम्पिकमा प्रवेश नदिने मागप्रति अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले वास्ता नगरेपछि तान्जानियाले ओलम्पिकमा सहभागी हुन अस्वीकार गऱ्यो।

उद्घाटन समारोहको पूर्वसन्ध्यामा अफ्रिकाको खेलकुद उच्च आयोगका महासचिव कङ्गोका जेन–क्लाउड गङ्गाले २१ अन्य अफ्रिकी देशले पनि ओलम्पिक बहिष्कार गरेको घोषणा गरे। साथै इराक र गुयनाले पनि ओलम्पिक बहिष्कार गरेका थिए।

राजनीतिको छाया

कमजोर योजना र अनियन्त्रित निर्माण खर्चका कारण इङ्ग्ल्यान्डकी महारानी एलिजावेथले अपूर्ण रङ्गशालामा खेलको उद्घाटन गर्नु पऱ्यो। म्युनिख ओलम्पिकको अप्रिय घटनाका कारण मोन्ट्रियलमा सुरक्षा व्यवस्था निकै कडा पारिएको थियो।

सन् १९०६ को अनधिकृत ओलम्पिकमा न्युयोर्कका पाउल पिलग्रिमले चार सय र आठ सय मिटरको दौड जितेपछि पहिलो पटक क्युवाका अल्बर्टो जुनचान्टोरिनाले यी दुवै स्पर्धामा यहाँ स्वर्ण पदक जिते। रोमानियाकी नादिया कोमानेसीले ओलना कोवर्टको स्थान कहिले पनि प्राप्त गर्न सकिनन् तर १४ वर्षीय कोमानेसी ओलम्पिक जिम्न्यास्टिकमा पूर्ण १० अङ्क प्राप्त गर्ने पहिलो खेलाडी भइन्।


नादिया कोमानेसी



रेड आर्मीका मेजर बोरिस ओनिसेन्कीले बेलायतका सार्जेन्ट जिम फक्सलाई हराए तर जब फक्सले जजलाई सोभियत सङ्घका ओनि सेन्कोले फेन्सिङमा कसैलाई प्रहार नगरी अङ्क प्राप्त गरेको भनी जानकारी गराए, ओनिसेन्कोलाई आधुनिक पेन्टाथलनबाट निष्कासित गरिएको थियो । ओनिसेन्कोले आफ्नो तरबारमा एक इलेक्ट्रोनिक चिप्स लगाएका थिए । यस चिप्सका मद्दतले उनी इच्छाए अनुसार इलेक्ट्रोनिक अङ्क तालिकामा अङ्क जोड्न सक्थे ।

पुरुष पौडीका १३ स्पर्धा १२ अमेरिकी खेलाडीले जितेका थिए भने पूर्वी जर्मनीले महिला पौडी स्पर्धाका १३ मध्ये ११ मा विजय प्राप्त गरेको थियो । १३ वर्षको उमेरमा म्युनिखमा रजत पदक जितेका कोर्निलिया इन्डरले सय मिटर फ्रिस्टायल स्पर्धाको फाइनलमा १० औँ पटक आफ्नो विश्व कीर्तिमान भङ्ग गर्दै स्वर्ण पदक जितेकी थिइन् ।

सन् १९९० मा जर्मनीको एकीकरणपछि इन्डरले रहस्योद्घाटन गर्दै आफ्नो खेल जीवनभरि आफूलाई निरन्तर इन्जेक्सन दिइने गरेको बताइन् । पहिलो पटक ओलम्पिकमा समावेश महिला बास्केटबलमा सन् १९५८ देखि अन्तर्राष्ट्रिय प्रतियोगितामा अपराजित सोभियत सङ्घले उपाधि जितेको थियो ।

जापानी सुटिङ टिमका सदस्य तारो आसो ३२ वर्षपछि जापानको प्रधानमन्त्री चयन भएका थिए ।

यहाँ ९२ देशका खेलाडीले २१ खेलमा प्रतिस्पर्धा गरेका थिए । ■


-युवामञ्च

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	सोभियत सङ्घ	४९	४१	३५	१२५
२.	पूर्वी जर्मनी	४०	२५	२५	९०
३.	अमेरिका	३४	३५	२५	९४
४.	पश्चिम जर्मनी	१०	१२	१७	३९
५.	जापान	९	६	१०	२५

एक पटक एउटा डल्फिनले डुङ्गा वरिपरि ३६ किलोमिटर प्रतिघण्टाको गतिमा पौडेको थियो । ओलम्पिक कीर्तिमानधारी माइकल फेल्प्सभन्दा डल्फिनको यो गति चार गुणा तेज छ । ■

-युवामञ्च



सन् १९७२, म्युनिख

München 1972




ब्ल्याक सेप्टेम्बरको आतङ्क

आधुनिक ओलम्पिकको इतिहासमा यहाँको जस्तो अप्रिय र क्रुर घटना कहिल्यै भएन। एक भव्य प्रतियोगिताका लागि व्यापकस्तरको तयारी थियो तर प्यालेस्टिनी आतङ्कवादीले ११ जना इजरायली खेलाडी र पदाधिकारीको हत्या गरी सनसनी फैलाए। उनीहरूले खेलगाउँमै पसेर इजरायली टोलीका सदस्यको हत्या र अपहरण गरेका थिए। यो काण्डका कारण म्युनिख ओलम्पिक ब्ल्याक सेप्टेम्बर खेलको नामले इतिहासमा लेखिन पुग्यो । अगस्त २६ देखि सेप्टेम्बर ११ सम्म यो ओलम्पिक आयोजना गरिएको थियो।

व्यक्तिगत स्पर्धामा चार र रिलेमा तीन स्वर्ण पदक जितेर अमेरिकाका पौडी खेलाडी मार्क स्पिजले यहाँ इतिहास रचे। युक्रेनका भेलरी बार्जोभले छोटो दूरीको दौडमा विजय प्राप्त गरे भने एडी हर्ट र रे रोबिन्सनले आफ्नो स्पर्धा गुमाउनु परेको थियो। १० हजार मिटरको दौडमा लडे पनि फिनल्यान्डका लेसी भिरेनलाई अन्ततः स्वर्ण पदक प्राप्त भएको थियो। १० वर्षीय लुड्मिला टुरिस्भाले जिम्न्यास्टिकको अल राउन्ड उपाधि जितिन् तर ओल्गा कार्बटले असाधारण खेल देखाएर विश्वको ध्यान आकर्षित गरेकी थिइन्। अल राउन्ड स्पर्धामा बारबाट खसेकी ओल्गाले अर्को दिन त्यही बारमा रजत पदक जितिन्। बिम तथा फ्लोर एक्सरसाइजमा समेत उनले स्वर्ण पदक जितेकी थिइन्।

रेफ्रीका लागि पहिलो पटक ओलम्पिक शपथ सञ्चालन गरियो। यहाँ १२१ देशका खेलाडीले २१ खेलमा प्रतिस्पर्धा गरेका थिए। ■

-युवामञ्च



मार्क स्पिज

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	सोभियत सङ्घ	५०	२७	२२	९९
२.	अमेरिका	३३	३१	३०	९४
३.	पूर्वी जर्मनी	२०	२३	२३	६६
४.	पश्चिम जर्मनी	१३	११	१६	४०
५.	जापान	१३	८	८	२९



■ बोमबहादुर रायमाझी

ओलम्पिक पदक

ओलम्पिक खेलमा पहिलो हुनेलाई स्वर्ण, दोस्रो हुनेलाई रजत र तेस्रो हुनेलाई कांस्य पदक प्रदान गरिन्छ तर आधुनिक ओलम्पिकको सुरुवातबाट यो चलन चलेको चाहिँ होइन। सन् १९०८ मा लन्डनमा भएको ओलम्पिकमा पहिलो पटक स्वर्ण, रजत र कांस्य पदकलाई क्रमशः पहिले, दोस्रो र तेस्रो स्थानका लागि वर्गीकृत गरिएको थियो।

पहिलो र दोस्रो स्थानका लागि दिइने पदकमा प्रयोग गरिएको चाँदी ९२.२ प्रतिशत शुद्ध हुन्छ। स्वर्ण पदकमा ६ ग्राम शुद्ध सुनको मोलम्मा चढाइएको हुन्छ। पदकमा भाग लिएको खेलको नाम पनि लेखिएको हुन्छ र सबै सहभागीले एक उपाधि र ओलम्पिक खेलमा सहभागी भएको प्रशंसा पदकसमेत प्राप्त गर्छन्।



ओलम्पिक पदकको अघिल्लो भागमा एथेन्सको कोलोसियमको पृष्ठभूमिमा हार समातेकी देवी हैलेनिकको चित्र अङ्कित गरिएको हुन्छ। सन् १९७२ को म्युनिख ओलम्पिकदेखि स्थानीय ओलम्पिक आयोजक कमिटीलाई पदकको पछाडिको भागमा आफ्नो रचना बनाउने अनुमति दिइएको थियो। शीतकालीन ओलम्पिकमा दिइने पदक ग्रीष्मकालीन ओलम्पिकभन्दा फरक हुन्छ। प्रत्येक आयोजक कमिटीले आफ्नै किसिमले पदक बनाउँछन्।

सन् १८९६ मा पहिलो आधुनिक ओलम्पिकमा विजेता र उपविजेतालाई मात्र पदक दिइएको थियो। विजेताले त्यस ओलम्पिकमा रजत पदक र जैतुनको एक हाँगा पाएका थिए। त्यस्तै उपविजेतालाई कांस्य पदक र लारेल वृक्षको पातले बनाइएको ताज दिइएको थियो।

सन् १९०० र १९०४ मा ओलम्पिकको आयोजना व्यवस्थित थिएन। सन् १९०० को पेरिस ओलम्पिकमा केही विजेतालाई आयताकार पदक दिइयो तर सबै स्पर्धाका विजेताले पदक पाएनन्। सन् १९०४ को सेन्टलुइस ओलम्पिक विश्व महोत्सव थियो र त्यहाँ पनि पेरिसमा झैँ अवस्था देखियो। ओलम्पियाड शब्द अङ्कित पदक सेन्टलुइसमा दिइयो तर पदक न त सुनको थियो न त सुनौलो रङको थियो।

सन् १९०८ मा पदकलाई व्यवस्थित गरिएको थियो। ओलम्पिक पदक कम्तीमा पनि ६० मिलिमिटर व्यास र तीन मिलिमिटर मोटाइको हुनु पर्छ। ■







सन् १९६८, मेक्सिको सिटी

यस ओलम्पिकमा समेत विश्व राजनीतिको गहिरो प्रभाव परेको थियो। ल्याटिन अमेरिकी क्षेत्रको यो पहिलो ओलम्पिक हो। विद्यार्थीको नेतृत्वमा फ्रान्समा भएको हडतालले जनरल डी गुलेलाई धेरै अप्ठ्यारो परेको थियो। साम्यवादलाई हटाउने चेकोस्लोभाकियाको प्रयासलाई सोभियत सङ्घका ट्याङ्कले दमन गरेको पृष्ठभूमिमा मेक्सिकोमा विद्यार्थी राज्यको सम्पत्ति ओलम्पिकमा खर्च गर्ने कुरामा असहमत थिए र उनीहरूले शृङ्खलाबद्ध विरोध गरे पनि।

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष एभ्रे ब्रुन्डेजले राष्ट्रपति डिएज ओर्डेजलाई ओलम्पिक क्षेत्रहरूमा प्रदर्शन भएमा ओलम्पिक रद्ध गरिने चेतावनीसमेत दिए। राजनीतिक सङ्कटबीच खेलको उद्घाटन सुरु हुनु १० दिनपहिले सेनाले शान्तिपूर्ण ऱ्यालीमा गोली चलायो र करिब तीन सय जना मारिए तर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी यसलाई एक स्थानीय समस्या भएको बताएर पन्छियो।

दुई हप्तापछि अमेरिकाका टमी स्मिथ र जोन कार्लोसले पदक वितरण समारोहमा अमेरिकी राष्ट्रगानका बेला कालो पन्जा लगाएको हात उठाएर अमेरिकामा सङ्घर्षरत अश्वेत समूह 'ब्लायक प्यान्थर' लाई सलाम गरेका थिए। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष ब्रुन्डेजले 'निग्रोद्वारा अमेरिकी झन्डाविरुद्ध घृणित प्रदर्शन' भनेर प्रतिक्रिया जनाए र दुवै खेलाडीलाई आजीवन खेल्न नपाउने गरी ओलम्पिकबाट निकालियो। अमेरिकी अश्वेतहरूको सामाजिक अधिकारका लागि गरिएको त्यस विरोधलाई रजत पदक विजेता अस्ट्रेलियाका पिर नोर्म्यानले समर्थन गरेका थिए।

अक्टोबर १२ देखि अक्टोबर २७ सम्म आयोजित यस ओलम्पिकमा बब निमानले ८.९० मिटर उफ्रेर लङजम्पमा राखेको विश्व कीर्तिमान २३ वर्षसम्म भङ्ग हुन सकेन। पहिलो पटक पूर्वी र पश्चिम जर्मनीले आआफ्नो टिम मैदानमा उतारे। एक सय १२ देशका खेलाडीले १८ खेलमा यहाँ प्रतिस्पर्धा गरेका थिए।

-युवामञ्च



विरोधमा उत्रिए अश्वेत खेलाडी

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	४५	२८	३४	१०७
२.	सोभियत सङ्घ	२९	३२	३०	९१
३.	जापान	११	७	७	२५
४.	हङ्गेरी	१०	१०	१२	३२
५.	पूर्वी जर्मनी	९	९	७	२५

सन् १९६४, टोकियो



ओलम्पिकमा नेपाल

पहिलो पटक एसियाले ओलम्पिकको आयोजना गऱ्यो। सन् १९४० मै ओलम्पिक आयोजना गर्ने मौका पाएको भए पनि टोकियोले विविध कारणले ओलम्पिक सञ्चालन गर्न पाएन। वास्तवमा सन् १९३८ मा चीनमाथि जापानले आक्रमण गरेका कारण उसबाट आयोजना अधिकार खोसेर हेलसिन्कीलाई सन् १९४० मा ओलम्पिक आयोजना गर्न भनिएको थियो तर द्वितीय विश्वयुद्धले गर्दा हेलसिन्की ओलम्पिक आयोजना गर्न असमर्थ भयो र ओलम्पिक रद्ध गरियो।

यस पटक टोकियोले भव्य रूपमा ओलम्पिक आयोजना गऱ्यो। टोकियोले जुडो खेल ओलम्पिकमा समावेश गरेको थियो। साथै भलिबलले पनि ओलम्पिकमा प्रवेश पायो। अक्टोबर १० देखि अक्टोबर २४ सम्म यो प्रतियोगिता सञ्चालन गरियो। पहिलो पटक जुडो र सुमो कुस्ती रङ्गिन टेलिभिजनमा प्रसारण गरिएको थियो। एक ओलम्पिकमा पौडी खेलमा चार स्वर्ण पदक जित्ने १८ वर्षीय डन स्कोल्यान्डर पहिलो खेलाडी भए भने डुवान फ्रेजरले लगातार तेस्रो पटक एक सय मिटर फ्रिस्टायलमा स्वर्ण पदक जितेकी थिइन्।

न्युजिल्यान्डका पिटर स्नेलले पुनः आठ सय मिटर दौड जित्नुका साथै १५ सय मिटरको दौडमा पनि विजय प्राप्त गरेका थिए। यसै गरी बब हेयसले एक सय मिटरको दौड १०.० सेकेन्डमा पूरा गरी विश्व कीर्तिमान राखे। यस स्पर्धामा विजयीको निर्क्योल फोटो फिनिस उपकरणद्वारा गरिएको थियो। यहीँबाट आधिकारिक रूपमा फोटो फिनिस पद्धतिको सुरुवात भयो। पछि गएर व्यावसायिक बक्सिङमा च्याम्पियन भएका जोय फ्रेजरले हेविवेट बक्सिङको उपाधि जिते भने भारतले सातौँ पटक हकीको उपाधि जित्यो।

नेपालले यहीँबाट ओलम्पिकमा भाग लिन सुरु गरेको हो। यस ओलम्पिकमा ९३ देशका खेलाडीले १९ खेलमा प्रतिस्पर्धा गरेका थिए। ■

-युवामञ्च



पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	३६	२६	२८	९०
२.	सोभियत सङ्घ	३०	३१	३५	९६
३.	जापान	१६	५	८	२९
४.	जर्मनीको एकीकृत टिम	१०	२२	१८	५०
५.	इटाली	१०	१०	७	२७

सन् १९६०, रोम





अबिवी बिकिला

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	सोभियत सङ्घ	४३	२९	३१	१०३
२.	अमेरिका	३४	२१	१६	७१
३.	इटाली	१३	१०	१३	३६
४.	जर्मनीको एकीकृत टिम	१२	१९	११	४२
५.	अस्ट्रेलिया	८	८	६	२२

भारतको विजय रथ रोकियो

सन् १९०६ मा माउन्ट विसुवियसमा ज्वालामुखी विस्फोट भएका कारण सन् १९०८ को ओलम्पिक आयोजना गर्न असमर्थ भएको रोमले यस पटक अगस्त २५ देखि सेप्टेम्बर ११ सम्म ओलम्पिक आयोजना गर्‍यो ।

लाइट हेविवेट बक्सिङमा यहाँ स्वर्ण पदक जित्ने क्यासियस क्ले पछि गएर मोहम्मद अलीको नामबाट विश्वमा सर्वाधिक प्रख्यात व्यावसायिक बक्सिङ खेलाडी भए ।

नाङ्गा खुट्टाले दौडिएर इथियोपियाका अबिवी बिकिलाले म्याराथन दौड जितेका थिए । चार वर्षपछि उनले यस स्पर्धामा जुत्ता लगाएर स्वर्ण पदक जिते । अमेरिकाको टेनेसीमा बस्ने २२ सदस्यीय एक परिवारको २० औँ सदस्य विल्मा रुडोल्फले पोलियोबाट पीडित भएर पनि तीन स्वर्ण पदक जितिन् । सन् १९२८ पछि पहिलो पटक महिलाको एथलेटिक्समा लामो दूरीलाई समावेश गरियो र सोभियत सङ्घकी ल्युडमिला सेभेत्सोभाले आठ सय मिटर दौड जितेकी थिइन् ।

पाकिस्तानका नसिर अहमदले फाइनल खेलको १२ औँ मिनेटमा गरेको गोलका कारण ओलम्पिक हकीमा भारतको सन् १९२८ देखिको ३० खेलमा अपराजयको क्रम टुटेको थियो । रङ्गभेद नीति अपनाएका कारण दक्षिण अफ्रिकाले यहीँदेखि ३२ वर्षसम्म ओलम्पिकबाट अलग्गिनु परेको थियो । यस ओलम्पिकमा ८३ देशका खेलाडीले १७ खेलमा प्रतिस्पर्धा गरेका थिए ।


यसै ओलम्पिकमा सय किलोमिटर टिम साइकल दौडमा डेनमार्कका नड यान्सन हृदयाघात भएर लडे र अस्पतालमा उनको मृत्यु भयो । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले पहिलो पटक खेलाडीले शक्तिवर्धक औषधि प्रयोग गरेको बतायो तर त्यसलाई प्रमाणित गर्न सकिएन ।

-युवामञ्च

सन् १९५६, मेलबर्न

दक्षिणी गोलार्द्धको पहिलो यस ओलम्पिक खेलमा सहभागीहरूको सङ्ख्यामा कमी आयो र बहिष्कारका दुई घटना चर्चित भए। नोभेम्बर २२ देखि डिसेम्बर ८ सम्म सञ्चालित यस ओलम्पिकमा राजनीति पनि खुबै भयो। इजिप्ट, इराक र लेबनानले स्वेज नहरमा इजरायलको कब्जालाई लिएर तथा नेदरल्यान्ड्स, स्पेन र स्विट्जरल्यान्डले हङ्गेरीमा सोभियत सङ्घको आक्रमणको विषयलाई लिएर ओलम्पिक बहिष्कार गरे।

अस्ट्रेलियाको बन्देजात्मक कानुनका कारण इक्वेस्ट्रियन स्पर्धा युरोपको स्टकहोममा सञ्चालन गरिएको थियो। ओलम्पिकपछि हङ्गेरीका खेलाडीको एक जमातले सोभियत सङ्घले आफ्नो देशमा आक्रमण गरेको कारण देखाएर स्वदेश फर्कन अस्वीकार गरेका थिए।



दुई महादेशमा खेल

पूर्वी र पश्चिम जर्मनी एकै टिम भएर खेले भने भारतीय पुरुष हकी टिमले लगातार छैटौँ पटक स्वर्ण पदक जितेको थियो। यस ओलम्पिकमा ७२ देशका खेलाडीले १७ खेलमा प्रतिस्पर्धा गरेका थिए।

-युवामञ्च

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	सोभियत सङ्घ	३७	२९	३२	९८
२.	अमेरिका	३२	२५	१७	७४
३.	अस्ट्रेलिया	१३	८	१४	३५
४.	हङ्गेरी	९	१०	७	२६
५.	इटाली	८	८	९	२५



ओलम्पिकमा महिला सङ्घर्ष



ओलम्पिकमा महिलाको प्रतिनिधित्व सहज थिएन। प्राचीन ओलम्पिकमा महिलालाई खेल खेल्न त के रङ्गशालामा खेल हेर्नसमेत अनुमति थिएन। सन् १८९६ मा एथेन्समा भएको पहिलो आधुनिक ओलम्पिकमा पनि महिलाले भाग लिन पाएनन्। सन १९०४ को सेन्टलुइस र सन १९०८ को लन्डन ओलम्पिकमा केही महिलाले प्रतिस्पर्धा गर्ने अवसर पाए तर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले सन् १९१२ मा स्टकहोम ओलम्पिकबाट मात्र महिलालाई आधिकारिक रूपमा



सबैभन्दा मुख्य मुद्दा ओलम्पिकका खेलको अन्तर्राष्ट्रिय सङ्घ र राष्ट्रिय सङ्घहरूमा महिलाको नेतृत्वको रहेको छ ।

ओलम्पिकमा भाग लिने अधिकार दिएको थियो ।

प्राचीन ओलम्पिक खेल महिलालाई हेर्न दिइँदैनथ्यो तर त्यसको कारण पुरुष खेलाडी नाङ्गै हुन्छन् भनेर होइन । महिलाले ओलम्पिक हेर्न नपाउनुको पछाडि कारण थियो– ओलम्पिया ज्युसप्रति समर्पित थियो र त्यसैले त्यो पुरुषका लागि पवित्र स्थल मानिन्थ्यो । पवित्र स्थलभन्दा बाहिर आयोजित हुने रथ दौड भने महिलाले हेर्न पाउँथे ।

प्रायः ओलम्पिकमा महिला सहभागिता मात्र एक तिहाइ हुन्छ । सन् १९८१ मा आएर मात्र फिनल्यान्डका प्रिजो हगम्यान र भेनेजुएलाका फ्लोर इसाभा फोन्सिकालाई पहिलो पटक अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा महिला सदस्य हुने सौभाग्य प्राप्त भएको थियो । सन् १९९७ मा अमेरिकाकी अनिता डिफ्रान्टेज अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको पहिलो महिला उपाध्यक्ष भएकी थिइन् । सन् २०२३ सम्म आइपुग्दा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा महिला सदस्य ४१ प्रतिशत पुगेको थियो ।

तापनि ओलम्पिक अभियानसँग महिला मामिलाको सङ्घर्ष अझै जारी छ । सबैभन्दा मुख्य मुद्दा ओलम्पिकका खेलको अन्तर्राष्ट्रिय सङ्घ र राष्ट्रिय सङ्घहरूमा महिलाको नेतृत्वको रहेको छ । यस समस्यालाई समाधान गर्न अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले सन् १९९६ मा एक प्रस्ताव पारित गर्दै सन् २००० देखि सबै राष्ट्रिय ओलम्पिक कमिटीको निर्णय गर्ने संरचनामा महिलाको स्थान १० प्रतिशत सुरक्षित गर्ने तथा सन् २००५ देखि त्यसलाई २० प्रतिशत बनाउने निर्णय गरेको थियो । महिला सहभागिताको दबाब बढ्दै गएपछि सन् २०२० देखि यो कम्तीमा ३० प्रतिशत कायम गरिएको छ ।

ओलम्पिकमा महिलाले सहभागिता जनाउन लागेको सय वर्षपछि टोकियो ओलम्पिक–२०२० मा सहभागी महिलाको सङ्ख्या लगभग पुरुष बराबर नै थियो । साथै ओलम्पिकमा महिलाले प्रतिस्पर्धा गर्ने खेलको सङ्ख्यासमेत बढेर गएको छ । महिला सहभागी हुने खेलको दर सन् १९९६ को एटलान्टा ओलम्पिकको ३४ प्रतिशतसँग दाँजेर हेर्दा टोकियो–२०२० मा यो दर ४८ प्रतिशत पुगेको हेर्दा ओलम्पिक लैङ्गिक समानता र अग्रसर रहेको बुझ्न सकिन्छ ।

टोकियो ओलम्पिकले लैङ्गिक समानतालाई सबै तहमा कार्यान्वयनमा ल्याउनका लागि उद्घाटन समारोहमा झन्डा उचाल्न एक पुरुष र एक महिला अनिवार्य गरेको थियो । ९१ प्रतिशत राष्ट्रिय ओलम्पिक कमिटीका झन्डावाहक त महिला नै थिए । ▪

–रक्षा कोइराला

ओलम्पिकमा लागेको अमिट दाग

खेलाडीको आवासमै गएर अकस्मात् हमला गरी उद्धार गर्ने एक प्रयास त्यतिबेला असफल भयो जब आतङ्कवादीले टेलिभिजनमा सुरक्षाकर्मी अगाडि बढ्दै गरेको देखे ।



एडोल्फ हिटलरको नाजी प्रचारबाजी र जातिवादले ग्रस्त सन् १९३६ को बर्लिन ग्रीष्मकालीन ओलम्पिकपछि प्रथम पटक जर्मनीमा ओलम्पिक आयोजना गरिरहेको पश्चिम जर्मनीको सरकार आफ्नो प्रजातान्त्रिक प्रणालीको विशिष्टता दर्शाउने तथा कुनै पनि खालको सैन्य उपस्थिति खारेज गर्ने प्रयत्नमा थियो । यस प्रतियोगिताको आयोजनालाई 'द गेम अफ पिस एन्ड जोय' र 'द चियरफल गेम्स' भन्दै पश्चिम जर्मनीले बर्दीधारी सैनिक र प्रहरी होइन कि ओलम्पिकमा निहत्था सुरक्षाकर्मी खटायो ।

ओलम्पिकलाई राजनीतिको अखडा बनाउनेले म्युनिख ओलम्पिकमा कहिल्यै नमेटिने अमिट छाप छोडे । जुन 'ब्ल्याक सेप्टेम्बर' नामको आतङ्कवादी समूहको करतुतका रूपमा 'म्युनिख नरसंहार' भनेर चिनिएको छ । आतङ्कवादी समूहले अप्रत्याशित रूपमा ओलम्पिक गाउँमा प्रवेश गरेर २४ घण्टाभित्र जुन खालको तान्डव देखाए, ओलम्पिक अभियानमा त्यसको दाग लागेको छ ।

लगभग ६० लाख यहुदीको नरसंहार भएको द्वितीय विश्वयुद्ध सकिएको ३० वर्ष नुपग्दै आयोजना गरिएको यस म्युनिख ओलम्पिकमा इजरायलले खेलाडी र अधिकारीहरू गरी पहिलो पटक ठूलो टोली सहभागी गराएको थियो । साइमन रिभले आफ्नो पुस्तक 'वन डे इन सेप्टेम्बर' मा लेखेका छन्, "तीमध्ये धेरैजना ती पूर्वी युरोपेली थिए जसमा अझै पनि नाजी यातना शिविरको शारीरिक र मानसिक घाउ थियो ।"

इजरायली अधिकारीहरूले प्रतियोगितामा सुरक्षा कमजोरी रहेको विषयमा चिन्ता जनाएको कुरा आएको थियो । सन् १९७२ मा न्युयोर्क टाइम्समा प्रकाशित समाचारमा सुरक्षा सतर्कताको कमी रहेको उल्लेख गरियो । जुन खालले आतङ्कवादीहरू ओलम्पिक गाउँसम्म सजिलै पुग्न सफल भए त्यसबाट भावी ओलम्पिकहरूको तयारी र



ट्र्याकसुट लगाएका तथा ग्रिनेड र राइफल राखेको झोला लिएर प्यालिस्टेनी लिबरेसन अर्गनाइजेसनसँग सम्बद्ध आठ आतङ्कवादी त्यहाँ पुगेका थिए ।

सुरक्षा प्रबन्ध परिवर्तन बारेमा सोच्न सम्बन्धित अधिकारीहरूलाई बाध्य पारिदियो ।

ओलम्पिक सुरु भएको १० औँ दिन सन् १९७२ सेप्टेम्बर ५ को राति अँध्यारोको फाइदा उठाएर आतङ्कवादीहरू ओलम्पिक गाउँमा छिरे । ट्र्याकसुट लगाएका तथा ग्रिनेड र राइफल राखेको झोला लिएर प्यालिस्टेनी लिबरेसन अर्गनाइजेसनसँग सम्बद्ध आठ आतङ्कवादी त्यहाँ पुगेका थिए ।

बिहानको ४:३० बजेको थियो आतङ्कवादीहरू इजरायली टोलीको आवासमा पुग्यो । रमाइलो गर्न ओलम्पिक गाउँबाट राति तारबार नाघेर सुटुक्क बाहिर गएका खेलाडी नै फर्केको ठानेर अन्य खेलाडीले आतङ्कवादीलाई चिन्न सकेनन् ।

इजरायलीहरू बसेको ठाउँमा पुग्नासाथ आतङ्कवादीले कुस्तीका प्रशिक्षक मोसे वेनवर्ग र कुस्ती खेलाडी योसेफ रोमानोको तत्काल हत्या गरिदिए । एपीले जारी गरेको समाचार अनुसार रोमानोको अण्डकोष नै उनीहरूले काटिदिए तथा वेनवर्गको शव सडकमा फालिदिएका थिए । घटनाक्रममा केही अधिकारी र खेलाडी बचेर भाग्न सफल भए तर नौ इजरायलीलाई आतङ्कवादीले बन्धक बनाए । बन्धक हुनेमा अमेरिकामा जन्मिएका भारोत्तोलन खेलाडी डेभिड बर्जर र जेभ फ्राइडम्यान, कुस्ती खेलाडी एलिजर हाफिन र मार्क स्लाभिन, ट्र्याक एन्ड फिल्डका प्रशिक्षक अमित्जर सापिरा, सार्पसुटिङका प्रशिक्षक केहट सोर, फेन्सिङ खेलाडी आन्द्रे स्पिटजर, भारोत्तोलनका जज याकोभ स्प्रिङ्गर र भारोत्तोलनका रेफ्री योसेफ गुटफ्रेन्ड थिए ।

उनीहरूले ओलम्पिक गाउँमा पसेर मच्चाएको तान्डवलाई विश्वका ९० करोड टेलिभिजन दर्शकले प्रत्यक्ष हेरे ।

आतङ्कवादीको आफ्ना राजनीतिक कैदी रिहा गर्नुपर्ने माग राखेर बिहान ९ बजेको समयसीमा तोके । यदि यसो भएन भने हरेक घण्टा एक बन्धकलाई मार्ने धम्कीसमेत उनीहरूले दिए । आतङ्कवादीले इजरायली जेलमा रहेका २३४ अरब कैदी र पश्चिम जर्मनीको नियन्त्रणमा रहेका दुई जर्मन आतङ्कवादीलाई मुक्त गर्नुपर्ने माग राखेका थिए ।

आतङ्कवादविरोधी दस्ता त्यहाँ नभएकाले पश्चिम जर्मनीले वार्ताबाट समाधानको बाटो खोज्न थाल्यो । म्युनिखका प्रहरी प्रमुखका साथसाथै जर्मनीका लागि लिबिया र ट्युनिसियाका

राजदूत आतङ्कवादीसँग सहमतिको विन्दु खोज्न छलफलमा सहभागी भए। गार्जियन पत्रिकाका अनुसार बन्धकलाई रिहा गरे असीमित धनराशि दिने प्रस्ताव आतङ्कवादीले अस्वीकार गरिदिए तर उनीहरूले कैयौँ पटक म्यादचाहिँ बढाए।

खेलाडीको आवासमै गएर अकस्मात् हमला गरी उद्धार गर्ने एक प्रयास त्यतिबेला असफल भयो जब आतङ्कवादीले टेलिभिजनमा सुरक्षाकर्मी अगाडि बढ्दै गरेको देखे। त्यहाँको बिजुली नकाटिएकाले पनि यो प्रयास सुरुमै असफल भएको थियो।

यी घटनाक्रममा इजरायलको तत्कालको प्रतिक्रिया थियो, आतङ्कवादीसँग कुनै वार्ता हुँदैन। "यदि हामी झुक्यौँ भने विश्वमा कतै कुनै पनि इजरायलीले आफ्नो जीवन सुरक्षित भएको महसुस गर्ने छैन," इजरायलका प्रधानमन्त्री गोल्ड मायरले त्यतिबेला भनेका थिए।

एकपछि अर्को वार्ता असफल भएपछि 'ब्ल्याक सेप्टेम्बर' नामको आतङ्कवादी समूहले बन्धकसहित आफूहरूलाई कायरोसम्म लैजानुपर्ने माग अगाडि सारे। त्यसपछि आतङ्कवादी र बन्धकलाई दुई वटा हेलिकोप्टरमा राखेर ओलम्पिक गाउँबाट २४ किलोमिटर पर रहेको 'फ्रस्टेनफिल्डब्रुक एयरबेस' मा लगियो। त्यहाँ एउटा जेट विमान उनीहरूको प्रतीक्षामा थियो। त्यहाँ सुरक्षाकर्मीले उद्धारको अर्को प्रयास गरे तर यो प्रयास पनि विफल मात्र भएन रक्तपातमा परिणत भयो। 'सार्पसुटिङ' को कुनै अनुभव नभएको जर्मनीका 'स्नाइपर' पर्याप्त मात्रामा आवश्यक हतियार र उपकरणले सुसज्जित पनि थिएनन्। साथै गुप्तचरी सूचना आदानप्रदान नभएको र एकअर्कासँग सञ्चार सम्पर्कको कमीसमेत भएको अवस्थामा उनीहरूले आतङ्कवादीमाथि गोली चलाए। छानामाथि बसेर सुरक्षाकर्मीले गोली हान्न सुरु गर्दा सुरुमै तीन आतङ्कवादी मरे।

प्रतिउत्तरमा आतङ्कवादीले पनि गोली चलाउन थाले र 'कन्ट्रोल टावर' मा मोर्चा लिएर बसेका जर्मनीका प्रहरी उन्टन फ्लिगरबाउरको गोली लागेर मृत्यु भयो। हेलिकोप्टरमै रहेका सबै नौ जना बन्धक गोली प्रहार र ग्रिनेड विस्फोटले गर्दा मारिए।

'ब्ल्याक सेप्टेम्बर' का नेता लुटिफ अफिफ र चार जना अन्य आतङ्कवादीसमेत मारिए भने तीन जना सुरक्षाकर्मीद्वारा समातिए।

यस घटनालगत्तै ओलम्पिक खेल ३४ घण्टाका लागि स्थगित गरियो। सेप्टेम्बर ६ मा ओलम्पिक रङ्गशालामा तीन हजार खेलाडी र ८० हजार दर्शकको उपस्थितिमा शोक सभा आयोजना गरिएको थियो। इजरायली टोलीका बचेका सदस्यले म्युनिखबाट बिदा लिए। सात स्वर्ण पदक जितिसकेका अमेरिकी यहुदी पौडी खेलाडी मार्क स्पिट्जले समेत उनीहरूसरह स्वदेश फर्किए। इजिप्ट, फिलिपिन्स



गुप्तचरी सूचना आदानप्रदान नभएको र एकअर्कासँग सञ्चार सम्पर्कको कमीसमेत भएको अवस्थामा उनीहरूले आतङ्कवादीमाथि गोली चलाए ।

र अल्जेरियाको टोलीले पनि इजरायली कदम पछ्याएका थिए ।


एक महिनापछि लुफ्तान्सा एयरलाइन्सको फ्लाइट ६१५ लाई आतङ्कवादीले अपहरण गरे । विमानका बन्धकको मुक्तिका लागि म्युनिखमा समातिएका तीन जना आतङ्कवादीलाई छाड्नु परेको थियो । ती आतङ्कवादी लिबिया पुग्दा उनीहरूको जोडदार स्वागत गरिएको खबर रियुटर्सले जारी गरेको थियो ।

यसबीच प्रधानमन्त्री मायर र इजरायलले म्युनिख काण्डका मुख्य योजनाकारलाई मार्न मोसादको एक गोप्य अभियान 'अपरेसन राथ अफ गड' चलाएर प्रतिउत्तर दिए । म्युनिख हत्याकाण्डपछिका महिनामा कैयौँ शङ्कास्पद व्यक्तिको हत्या भयो । सन् १९७३ मा एक निर्दोष व्यक्ति नर्वेमा मारिएपछि यस अभियानलाई स्थगित गरिएको थियो । यस अभियानको समापन त्यतिबेला भयो जब सन् १९७९ मा 'ब्ल्याक सेप्टेम्बर' का प्रमुख सञ्चालक अली हसन सलामेहको सन् १९७९ मा कार बममा परेर मृत्यु भयो । ■

–युवामञ्च



सन् १९०४ को सेन्टलुइस ओलम्पिकको म्याराथन दौडको लक्ष्यमा पुग्ने पहिलो खेलाडी थिए फ्रेड लोरेज तर उनले दौडका बेला साढे १७ किलोमिटर दूरी कारमा बसेर पूरा गरेको थाहा भएपछि उनलाई अयोग्य घोषणा गरिएको थियो । त्यसपछि दोस्रो स्थानमा रहेका टम हिकलाई विजेता घोषणा गरियो । उनको काम पनि कम थिएन । उनले शक्ति मिलोस् भनेर दौड्दै गर्दा 'एग ह्वाइट्स ब्रान्डी' र मुसाको विष खाएका थिए । यसै गरी क्युबाका फ्लेक्स कार्भाजलले दौडका बेला एकछिन थकाइ मार्न सडक छेउमा निदाए पनि चौथो स्थान हासिल गरेका थिए । ■



सन् १९५२, हेलसिन्की



इजरायलको प्रवेश

सन् १९४४ मै ओलम्पिक आयोजना गर्ने तय गरिएको भए पनि द्वितीय विश्वयुद्धले गर्दा ओलम्पिक आयोजना गर्नबाट चुकेको हेलसिन्कीले यस पटक फेरि अवसर पायो तर यस ओलम्पिकलाई शीत युद्ध खेल पनि भनिन्छ। ४० वर्षको अन्तरालपछि सोभियत सङ्घले पहिलो पटक ओलम्पिक खेलमा भाग लियो भने जापान र जर्मनीलाई खेलमा पुनः प्रवेश दिइयो। इजरायलले पहिलो पटक ओलम्पिकमा खेल्ने मौका पायो। साथै पहिलो पटक इन्डोनेसिया पनि तीन खेलाडी लिएर ओलम्पिकमा सहभागी भयो। चीनले पनि ओलम्पिकमा पहिलो सहभागिता जनायो तर यसपछि लामो समय चीन खेलबाट अलग्गै बस्यो र सन् १९८४ को लसएन्जल्स ओलम्पिकमा मात्र फर्केको थियो। यहाँ ६९ देशका खेलाडीले १७ खेलमा प्रतिस्पर्धा गरेका थिए।

तर जुलाई १९ देखि अगस्त ३ सम्म सञ्चालित यस ओलम्पिकमा सोभियत खेलाडीहरू र सोभियत समर्थित पूर्वी युरोपका खेलाडीहरू अलग्गै खेलगाउँमा बसेका थिए। प्रतियोगिताको पाँच हजार, १० हजार मिटर र म्याराथन दौडमा गरी इमेल जाटोपिकले तीन स्वर्ण पदक जिते। उनले म्याराथन दौडमा पहिलो पटक स्पर्धा गरेका थिए र उनकी श्रीमती डानाले पनि ज्याभ्लिन थ्रोमा स्वर्ण पदक जितिन्।

आठ वर्षपहिले २४ वर्षको उमेरमा पोलियोबाट पीडित भएकी डेनमार्ककी लिस हटेएलले इक्वेस्ट्रियनमा रजत पदक जितिन्। घुँडाभन्दा तल पक्षाघात भएकी इमेल अन्य व्यक्तिको सहयोगले घोडा चढ्थिन्। उनले सन् १९५६ मा स्टकहोममा पनि रजत पदक जितेकी थिइन्। पछि गएर व्यावसायिक विश्व हेभिवेट बक्सिङ च्याम्पियन भएका अमेरिकाका फ्लोयड याटरसनले मिडिलवेटमा पदक जिते र स्विडेनका इनजेमर जोहानसलाई हेविवेटको फाइनल खेलमा अयोग्य घोषित गरिएको थियो।

यस्तै सिकागोकी बार्बरा जोन्सले १५ वर्षको उमेरमा अमेरिकी ४ गुणा १०० मिटर रिले टोलीमा सहभागी भई स्वर्ण पदक जितेपछि ओलम्पिक स्वर्ण पदक जित्ने उनी कान्छी खेलाडी भइन्।



पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	४०	१९	१७	७६
२.	सोभियत सङ्घ	२२	३०	१९	७१
३.	हङ्गेरी	१६	१०	१६	४२
४.	स्विडेन	१२	१३	१०	३५
५.	इटाली	८	९	४	२१

-युवामञ्च

सन् १९४८, लन्डन

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	३८	२७	१९	८४
२.	स्विडेन	१६	११	१७	४४
३.	फ्रान्स	१०	६	१३	२९
४.	हङ्गेरी	१०	५	१२	२७
५.	इटाली	८	११	८	२७



जर्मनी र जापान प्रतिबन्धित

द्वितीय विश्वयुद्ध सुरु भएकाले सन् १९४० को ओलम्पिक आयोजना गर्न सकिएन। सन् १९४० मा ओलम्पिक टोकियोमा हुने तय थियो तर युद्धले लगातार दुई ओलम्पिक आयोजना गर्न सकिएन। सन् १९४८ को ओलम्पिक जुलाई २९ देखि अगस्त १४ सम्म लन्डनमा आयोजना गर्ने निधो भयो। अन्ततः ४० वर्षपछि लन्डनले फेरि ओलम्पिक आयोजना गर्‍यो। युद्धले गर्दा सन् १९४४ मा हेलसिन्कीमा आयोजना गर्न तय गरिएको ओलम्पिकसमेत रद्ध गरिएको थियो।



लन्डनमा जर्मनी र जापानलाई आमन्त्रण गरिएको थिएन । सोभियत सङ्घले ओलम्पिकमा भाग नलिने निर्णय गरेको थियो तर अन्य साम्यवादी देशले ओलम्पिकमा भाग लिए। इजरायलले ओलम्पिकमा भाग लिनका लागि अनुरोध गर्‍यो तर एक देशका रूपमा पहिचान नपाएको बताएर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले इजरायललाई प्रवेश दिएन।

लन्डनमा नेदरल्यान्ड्सकी फेनी ब्लाकर्स-कोएन एक ओलम्पिकमा चार पदक जित्ने पहिलो महिला खेलाडी भइन्। उनले एक सय र दुई सय मिटरको दौडमा तथा ८० मिटरको बाधा दौड र ४ गुणा १०० मिटर रिलेमा स्वर्ण पदक जितेकी थिइन्।

दुई छोरीकी आमा फेनीले हाइजम्प र लङजम्पमा भाग लिएको भए थप दुई पदक जित्न सक्थिन्।

एलिस कोचम्यानले महिला हाइजम्पमा स्वर्ण पदक जितिन् र ओलम्पिकमा स्वर्ण पदक जित्ने उनी पहिला अश्वेत खेलाडी भइन्। त्यस्तै १७ वर्षको उमेरमा बब मेथिअसले डेकाथलनमा स्वर्ण पदक जितेका थिए।

यस ओलम्पिकमा ५९ देशले सहभागिता जनाए र १९ खेलमा प्रतिस्पर्धा गराइयो। ■

-युवामञ्च



सन् १९३६, बर्लिन

हिटलरको दम्भ

लस एन्जल्स ओलम्पिक खेलपछि जर्मनीमा शक्तिमा आएका एडोल्फ हिटलरले आर्य जाति श्रेष्ठ रहेको प्रचारबाजीका लागि ओलम्पिकलाई माध्यम बनाए । यहीँबाट ओलम्पिक मसाल रिलेको प्रचलन पनि सुरु भयो ।

ओलम्पिक खेलको पहिलो पटक प्रत्यक्ष टेलिभिजन प्रसारण सुरु गरियो । अगस्त १ देखि १५ सम्म सञ्चालित यस ओलम्पिकलाई श्यामश्वेत टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरियो र रेडियोको प्रसारण त ४१ देशसम्म पुगेको थियो ।

जर्मनीले पुरुष ट्र्याक एन्ड फिल्डमा मात्र पाँच स्वर्ण पदक जित्यो र जिम्न्यास्टिक, रोइङ र इक्वेस्ट्रिन खेलको मद्दतबाट कुल ८९ पदक जितेर जर्मनी अमेरिकालाई दोस्रो (५६ पदक) स्थानमा पछार्न सफल भएको थियो ।

नाजी सञ्चार माध्यमबाट अश्वेत सहायक सेना भनी व्याख्या गरिएका जेसी ओवेन्स र अन्य अश्वेत अमेरिकी खेलाडीको प्रदर्शनले हिटलरको नीतिलाई निकै चोट पुग्यो । ओवेन्सले चार स्वर्ण पदक जितेर हिटलरको आर्यहरू श्रेष्ठ हुन् भन्ने मतलाई चुनौती दिएका थिए ।

यस ओलम्पिकमा ४९ देशले सहभागिता जनाए र १९ खेल समावेश गरिएको थियो । ■ *-युवामञ्च*




पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	जर्मनी	३८	३१	३२	१०१
२.	अमेरिका	२४	२१	१२	५७
३.	हङ्गेरी	१०	१	५	१६
४.	इटाली	९	१३	५	२७
५.	फिनल्यान्ड	८	६	६	२०

सन् १९३२, लसएन्जल्स

आर्थिक मन्दीको प्रभाव



पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	४४	३६	३०	११०
२.	इटाली	१२	१२	१२	३६
३.	फ्रान्स	११	५	४	२०
४.	स्विडेन	१०	५	९	२४
५.	जापान	७	७	४	१८

सन् १९०६ पछि आयोजना स्थलको दूरीका कारण पहिलो पटक ओलम्पिकमा भाग लिनेको सङ्ख्या घट्यो । ठूलो आर्थिक मन्दीका कारणले पनि कतिपय देश जुलाई ३० देखि अगस्त १४ सम्म आयोजित यस ओलम्पिकमा सहभागी भएनन् । जसका कारण ३७ देशले भाग लिए र कुल १४ खेल यसमा समावेश गरियो । यतिसम्म कि तत्कालीन अमेरिकी राष्ट्रपति हर्बर्ट हुबरसमेत ओलम्पिक कार्यक्रममा देखिएनन् ।

यस ओलम्पिकको खेलाडीगाउँमा पुरुष खेलाडी मात्र बसे भने महिला खेलाडीलाई होटलमा बसाइयो । साथै पहिलो पटक ओलम्पिकमा विजेता खेलाडीलाई पुरस्कृत गर्न 'पोडियम' बनाइएको थियो । ओलम्पिक 'मस्कट' बनाउने थालनी पनि यही ओलम्पिकबाट भयो ।

राम्रो वातावरणले गर्दा ओलम्पिक एथलेटिक्समा लङजम्पबाहेक प्रत्येक स्पर्धाका कीर्तिमान टुटे । बेबी डिरिक्सनले अद्वितीय क्षमता देखाउँदै ८० मिटर वाधा दौडको उपाधि जितिन् । साथै उनले ज्याभ्लिनमा स्वर्ण र हाइजम्पमा रजत पदक जितेकी थिइन् । अधिकारीहरूले उनलाई अन्य दुई स्पर्धामा भाग लिनबाट रोकेका थिए ।

जापानले यहाँ पुरुष पौडीमा पाँच स्वर्ण पदक जित्यो । खेलभन्दा केही पहिले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले घोषणा गर्दै नुरमीलाई भाग लिनबाट वञ्चित गरिएको बताएको थियो । ■

-युवामञ्च





■ रतन भण्डारी

ओलम्पिकको ऐतिहासिक पृष्ठभूमि

विश्वको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता हो ओलम्पिक। 'ओलम्पिक्स' भनेर पनि चिनिने यो प्रतियोगिता प्रत्येक चार वर्षमा आयोजना गरिन्छ। अन्तर्राष्ट्रिय खेलकुद जगत्को कुम्भ मेला मानिने यस प्रतियोगितामा विश्वका खेलाडी प्रतिस्पर्धामा उत्रन्छन्।

प्राचीन ग्रिसबाट सुरु भएको ओलम्पिक बीचमा लामो कालखण्ड आयोजना हुन सकेन। पछि सन् १८९६ मा ओलम्पिक खेल पुनः सञ्चालनमा आयो। यतिबेला ओलम्पिक ग्रीष्मकालीन र शीतकालीन गरी दुई भागमा विभाजित छ।



प्राचीन ओलम्पिक

ओलम्पिक खेलको इतिहास प्राचीन ग्रिससँग जोडिएको छ। ओलम्पिक खेलको उत्पत्ति ग्रिसको पौराणिक कथामा आधारित रहेको देखिन्छ। ग्रिसको प्रचलित पौराणिक कथामा हेराक्लेस र उनका पिता जियुसलाई ओलम्पिकको प्रारम्भकर्ता मानिएको छ। पौराणिक कथा अनुसार हेराक्लेसले आफ्नो बारह श्रम पूरा गरेपछि 'ओलम्पिक' रङ्गशाला निर्माण गरी जियुसको सम्मानमा खेल प्रतियोगिता आयोजना गरेका थिए।

प्राचीन ओलम्पिक इसापूर्व ७७६ मा पहिलो पटक 'ओलम्पिया' शहरमा आयोजना भएको थियो। यो तथ्य ओलम्पियामा पाइएका अभिलेखमा उल्लेख छ। जसमा हरेक चार वर्षमा आयोजना गरिने 'फुटरेस' का विजेताको नाम पनि समावेश छ।

धार्मिक र सांस्कृतिक पक्षसमेत बोकेको यो खेल

सुरुमा देवता जेयुस र पौराणिक राजा पेलोप्सको सम्मानमा आयोजना गरिन्थ्यो। ओलम्पिया शहरमा भगवान् जेयुसको विशाल मन्दिर थियो। जहाँ खेलकुदको उद्घाटन समारोहमा बलि चढाइन्थ्यो। खेलाडी र दर्शकले भगवान् जेयुसको पूजा गरेर खेलकुदको शुभारम्भ गर्थे। पेलोप्स राजा ओइनोमाउस रथ दौडका लागि प्रसिद्ध थिए। प्रतियोगिताका विजेतालाई कविता र मूर्तिमा अमर गरिन्थ्यो। पुरस्कारमा कर माफ गर्ने, विशिष्ट स्थानमा बस्न दिने जस्ता कार्य पनि समावेश हुन्थे । जस्तै एथेन्सले ओलम्पिक विजेतालाई विशिष्ट नागरिक बसोबास गर्ने क्षेत्र पाइर्टेनियममा बिनाशुल्क बस्न दिन्थ्यो।

प्राचीन ग्रिसमा चार ठूला खेल उत्सव सम्पन्न हुन्थ्यो । इस्थमियन्स, निमियन्स, पाइथियन्स र ओलम्पिक खेलमध्ये ओलम्पिक बढी लोकप्रिय थियो। धार्मिक उत्सव बनेको ओलम्पिक प्रत्येक चार वर्षमा ओलम्पिया भन्ने स्थानमा सञ्चालन गरिन्थ्यो। चारवर्षे अन्तराललाई ओलम्पियाड भनिन्थ्यो र यसै आधारमा प्राचीन ग्रिस इतिहासको गणना गरिन्छ। पहिलो ओलम्पिकमा छोटो दूरीको दौड एक मात्र खेल समावेश भए पनि पछिका ओलम्पिकमा डिस्कस, ज्याभ्लिन थ्रो, ब्रोड जम्पिङ र कुस्तीलाई समावेश गरियो।





पहिलो ओलम्पिकमा दौडको दूरी दुई सय गज मात्र थियो । समयको प्रवाहसँगै ओलम्पिकको महत्त्व खेलका रूपमा बढ्न थाल्यो र अन्य खेल पनि ओलम्पिकमा समावेश गरिए । इसापूर्व ७२४ मा रङ्गशालामा दोब्बर दूरीको दौड समावेश गरिएपछि इसापूर्व ७२० मा लामो दूरी (झन्डै २.५ माइल) को दौड ओलम्पिकमा समावेश गरिएको थियो।

ओलम्पिकमा कुस्ती र पेन्टाथलन इसापूर्व ७०८ मा, बक्सिङ ईसा पूर्व ६८८ मा, रथ दौड इसापूर्व ६८० मा र पेन्क्रेटियन (बक्सिङ र कुस्तीको संयुक्त रूप) इसापूर्व ७४८ मा समावेश गरिएका थिए।

प्राचीन ओलम्पिक खेल इसापूर्व ७७६ बिसीमा सुरु भएको मानिएको छ तापनि त्यसको कम्तीमा पनि एक शताब्दीपहिले ओलम्पिक खेल गतिविधि सुरु भइसकेको थियो । ग्रिसको एक दन्त्यकथा अनुसार महान् हर्क्युलस (रोमन भाषा) ले इलिसको ओलम्पियामा एक दौड जितेका थिए । त्यसपछि उनैले प्रत्येक चार वर्षमा दौड सञ्चालन गर्ने आज्ञाप्ति जारी गरे। एक अर्को कथा अनुसार स्वर्गको सम्प्रभुताका लागि

प्रचलित कथन अनुसार इसापूर्व ८८४ सम्म ओलम्पिक उत्सव स्थानीय धार्मिक कार्यका रूपमा स्थापित रहेको थियो। ग्रिसमा प्रत्येक चार वर्षको कालखण्डलाई ओलम्पियाड भनिन्थ्यो र ओलम्पिक प्रत्येक ओलम्पियाडको प्रारम्भको प्रतीक थियो।



जेयुसले क्रोनसलाई पराजित गरेपछि आफैँ खेल उत्सवको सुरुवात गरेका थिए ।

अर्को प्रचलित कथन अनुसार इसापूर्व ८८४ सम्म ओलम्पिक उत्सव स्थानीय धार्मिक कार्यका रूपमा स्थापित रहेको थियो । ग्रिसमा प्रत्येक चार वर्षको कालखण्डलाई ओलम्पियाड भनिन्थ्यो र ओलम्पिक प्रत्येक ओलम्पियाडको प्रारम्भको प्रतीक थियो ।

प्राचीन ओलम्पिक खेल सुरु हुनुभन्दा एक महिनापहिले खेलाडीले इलिसमा आइपुग्नु पर्थ्यो । जहाँ जजहरूको सुपरिवेक्षणमा खेलाडीलाई अलौकिक, नैतिक र शारीरिक अभ्यास गराइन्थ्यो । अभ्यासपछि जजहरूले खेलाडीको मूल्याङ्कन गरी ओलम्पिकमा प्रतिस्पर्धा गर्ने खेलाडीको चयन गर्थे । ओलम्पिकमा सहभागी हुने हरेक खेलाडीले ओलम्पिक शपथ खाने चलन त्यस बेलामा पनि थियो । आफू ग्रिसमा स्वतन्त्र जन्मिएको र भगवान्प्रति निष्ठा रहेको शपथ खेलाडीले गर्नुपर्थ्यो ।

पहिलो ओलम्पिक एकदिने उत्सव थियो । इसापूर्व ६८० मा रथ दौड समावेश भएपछि ओलम्पिक दुईदिने भयो र इसापूर्व ६३२ मा आएर ओलम्पिकलाई पाँचदिने गराइएको थियो । पाँचदिने ओलम्पिकमा तीन दिन मात्र खेल हुन्थ्यो । पहिलो दिन खेलाडीको दर्ता, ओलम्पिक शपथ र धार्मिक आस्था प्रकट गर्ने कार्य सम्पन्न भएपछि दोस्रो, तेस्रो र चौथो दिन खेल सञ्चालन गरिन्थ्यो । पाँचौं दिन पुरस्कार वितरण कार्यक्रम र धन्यवाद ज्ञापन कार्यक्रम सञ्चालन हुन्थ्यो ।

प्राचीन ओलम्पिक खेलमा पुरुष खेलाडीलाई मात्रै सहभागी गराइन्थ्यो । प्राचीन ओलम्पिक महिलालाई हेर्न दिइँदैनथ्यो । महिलाका लागि पछि छुट्टै हेरियन खेल सुरु गरिएको थियो ।

हेरियनलाई ओलम्पिक खेलकुदको पूरकका रूपमा लिइन्थ्यो । हेरियन खेल ग्रिसकी देवी 'हेरा'को सम्मानमा आयोजना गरिन्थ्यो । हेरियन खेल अन्तर्गत महिलालाई दौडमा प्रतिस्पर्धा गराइन्थ्यो । जसमा अविवाहित महिला मात्रै भाग लिन पाउँथे । हेरियन खेल पनि ओलम्पिक खेलकुद स्थल ओलम्पियामै आयोजना हुन्थ्यो ।

प्राचीन ओलम्पिकलाई शारीरिक शक्ति प्रदर्शन मात्र नभई शान्तिको प्रतीकका रूपमा हेरिन्थ्यो । त्यतिबेला ओलम्पिकले विभिन्न शहर-राज्य (पोलिस) बीच शान्ति कायम राख्न मद्दत गर्थ्यो । खेलकुदको समयावधिमा युद्ध र सङ्घर्ष रोक्ने परम्परा थियो । जसलाई 'ओलम्पिक ट्रुस' भनिन्थ्यो ।

खेलकुदका विजेतालाई नायक मानिन्थ्यो र तिनीहरूको नाम इतिहासमा लेखिन्थ्यो । ओलम्पिक विजेतालाई ओलिभ (जैतुन) को पातको माला प्रदान गरिन्थ्यो । जुन सम्मान र प्रतिष्ठाको प्रतीक थियो ।

प्राचीन ओलम्पिकमा दौड, कुस्ती, लङजम्प, ज्याभ्लिन थ्रो, डिस्कस थ्रो र घोडा दौड खेल समावेश थिए । ती खेलमा भाग लिने खेलाडीले आफ्नो गाउँ वा शहरको प्रतिनिधित्व गर्थे । तिनीहरूलाई 'अथलिट' भनिन्थ्यो । खेलहरूमध्ये दौड विशिष्ट थियो । दौडमा स्टेडियन (करिब १९२ मिटर), डाइअलोस (करिब ३८४ मिटर) र डोलिचोस (लामो दूरीको दौड) समावेश थिए ।


दौडका खेलाडीले आफ्नो शरीरमा तेल लगाएर नग्न रूपमा दौडन्थे । त्यसै गरी कुस्ती विधाको पनि आफ्नै महत्त्व थियो । कुस्तीमा खेलाडीले प्रतिद्वन्द्वीलाई नियन्त्रणमा लिई जमिनमा तीन पटक पछार्नु पर्थ्यो । खेलको अर्को विधा लङलम्पमा खेलाडीले आफ्नो क्षमतानुसार हातमा तौल (हल्टेरस) लिएर दौडिन्थे र





लामो दूरीमा हाम फाल्दा तिनलाई फालेर बल र सन्तुलन कायम गर्थे ।

प्राचीन ओलम्पिकको अर्को खेल ज्याभ्लिन थ्रोमा खेलाडीले टाङ्गो (ज्याभ्लिन) फाल्थे । त्यसै गरी डिस्कस थ्रोमा खेलाडीले एक गोलाकार डिस्कलाई अधिकतम दूरीमा फाल्न प्रयास गर्थे । प्राचीन ओलम्पिकको जटिल खेल पेन्टाथलन थियो । यसमा पाँच वटा खेल दौड, लङजम्प, ज्याभ्लिन थ्रो, डिस्कस थ्रो र कुस्ती समावेश थिए । पेन्टाथलनका विजेतालाई सबैभन्दा योग्य खेलाडी मानिन्थ्यो ।



प्राचीन ओलम्पिकको पतन

३९३ इसापूर्वमा रोमन सम्राट थियोडोसियस प्रथमले सबै पगान अनुष्ठान प्रतिबन्धित गरी इसाई धर्मलाई राज्य धर्म बनाए र पगान धर्मका सबै प्रतीक एवं अनुष्ठान नष्ट गरे । सोही समयलाई प्राचीन ओलम्पिकको समाप्ति मानिन्छ । त्यसैगरी प्राचीन ओलम्पिकको समाप्तिको आधार इसापूर्व ४२६ लाई पनि लिने गरिन्छ । त्यति बेला थियोडोसियस प्रथमका उत्तराधिकारी थियोडोसियस दोस्रोले ग्रिसका सबै मन्दिरको विनाश गरेका थिए ।

रोमनहरूले ओलम्पिक परम्परालाई नष्ट गरी त्यसको सट्टामा आफ्नै किसिमको ग्लेडियटर प्रतिस्पर्धाको सुरुवात गरेका थिए । ग्लेडियटर प्रतिस्पर्धामा ग्रिसका स्वतन्त्र नागरिकले नभई दासहरूबीच जीवन–मृत्युको लडाइँ गराइन्थ्यो ।

यसरी अन्त्य हुन पुगेको प्राचीन ओलम्पिक मध्ययुगमा सम्झनामा सीमित रह्यो । डार्क एज (अन्धकारको युग) का नामले चिनिने मध्ययुग पाँचौँ शब्ताब्दीदेखि १५ औँ शताब्दीबीचको समय मानिन्छ । त्यस अवधिमा युरोपको खेलकुद गतिविधिमा ह्रास आयो । मध्यकालको अन्त्य र पुनर्जागरण कालको उदयपछि मात्रै युरोपमा खेलकुद गतिविधिले पुनः अङ्कुराउने मौका पाएको थियो ।

आधुनिक ओलम्पिक

प्राचीन ओलम्पिक खेलको अन्त्य भएको १५ सय वर्षपछि फ्रान्सेली इतिहासकार तथा शिक्षाविद् पियरे डी कुबर्टिनको पहलमा आधुनिक ओलम्पिक खेलको पुनरुत्थान भएको थियो । यद्यपि आधुनिक ओलम्पिक खेलकुद पुनरुत्थानको प्रयास भने १६ औँ शताब्दीतिरै भएको देखिन्छ । १६ औँ शताब्दीदेखि 'ओलम्पिक' शब्द विभिन्न खेलकुद प्रतियोगितामा प्रयोग भएको मानिन्छ । पहिले यस्ता प्रतियोगितामा चिपिङ क्याम्पडेन तथा इङ्ग्ल्यान्डमा आयोजित कोट्सवोल्ड खेलकुद आदि थिए । जसको पहिलो आयोजना सन् १६१२ देखि १६४२ सम्म वकिल रोबर्ट डोभरले गरेका थिए ।

त्यसै गरी प्रारम्भिक पुनरुत्थान फ्रान्सेली क्रान्ति अवधिमा सन् १७९६ देखि १७९८ सम्म वार्षिक रूपमा आयोजना गरिएको 'ल ओलम्पियाड डे ला रिपब्लिक' नामक राष्ट्रिय ओलम्पिक महोत्सवले पनि प्राचीन ओलम्पिक खेलकुदको अनुकरणको प्रयास थियो ।

ग्रिसको स्वतन्त्रता युद्धपछि ग्रिसवासीले ओलम्पिक खेल पुनर्स्थापनामा चासो देखाए । कवि पानागियोटिस सुत्सोसले सन् १८३३ मा 'डाइलग अफ द डेड' नामक कवितामा पहिलो पटक ओलम्पिक

पुनर्स्थापनाको प्रस्ताव अघि सारेका थिए। ग्रिसका सामाजिक कार्यकर्ता इभान्जेलोस जप्पासले सन् १८५६ मा ग्रिसका राजा ओट्टोलाई पत्र लेख्दै ओलम्पिक खेल पुनर्स्थापनाको अनुरोध गरेका थिए। जप्पासले पछि सन् १८५९ मा एथेन्स शहरको चोकमा पहिलो ओलम्पिक खेलकुदको आयोजना गरे। एथेन्सको प्राचीन पानाथेनाइक स्टेडियमको पुनर्निर्माणका लागि समेत जप्पासले आर्थिक सहयोग गरे। त्यसपछि सन् १८७० र सन् १८७५ मा सोही स्टेडियममा एक खालको ओलम्पिक खेल आयोजना गरिएको थियो।

फ्रान्सेली सामन्त पियरे डी कुबर्टिनले सन् १८९० मा वेनलक ओलम्पियन खेलमा सहभागी भएपछि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी स्थापना गरे। कुबर्टिनले अन्तर्राष्ट्रियस्तरमा आयोजना गरिने ओलम्पिक खेलकुद स्थापना गर्ने उद्देश्य राखेका थिए, जुन हरेक चार वर्षमा हुने थियो।

कुबर्टिन ओलम्पिकलाई राजनीतिदेखि टाढा मानवता, विश्वबन्धुत्व र मित्रताको माध्यम बनाउन चाहन्थे। सोही उद्देश्य अनरूप कुबर्टिनले सन् १८९४ मा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) गठन गरेका थिए। कुबर्टिनले आधुनिक ओलम्पिकमा विभिन्न राष्ट्रको सहभागिताका लागि पहल गरे। त्यसपछि पहिलो आधुनिक ओलम्पिक सन् १८९६ मा ग्रिसको राजधानी एथेन्समा आयोजना गरियो। जसमा १३ राष्ट्रका २४१ खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

पहिलो आधुनिक ओलम्पिकमा खेलकुदका नौ विधा एथलेटिक्स, साइक्लिङ, फेन्सिङ, जिम्न्यास्टिक, सुटिङ, पौडी, टेनिस, भारोत्तोलन र कुस्ती समावेश थिए। पहिलो आधुनिक ओलम्पिक खेलका विजेतामा पहिलोलाई रजत तथा दोस्रो र तेस्रो हुनेलाई तामाको पदक दिइएको थियो।

समयक्रमसँगै ओलम्पिक खेलप्रति विश्वको ध्यान आकर्षित हुँदै गयो। ओलम्पिकको महत्त्व र लोकप्रियता बढ्दै गयो। सन् १९०४ मा सेन्टलुइस, अमेरिकामा आयोजना भएको ओलम्पिक खेलकुदबाट सहभागी राष्ट्रको सङ्ख्यामा वृद्धि भयो। सन् १९२४ मा फ्रान्सको चामोनिक्समा शीतकालीन ओलम्पिक सुरु भयो। यस खेलकुदमा आइस स्केटिङ, स्किइङ, आइस हकी, र बब्स्लेडिङ जस्ता खेल समावेश थिए।

सन् १९६० देखि पारालम्पिक खेलहरू खेलाउन थालियो। जसमा शारीरिक अपाङ्गता भएका खेलाडीबीच प्रतिस्पर्धा हुन्छ। गीष्मकालीन र शीतकालीन ओलम्पिकले विश्वभरिका खेलाडीलाई प्रतिस्पर्धा गर्ने अवसर प्रदान गरेको छ।



ओलम्पिकसँग जोडिएको जैतुन

ओलम्पिक खेलकुदको इतिहास र परम्परामा ओलिभको पातको मालाले विशेष महत्त्व राख्छ। प्राचीन ओलम्पिकमा विजेतालाई ओलिभको पातको माला प्रदान गरिन्थ्यो। ओलिभको पातको मालालाई उच्च सम्मान र गौरवको प्रतीकका रूपमा लिइन्थ्यो। ओलिभको पातको माला प्राचीन ग्रिसमा शान्ति, विजय र सम्मानको प्रतीक पनि मानिन्थ्यो।



ओलम्पिक खेलका विजेतालाई दिइने ओलिभको पातको मालालाई 'कोटिनोस' भनिन्थ्यो। यो माला ओलम्पियास्थित जियुसको मन्दिरनजिकै रहेको पवित्र ओलिभको रुखबाट बनाइन्थ्यो । ओलिभको पातको मालाको प्रतिकात्मकता प्राचीन ग्रिसको संस्कृति र परम्परासँग गहिरो रूपमा जोडिएको छ।

ओलिभको पातको माला ओलम्पिक खेलकुदको प्रमुख अङ्ग बनेको छ तर परम्पराको सुरुवात कसरी भयो भन्नेमा कुरा प्रस्ट छैन। ओलम्पिकमा ओलिभको पातको मालाको निरन्तरता प्राचीन ओलम्पिक खेलकुदको समाप्तिपछि पनि जीवित रह्यो। आधुनिक ओलम्पिक खेलकुदको पुनरुत्थानमा पनि यो परम्पराको सम्मान गरिएको छ। ■

सन् १९२८, एमर्स्टड्याम

मार्चपासमा ग्रिस पहिलो

ओलम्पिक ज्योति बाल्ने अभ्यास यहीँबाट सुरु भयो। यो प्रतिकात्मक थियो। साथै जर्मनीलाई पुनः ओलम्पिकमा भाग लिने अनुमति दिइयो। यहीँबाट पहिलो पटक महिलाले एथलेटिक्समा भाग लिन पाएका थिए। यसै ओलम्पिकदेखि प्राचीन ओलम्पिक आयोजना गरिएको ग्रिसको टोलीलाई मार्चपासमा पहिलो स्थानमा राख्ने चलन चलेको हो।

जुलाई २८ देखि अगस्त १२ सम्म सञ्चालन भएको यस ओलम्पिकबाट अमेरिकी कम्पनी कोकाकोलाले ओलम्पिकमा प्रायोजन गर्न सुरु गरेको थियो। सन् १९२४ मै पहिलो शीतकालीन ओलम्पिक आयोजना गरिने भएपछि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले ग्रीष्मकालीन ओलम्पिक खेल अर्थात् 'समर ओलम्पिक गेम्स' शब्द प्रयोग गर्न सुरु गर्‍यो।

यस ओलम्पिकमा १६ वर्षीय अमेरिकी धाविका बिटे रोविन्सन सय मिटरको दौड जिती ओलम्पिक ट्र्याक एन्ड फिल्डमा पदक जित्ने पहिलो महिला खेलाडी भइन्। महिला आठ सय मिटरको दौडले महिलाको सहभागिता विषयमा विवाद उत्पन्न गरेको थियो। दौड्ने बेलामा धेरै महिला बीचमै लडेका थिए र केहीलाई आपत्कालीन सेवा दिनु परेको थियो।

यस घटनापछि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका नवनिर्वाचित अध्यक्ष काउन्ट हेनरी डी बेलेट लातोरले ओलम्पिकबाट सबै महिला खेल हटाइने भने र अन्तर्राष्ट्रिय एमेच्योर एथलेटिक्स फेड्रेसन (आइएएएफ) ले महिलालाई दुई सय मिटरभन्दा बढी दूरीको स्पर्धामा भाग लिनबाट वञ्चित गर्‍यो। यो नियम ३२ वर्षसम्म लागू रहेको थियो।

यस ओलम्पिकमा ४६ देशका खेलाडीले १४ खेलमा सहभागिता जनाएका थिए। ■

-युवामञ्च

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	२२	१८	१६	५६
२.	जर्मनी	१०	७	१४	३१
३.	फिनल्यान्ड	८	८	९	२५
४.	स्विडेन	७	६	१२	२५
५.	इटाली	७	५	७	१९



सन् १९२४, पेरिस



पहिलो ओलम्पिक गाउँ

सिटस, एल्टस र फोर्ट्स अर्थात् तेज, उत्कृष्ट र बलिष्ठ। खेलको मोटोको सुरुवात पेरिस ओलम्पिकबाट नुरमीको लोमहर्षक प्रदर्शनसँगै भयो। नुरमीले छ दिनमा सात दौडमा भाग लिई पाँच स्वर्ण पदक जितेका थिए।

जुलाई ५ देखि जुलाई २७ सम्म आयोजित यस ओलम्पिकसँगै पेरिस आधुनिक ग्रीष्मकालीन ओलम्पिक दुई पटक आयोजना गर्ने पहिलो शहर भयो। उरुग्वेले फुटबलमा ओलम्पिक स्वर्ण पदक जित्यो र फिफाले त्यसका आधारमा उरुग्वेलाई विश्व च्याम्पियन मानेको थियो।

हारोल्ड अब्राहम्सले एक सय मिटरको दौड जिते र यसै वर्ष च्यारियट अफ फादर चलचित्रमा उनले ओस्कार पुरस्कार जिते। पेरिस ओलम्पिकमा ४४ देशका पाँच हजार ५३३ जना खेलाडी सहभागी भएका थिए। उनीहरूले १७ खेलमा प्रतिस्पर्धा गरे।

यसै ओलम्पिकदेखि खेलाडीलाई बसोबासका लागि खेलाडी गाउँ बनाउने परम्परा सुरु भएको थियो। ■

-युवामञ्च

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	४५	२७	२७	९९
२.	फिनल्यान्ड	१४	१३	१०	३७
३.	फ्रान्स	१३	१५	१०	३८
४.	ग्रेट ब्रिटेन	९	१३	१२	३४
५.	इटाली	८	३	५	१६



सन् १९२०, एन्टवर्प



अगस्त १४ देखि सेप्टेम्बर १२ सम्म आयोजित यस ओलम्पिकमा जर्मनी र उसका समर्थक देशलाई प्रतिबन्धित गरिएको थियो। तैपनि सबैभन्दा बढी २९ देशले यहाँ सहभागिता जनाए र २२ खेलमा प्रतिस्पर्धा गरे। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले पाँच महादेशको प्रतिनिधित्व गर्ने पाँच 'रिङ' भएको ओलम्पिक झन्डा र ओलम्पिक शपथको सुरुवात यहीँ गरेको हो।

यो ओलम्पिक जर्मन साम्राज्यको राजधानी बर्लिनमा सन् १९१६ मा आयोजना गर्ने निधो थियो तर पहिलो विश्वयुद्ध सुरु भएका कारण बर्लिनमा ओलम्पिक स्थगित गरियो। युद्धपछि ओलम्पिकलाई निरन्तरता दिने भएपछि बेल्जियमको एन्टवर्प शहरले यो अवसर प्राप्त गर्‍यो।


हङ्गेरी, जर्मनी, अस्ट्रिया, बुल्गेरिया र ओटोमन साम्राज्यलाई ओलम्पिकमा भाग लिन दिइएन। भरखरै गृहयुद्धबाट मुक्ति पाएको सोभियत रुसले सहभागिता नजनाउने निर्णय गर्‍यो भने जर्मनी त सन् १९२८ सम्म ओलम्पिकमा फर्केन पनि।

फिनल्यान्डका पाभो नुरमीले १० हजार मिटर र क्रसकन्ट्रीको व्यक्तिगत र टिम उपाधि जित्नुका साथै पाँच हजार मिटर दौडमा रजत पदक जितेका थिए। नुरमीले एन्टवर्पमा नौ स्वर्ण पदकसहित कुल १२ पदक जितेर तीन ओलम्पिकमा उनले २२ विश्व कीर्तिमान राखेका थिए तर सन् १९३२ मा बढी रकम मागेका कारण नुरमीले निलम्बित हुनु परेको थियो।

फिलाडेल्फियाका डकर्मी ज्याक केलीले रोइङमा ब्रिटेनको डायमन्ड स्कल्स विजेता ज्याक बर्सफोर्डलाई हराएर विजय प्राप्त गरेका थिए। केलीकी छोरी पछि मोनाकोकी राजकुमारी ग्रेस भएकी थिइन्। ■

-युवामञ्च

असाधारण नुरमी



पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	४१	२७	२७	९५
२.	स्विडेन	१९	२०	२५	६४
३.	फिनल्यान्ड	१५	१०	९	३४
४.	ग्रेट ब्रिटेन	१४	१६	१३	४३
५.	बेल्जियम	१४	११	११	३६

यसरी सुरु भएको थियो मसाल रिले



ओलम्पिक मसाल रिले सञ्चालन गर्ने परम्परा प्राचीन ग्रिसमा भएको थिएन, बरु नाजी जर्मनीले सन् १९३६ मा यसको सुरुवात गरेको थियो ।

सन् १९३६ जुलाई २० को दिन ग्रिसको ओलम्पियामा एक भव्य कार्यक्रमबीच मध्याह्नको चर्को घाममा सूर्यको किरणले एउटा 'पेराबोलिक' दर्पणमा केन्द्रित भएर ओलम्पिक ज्योति (कल्ड्रोन) प्रज्वलित गरेको थियो । प्राचीन भग्नावशेष र सेतो पोसाकमा सजिएका १२ जना महिलामाझ ग्रिसका



धावक कोस्टान्टिनस कोन्डेलिसले जलिरहेको ओलम्पिक ज्योतिबाट एउटा मसाल जलाएर आफ्नो दायाँ हातले जलिरहेको मसाल उठाएर पहिलो कदम चाले। त्यो ओलम्पिक मसाल रिलेको पहिलो कदम थियो। त्यहाँबाट सन् १९३६ को ग्रीष्मकालीन ओलम्पिक आयोजक शहर बर्लिनसम्म स्थलमार्गबाट १२ दिने ओलम्पिक मसाल रिले सुरु गरियो।

यसको तडकभडकले प्राचीन ग्रिसको पवित्र परम्परा पुनरावृत्तिको झझल्को दिन खोजेको जस्तो त देखियो तर वास्तवमा ओलम्पिक मसाल रिले सम्पूर्णतया नाजी जर्मनीले सावधानीपूर्वक रचेको आधुनिक राजनीतिक नाटकको एक भाग थियो।

प्राचीन ओलम्पिकमा ग्रिसवासीले एक खालको अनुष्ठानिक अग्नि प्रयोग गर्दथे तर आफ्नो खेल प्रतियोगिता सुरु गर्न कहिल्यै पनि मसाल बोकाएर रिले सञ्चालन गरेनन्। ओलम्पिक मसाल रिले बर्लिन ओलम्पिकका प्रमुख आयोजक कार्ल डायमको दिमागको उपज थियो। उनले प्राचीन ओलम्पिकको उद्गमस्थलबाट मसाल बालेर त्यसलाई बर्लिन ओलम्पिकको रङ्गशालासम्म तीन हजार धावक प्रयोग गरी ल्याउने अभूतपूर्व कल्पना गरेका थिए। बर्लिनमा ११ औँ आधुनिक ओलम्पिकको उद्घाटन समारोहमा त्यसै मसालले ज्योति बाल्ने योजना उनको थियो र उनले त्यो गरेर पनि देखाए।

ग्रीष्मकालीन ओलम्पिक आयोजना अधिकार अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीबाट सन् १९३१ मा बर्लिनलाई दिलाउन डायमको ठूलो भूमिका रहेको थियो तर सन् १९३३ मा एडोल्फ हिटलर जर्मनीको चान्सलर भएपछि उनको भविष्य शङ्कटमा पर्‍यो। आधुनिक ओलम्पिक अभियानप्रति हिटलरको कुनै आदरभाव थिएन। उनले एक पटक ओलम्पिक अभियानलाई ‘यहुदीहरूको प्रतिपादन’ समेत भनेका थिए तर प्रोपगान्डा (प्रचारबाजी) मन्त्री जोपेफ गोयबल्सले नाजी जर्मनीको प्रचारप्रसार गर्न ग्रीष्मकालीन ओलम्पिक एक उत्तम मञ्च हुने तथा त्यसको शानदार उद्घाटनको आकर्षण मसाल रिले हुने भनी हिटलरलाई सम्झाए। गोयबल्सका कुरामा हिटलर सहमत भए।

हिटलरले प्राचीन ग्रिसवासीको प्रशंसा गरे र नाजीहरूलाई उनीहरूको असली उत्तराधिकारीका रूपमा हेरे। डायम नाजी पार्टीको सदस्य थिएनन् तैपनि नाजीहरूले प्राचीन र आधुनिक ओलम्पिकलाई आबद्ध गर्नका लागि मात्र होइन प्राचीन ग्रिस र ‘थर्ड राइख’ बीचसमेत अन्योन्याश्रित सम्बन्ध रहेको दर्शाउन एक शक्तिशाली उपकरणका रूपमा उनको मसाल रिले अवधारणा अपनाउने भए।

ओलम्पियामा आयोजित समारोहबाट सुरु गरिएको मसाल रिले सम्पूर्णतया उपज थियो। जर्मनीको एक हतियार उत्पादक क्रुपले स्टिलद्वारा मसाल बनाएको थियो। तिनमा जर्मनीका रसायनशास्त्रीले जस्तोसुकै मौसम भए पनि मसाल ननिभोस् भनी म्याग्नेसियमको ज्वलन तत्त्व जडान गरेका थिए। जर्मनीकै जाइस अप्टिक्सले ज्योति प्रज्वलित गर्न दर्पण बनायो भने ओपेल कार मसाल लिएर दौडिरहेका धावकका लागि अतिरिक्त ओलम्पिक मसाल बोकेको पछाडि पछाडि गुडेको थियो।

ओलम्पिक मसाल रिलेका

'शान्तिको दौड' भनेर ओलम्पिक मसाल रिले युद्धले जर्जर भएको युरोपमा सञ्चालन गरियो र एक पटक फेरि यसको सुरुवात प्राचीन ओलम्पियाबाटै गरिएको थियो ।

बारेमा जर्मनीका सञ्चार माध्यममा व्यापकस्तरमा समाचार सम्प्रेषण र प्रसारण सुनिश्चितताको व्यवस्था गोयबल्सले मिलाए । रिले मार्गबाट जर्मन रेडियोले सोभै प्रसारणसमेत गरे । सन् १९३८ मा प्रदर्शित गरिएको नाजी प्रोपोगान्डा चलचित्र 'ओलम्पिया' का लागि गोबल्सले निर्देशक लेनी राइफेन्सटललाई आदेश दिएका थिए ।

प्राचीन ग्रिसका पौराणिक कथाको व्याप्तताले गर्दा राइफेन्सटल स्वयं कुनै मिथक तयार पारेर छायाङ्कन गर्न सक्ने अवस्थामा थिइनन् । ओलम्पियामा ज्योति प्रज्वलन समारोहका तस्बिरबाट असन्तुष्ट तथा पुरातन मानिससरह कोन्डेलिसले मसालवाहकका रूपमा हावभाव देखाउन नसकेको विश्वास गरी निर्देशकले ग्रीष्मकालीन ओलम्पिकपछि बर्लिनमा अर्का रिले धावकलाई बोलाएर ज्योति प्रज्वलनको नाट्यमञ्चन गराएकी थिइन्, जुन हामी चलचित्रमा देख्न सक्छौँ ।



ग्रिसबाट ओलम्पिक मसाल बुल्गेरिया, युगोस्लाभिया, हङ्गेरी, अस्ट्रिया र चेकोस्लोभाकिया हुँदै करिब ३२ सय किलोमिटर दूरी पूरा गरेर जर्मनी पुऱ्याइएको थियो । ग्रिसका इसाई पादरीद्वारा हङ्गेरीमा यस रिलेलाई आशिर्वाद प्रदान गरियो भने बुल्गेरियामा जिप्सी सङ्गीतकारले यसको स्वागत गरे । जब सन् १९३६ जुलाई २९ का दिन साँझ रिले भियना पुग्यो सन् १९३४ मा सत्ता कब्जाको असफल प्रयासमा अस्ट्रियाका चान्सलरको हत्या गर्ने अस्ट्रियाका नाजीले नाजी पार्टीको गान गाए र 'हेल हटिलर' नारा लगाएर मसाल रिलेको स्वागत गरेका थिए । यति मात्र होइन उनीहरूले अस्ट्रिया ओलम्पिक टोलीका यहुदी सदस्यहरूप्रति अपशब्द प्रयोग गरी अस्ट्रियाका राष्ट्रपतिविरुद्धसमेत नारा लगाए । एक विज्ञप्ति जारी गरेर गोयबल्सले विडम्बनापूर्वक भने, "राजनीतिक प्रयोजनका लागि ओलम्पिक मसालको उपयोग निकै दुर्भाग्यपूर्ण छ ।"

सन् १९३६ जुलाई ३१ को बिहान चेकोस्लोभाकियाको सीमामा ओलम्पिक मसालको स्वागत गर्न जर्मनीका करिब ५० हजार नागरिक उपस्थित भए । भोलिपल्ट जर्मनीका धावक फ्रित्ज सेलगेनले मसाल बोकेर एक लाख दर्शक उपस्थित बर्लिन ओलम्पिक रङ्गशालामा प्रवेश गरे । सेलगेन एक उत्कृष्ट धावक थिए तर ओलम्पियन थिएनन् । युवावस्थामा ऊर्जावान् आर्य देखिने भएकाले उनलाई मसाल बोक्न चयन गरिएको थियो । जब उनी मसालले ज्योति प्रज्वलन गर्न हिटलर आसिन भएको स्थानबाट अगाडि बढे उनले माउन्ट ओलम्पसदेखि 'थर्ड राइख' बीचको अन्योन्योश्रित सम्बन्धको अन्तिम शृङ्खला पूरा गरे ।

दुई वर्ष पनि बितेको थिएन हिटलरले अस्ट्रियालाई जर्मनीमा गाभे र भियनाका नाजीले ओलम्पिक मसालको जसरी उत्साहपूर्वक स्वागत गरेका थिए त्यसरी नै हिटलरको कदमको स्वागत गरे । यसको केही समयमै जर्मन सैन्यबल क्रुपमा मसाल होइन कि क्रपका मेसिन गन लिएर तिनै बाटोमा हिँड्न थाले जुन बाटोबाट ओलम्पिक मसाल लिएर धावकहरू हिँडेका थिए ।

द्वितीय विश्वयुद्धका कारण सन् १९४८ पहिले फेरि ग्रीष्मकालीन ओलम्पिक आयोजना गर्न सकिएन । आफ्नो हालसालैको शत्रुले सुरु गरेको भए पनि ब्रिटेनले ओलम्पिक मसाल रिले परम्परा अपनायो । 'शान्तिको दौड' भनेर ओलम्पिक मसाल रिले युद्धले जर्जर भएको युरोपमा सञ्चालन गरियो र एक पटक फेरि यसको सुरुवात प्राचीन ओलम्पियामै गरिएको थियो । शान्तिको प्रतीकका रूपमा ग्रिसका सैनिक कोस्टानटिनास डिमिट्रेलिस, प्रथम मसालवाहकले आफ्नो हतियार बिसाएपछि सैन्य पोसाकसमेत फुकालेर जल्दै गरेको मसाल समातेका थिए । ■

-युवामञ्च

नेपालका रैथाने खेल



मानव जातिले आत्मरञ्जन र शारीरिक तन्दुरुस्तीका लागि खेलकुदलाई युगौँदेखि आत्मसात् गर्दै आएको तथ्य निर्विवाद छ। जानेर वा नजानेर मानिसले खेलकुदलाई जीवनको अभिन्न हिस्साका रूपमा अपनाउँदै तथ्य पनि उत्तिकै मननीय छ। कलिला लालाबालाले भाँडाकुटी खेल्नेदेखि वयस्क व्यक्तिले दौडने-पौडनेसम्मका गतिविधि खेलकुदको श्रेणीमा पर्छन् ।

खेलकुदको ऐतिहासिक पक्षको बखान गर्दा कृषि युगभन्दा अघिको कालखण्डलाई नियाल्नु सान्दर्भिक नै हुन्छ। कृषि युग र व्यवस्थित बसोबासको युग सुरुभन्दाअघि सिकारी युग थियो भन्नेबारे पढ्दै आएको कुरा हो। त्यसबेलाको चुनौतीपूर्ण जीवनशैलीबारे विभिन्न पुस्तकमा भेटिने विवरणको सार सङ्क्षेप यस्तो छ :

मानव जातिले माछामासु तथा फलफूल खाएर पेट भर्थे। सिकार खेल्ने कार्यमा पर्याप्त शारीरिक श्रममा सरिक हुनुपर्थ्यो। जङ्गली जनावरलाई समात्न वा मार्न पर्याप्त दौडधुप र उफ्रने पक्रिने (छलाङ मार्ने) अवस्था आउँथ्यो। हिंस्रक जनावरबाट बच्न पनि दौडनुपर्ने हुन्थ्यो। यस क्रममा पौडी पनि खेल्नुपर्थ्यो। यति मात्र होइन, धनुषवाण तथा अन्य हतियार कुशलतापूर्वक चलाउनुपर्ने अवस्था आउँथ्यो। माछामासुबाहेक फलफूल सङ्कलनका लागि रुखमा चढेर फलफूल टिप्नुपर्थ्यो। भिरमौरीको मह सङ्कलन गर्न ज्यानकै बाजी थापेर भिरमा चढ्नुपर्थ्यो।

यसरी हाम्रा आदिमानवले अपनाएका जीवनयापनका यी तमाम

आदिमानवले अपनाएका जीवनयापनका यी तमाम गतिविधि आदिम खेलकुद हुन् । सबै गतिविधिले प्रत्यक्ष वा परोक्ष रूपमा खेलकुद तथा शारीरिक तन्दुरुस्तीसँग साइनो गाँसेको देखिन्छ ।



■ यमबहादुर दुरा

गतिविधि आदिम खेलकुद हुन्। सबै गतिविधिले प्रत्यक्ष वा परोक्ष रूपमा खेलकुद तथा शारीरिक तन्दुरुस्तीसँग साइनो गाँसेको देखिन्छ। आधुनिक खेलकुद तिनै आदिम खेलका परिष्कृत रूप हुन् भन्दा अन्यथा नहोला।

ऐतिहासिक विकासक्रम

इतिहास खोतल्दै जाँदा खेलकुद मानव सभ्यता जत्तिकै पुरानो देखिन्छ। प्रागऐतिहासिक कालमा आफ्नो अस्तित्व रक्षाका लागि मानव जाति दौडने, पौडने, कुस्ती खेल्ने जस्ता गतिविधिमा सरिक हुँदै आएको राय अमेरिकी प्राध्यापक लरेन्स ए वेनरले सन् १९९८ मा प्रकाशित पुस्तक 'मिडिया, स्पोर्ट्स एन्ड सोसाइटी' मा पेस गरेका छन्।

लेखक माइकल इगनले आफ्नो कृति 'अ ब्रिफ हिस्ट्री अफ फिजिकल एजुकेसन एन्ड स्पोर्ट' (सन् २०१३) मा खेलको ऐतिहासिक विकासक्रमबारे बृहत् चर्चा गरेका छन्। इगनले इजिप्टमा इसापूर्व २००० ताकाका चिहान तथा अन्य स्मारकमा भेटिएका अभिलेखका आधारमा त्यहाँ माछा मार्ने, पौडी खेल्ने, भकुन्डो खेल्ने जस्ता खेल अस्तित्वमा रहेको चर्चा गरेका छन्।



ज्ञान, विज्ञान र दर्शनमा जस्तै खेलकुदमा पनि प्राचीन युनानीहरू अगाडि देखिन्छन्। युनानीले ओलम्पिक प्रतियोगिता मार्फत खेलकुदलाई औपचारिकता प्रदान गरेको इतिहास सर्वत्र भेटिन्छ। इसापूर्व ७७६ मा युनानको ओलम्पिया भन्ने ठाउँमा औपचारिक रूपमा खेलकुद खेलाइयो र सोही ओलम्पियाबाट 'ओलम्पिक गेम' नामकरण भएको तथ्य इतिहासका पानामा सुरक्षित छन्।

सन् २००४ मा प्रकाशित कृति 'स्पोर्ट इन द एन्सियन्ट वर्ल्ड : फ्रम ए टु जेड' मा क्यानडेली प्राध्यापक मार्क गोल्डेनले 'ओलम्पिक गेम' को ऐतिहासिकतामाथि प्रकाश पार्दै त्यसबेला दौड, पौडी, लङजम्प, सटपुट, मुक्केबाजी (बक्सिङ) आदि खेल खेलाइएको चर्चा गरेका छन्।

भारतीय उपमहाद्वीपमा धनुषकाँड हान्ने, पासा खेल्ने, कुस्ती खेल्ने जस्ता खेल प्राचीनकालदेखि नै प्रचलनमा रहेका प्रमाण भेटिन्छन्। यस्ता खेलको प्रसङ्ग प्राचीन धर्मग्रन्थ 'रामायण' तथा 'महाभारत' मा पनि भेटिन्छ। यस दृष्टिले अहिले पनि प्रचलनमा रहेका धनुषकाँड हान्ने, पासा खेल्ने, कुस्ती खेल्ने जस्ता गतिविधि निकै पुराना हुन् भन्ने छनक मिल्छ।

नेपालमा खेलकुदको विकासक्रम

नेपालमा प्राचीनकालदेखि नै खेलकुद अस्तित्वमा रहेको अनुमान गर्न गाह्रो छैन। यति हुँदाहुँदै हामीकहाँ अभिलेखीकरणको अभाव छ। परिणामस्वरूप हामीकहाँ प्राचीनकालको खेलकुदसम्बन्धी विवरण दुर्लभ हुन पुगेको छ। निकटपूर्व इतिहासको खेल गतिविधिका विवरण भने फाट्टफुट्ट भेटिन्छन्।

गोरखास्थित तत्कालीन लिगलिगकोटमा प्रत्येक वर्षको दशैँ अर्थात् टीकाको दिनमा दौड प्रतियोगिता आयोजना गरी राजा छान्ने चलन रहेको चर्चा इतिहासका पानामा भेटिन्छन्। सोही दौड प्रतियोगितामा सहभागी भई द्रव्य शाह गोरखाको संस्थापक शाहवंशीय राजा बनेको कथन पनि छ।

यद्यपि द्रव्य शाह लिगलिगकोटको दौड जितेर राजा बनेका हुन् भन्ने भनाइमा इतिहासकारहरूबीच मत–मतान्तर पाइन्छ। कतै कतै द्रव्य शाह दौडेर राजा बनेको नभई दौड प्रतियोगितामा स्थानीय जनसमुदाय झुम्मिएको मौका छोपी आक्रमण गरेर लिगलिगकोटलाई आफ्नो बनाएपछि गोरखाको राजा बन्ने मार्गप्रशस्त गरेको वर्णन भेटिन्छ।

प्राडा श्रीरामप्रसाद उपाध्यायले आफ्नो कृति 'नेपालको प्राचीन र मध्यकालीन इतिहास' (२०७६) मा विसं १६१५ मा द्रव्य शाहले दशैँमा हमला गरी लिगलिगकोटलाई आफ्नो बनाएको र त्यसपछि एक वर्षपछि अर्थात् १६१६ मा गोरखाकोटमा सफलतापूर्वक हमला गरी गोरखा राज्यको राजा बन्न सफल भएको चर्चा गरेका छन्।

मल्लकालमा टोल टोलका डबलीमा चल्ने नाचगानमा राजा र प्रजा दुवै सहभागी हुन्थे भन्ने वर्णन इतिहासका पुस्तकमा सुरक्षित छन्। मल्ल राजाहरू नाटक लेख्न र खेल्न माहिर थिए भन्ने कथन यत्रतत्र पढ्न पाइन्छ। प्राडा श्रीरामप्रसाद उपाध्यायले पूर्वउल्लिखित कृतिमा मल्लकालमा सतरञ्ज, गञ्जिका तथा त्रिपासा खेलेर जनसाधारणले मनोरञ्जन प्राप्त गर्थे भन्ने कथन अघि सारेका छन्।

सुगौली सन्धिपछि काठमाडौँमा स्थायी किसिमले स्थापित ब्रिटिस रेजिडेन्सीका अङ्ग्रेज कर्मचारीहरू क्रिकेट, ब्याडमिन्टन, फुटबल, टेनिस जस्ता खेल खेल्थे भन्ने कथन सुनिन्छ, जुन सर्वसाधारण नेपालीजनका लागि नितान्त नयाँ र अनौठा खेल थिए। अङ्ग्रेजकै सिको गरेर राणा तथा राजपरिवारका सदस्यले आफ्ना दरबार परिसरमा यस्ता आधुनिक शैलीका खेल खेल्न सुरु गरेको चर्चा सुनिन्छ। सरदार भीमबहादुर पाँडेले आफ्नो कृति 'त्यसबखतको नेपाल' मा जुद्धशमशेरले नेपालमा आधुनिक खेलकुदलाई प्रश्रय दिएको चर्चा गरेका छन्।

नेपालमा आधुनिक शैलीका खेल भित्र्याउन 'गोर्खा भर्ती केन्द्र' को पनि ठूलो योगदान देखिन्छ। ब्रिटिस तथा भारतीय सेनामा कार्यरत लाहुरेले पल्टनमा खेलेका खेललाई आआफ्ना घरगाउँमा प्रवेश गराइएको पाइन्छ। यसै गरी धरान, पक्लिहवा तथा पोखरामा स्थापित गोर्खा रिक्रुटिङ केन्द्रमा खेलकुदको बन्दोबस्ती मिलाइएको थियो। धरानको घोपा क्याम्पमा त गल्फ र अन्य विविध खेलकुदका मैदान बनाइएका थिए।

नेपालको खेलकुदको इतिहासमा दोहोरी गीत पनि जोडिन आएको देखिन्छ। शरदचन्द्र शाह राष्ट्रिय खेलकुद परिषद्को सदस्यसचिव पदमा नियुक्तपछि २०३८ सालदेखि राष्ट्रिय खेलकुद प्रतियोगितामा सुरु भयो। पुराना गायक कृष्णसुधा ढुङ्गानाका अनुसार २०३९ सालमा हेटौँडामा आयोजित दोस्रो राष्ट्रिय खेलकुद प्रतियोगितादेखि दोहोरी गीतलाई पनि खेलकुदको एक हिस्साका रूपमा पहिलो पटक समावेश गर्न थालियो।

त्यसपछि नियमित रूपमै राष्ट्रिय खेलकुद प्रतियोगितामा दोहोरी गीतलाई समावेश गरियो। कृष्णसुधा ढुङ्गाना, नारायण रायमाझी, कोमल ओली, प्रजापति पराजुली, अमरविरही गुरुङ, रफिक मियाँ जस्ता प्रतिभा राष्ट्रिय खेलकुद प्रतियोगिताबाट लोकगीतका क्षेत्रमा उदाएका प्रतिभाका रूपमा चिनिन्छन्। यसै गरी नारायण पाण्डे, लालु गुरुङ, तेजबहादुर केसी आदि प्रतिभा पनि राष्ट्रिय खेलकुद प्रतियोगिताका क्रममा आयोजित दोहोरी प्रतियोगिताबाट परिचय बनाएका कलाकार हुन्।

सरसर्ती हेर्दा खेलकुद र दोहोरीबीच कुनै सिधा सम्बन्ध देखिन्न तर गहिरिएर चिन्तन मनन गर्दा यी दुईबीच एक किसिमको सम्बन्ध देखिन्छ। गाउँघरमा केटा पक्ष र केटी पक्षबीच चल्ने गीतिसंवादलाई 'दोहोरी खेल्ने', 'जुहारी खेल्ने' जस्ता खेलसँग सम्बन्धित शब्दबाट पुकार्ने चलन आजपर्यन्त छ। यसले दोहोरी गायन र खेलकुदबीच कुनै न कुनै मिठो साइनो छ भन्ने देखिन्छ। नेपालमा युगौँदेखि परम्परागत खेलकुद अस्तित्वमा रहे पनि समयक्रममा लोप हुँदै गएका छन्। परम्परागत खेलकुद विलोपीकरणको क्रम तीव्र रूपमा जारी रहँदा नयाँ पुस्ताले कतिपय खेलकुदको विधि र प्रक्रिया थाहा पाउने कुरा त परै जाओस् तिनको नाम पनि लोकस्मृतिबाट हराउँदै गएको छ।

ओलम्पिकसम्बन्धी केही तथ्य

- विश्व एन्टिडोपिङ एजेन्सीको स्थापना सन् १९९९ नोभेम्बर १० मा लुजानमा भएको थियो।
- ओलम्पिक ज्योति जलाउने कान्छा खेलाडी रोविन पेरी हुन्। उनले १२ वर्षको उमेरमा सन् १९८८ को कलगेरी शीतकालीन ओलम्पिकमा ज्योति जलाएका थिए।
- ग्रीष्मकालीन ओलम्पिक खेलको टेलिभिजनबाट पहिलो प्रत्यक्ष प्रसारण सन् १९४८ मा बिबिसीले गरेको थियो। लन्डनको ५० माइल क्षेत्रमा बिबिसीले ८० हजार टेलिभिजन सेटमा ६४ घण्टा २७ मिनेट प्रसारण गरेको थियो।
- सन् १९५६ मा इटालीको (कोर्टिन शीतकालीन ओलम्पिक) मा आइओसीले ओलम्पिकमा टेलिभिजनको भूमिकाको अध्ययन गर्ने निर्णय गऱ्यो र यहीँबाट ओलम्पिकको पहिलो अन्तर्राष्ट्रिय प्रत्यक्ष प्रसारण सुरु भएको थियो।
- सन् १९७२ को म्युनिख ओलम्पिकबाट आयोजकलाई ओलम्पिक पदकको पछिल्लो भागमा आफ्नो रचना अङ्कित गर्ने अधिकार प्रदान गरिएको थियो।
- पहिलो पटक सन् १९३६ को बर्लिन ओलम्पिकमा टेलिभिजनले प्रत्यक्ष प्रसारण सुरु गरेको थियो।
- पहिलो पटक सन् १९६०, रोम ओलम्पिकको प्रत्यक्ष प्रसारण अधिकार आइओसीले अमेरिकी नेटवर्क सिबिएसलाई ११ लाख ७८ हजार २५७ अमेरिकी डलरमा बिक्री गरेको थियो।
- आधुनिक ओलम्पिकका जन्मदाता पियरे डी कुबर्टिनको जन्म सन् १८६३ मा फ्रान्सको एक सामन्त परिवारमा भएको थियो। सन् १९३७ मा स्विट्जरल्यान्डको जेनेभामा उनको निधन भयो।
- आइओसीकी पहिलो महिला उपाध्यक्ष अमेरिकाकी अनिता एल. डिफ्रान्टेज हुन्।
- आइओसीमा अनिवार्य भाषा फ्रान्सेली र अङ्ग्रेजी हो।

–रोसन प्र. दनुवार

गट्टा खेल्ने, बाघचाल खेल्ने, लुकामारी गर्ने, भिरालो चौर वा ढुङ्गामा चिप्लेटी खेल्ने, रुमाल लुकाउने, लुँडो खेल्ने, घैँटो फोर्ने, कपर्दी, भुरुङ खेल्ने, तारो हान्ने, गुलेली हान्ने, खोपी खेल्ने, कबड्डी खेल्ने, डोरी तान्ने, गिर खेल्ने, डन्डीबियो खेल्ने, छेलो हान्ने, घुयँत्रो चलाउने, सात ढुङ्गे खेल्ने लगायत असङ्ख्य परम्परागत खेलकुद विगतमा प्रचलनमा थिए । नयाँ पुस्ताले यस्ता खेलकुदको विधि, प्रक्रिया र कलात्मक सौन्दर्य भुल्दै गएको देखिन्छ ।

कतिपय परम्परागत खेलकुद जनावर तथा पन्छीसँग सम्बन्धित छन् । गोरु वा साँढे जुधाइ, भाले भिडन्त, घोडा दौड (घोडेजात्रा), हात्तीपोलो आदिलाई यसको दृष्टान्त मान्न सकिन्छ । यसभन्दाअघि बढेर सिकार खेल्ने कार्यलाई पनि खेलकुदसँग जोड्ने गरिएको पाइन्छ । सिकार गर्ने कार्यलाई 'सिकार खेल्ने' भनिन्छ, जसको खेलकुदसँग साइनो जोडिएको छनक मिल्छ ।

नेपालमा शासक तथा जनता दुवै तप्काले सिकार खेल्ने गरेका थिए । राणा खानदान तथा राजपरिवार सिकार खेल्ने कार्यमा सहभागी भएका अनेकन् दृष्टान्त भेटिन्छन् । प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणा विसं १९३३ मा रौतहटको पत्थरघट्टमा सिकार खेल्ने क्रममा बिरामी भई परलोक भएको प्रसङ्ग इतिहासका चर्चित घटनामध्ये एक मानिन्छ ।

जनस्तरमा विद्यमान सिकार खेल्ने परम्परा झनै बलियो देखिन्छ । सिकार खेल्न सिपालु व्यक्तिको समूहले बाघ भालु जस्ता हिंस्रक जनावरको सिकार गर्ने चलन नयाँ होइन । विगतमा बाघ भालुको सिकार गर्ने व्यक्तिलाई साफा गुथाउने तथा सिन्दूर जात्रा गरी अभिनन्दन गर्ने चलन थियो ।

पहिले पहिले सजिलो गरी सिकार गर्न सकियोस् भनी कुकुरको सहारा लिइन्थ्यो । कुकुरलाई सिकार गर्ने विधिबारे उचित तालिम दिएर सिकार गर्न योग्य बनाइन्थ्यो । त्यस्ता कुकुरलाई 'सिकारी कुकुर' भनिन्थ्यो । कतिपय जाति वा समुदायमा 'सिकारी देउता' को पूजा गर्ने चलन अहिले पनि कायमै छ, यसले सिकारी युगको विरासतलाई इङ्गित गर्छ ।

समयक्रमसँगै यस्ता खेलकुद दिनप्रतिदिन बिरानो बन्दै गएको छ । परम्परागत खेलकुद हराउँदै जाँदा त्यसले स्थानीय समुदायको भाषा र संस्कृति संरक्षणमा लगाएको गुन र त्यसबाट प्राप्त हुने असीम मनोरञ्जन र सौन्दर्यानुभूति (aesthetic joy) पनि पनि विस्मृत बन्दै गएको छ । यद्यपि सीमित मात्रामा भए पनि परम्परागत खेलकुद केही पुराना मानिसका स्मृति जीवित छन् ।

कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान २०७२ ले समग्रमा खेलकुदबारे बोले पनि परम्परागत खेलकुदबारे स्पष्ट बोलेको पाइँदैन । संविधानको धारा ३९ को भाग ४ धारा ५१ मा राज्यका नीति अन्तर्गत खण्ड (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिका १३ औँ बुँदामा स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमका रूपमा विकास गर्ने व्यवस्था गरिएको छ ।

राष्ट्रिय खेलकुद नीति, २०६७ ले झिनो रूपमा परम्परागत खेलकुदसम्बन्धी व्यवस्था गरेको पाइन्छ । त्यस नीतिको उद्देश्यसम्बन्धी खण्डको बुँदा (६) मा मनोरञ्जनात्मक, परम्परागत, साहसिक तथा खेलकुद पर्यटन उद्योगको विकास गरी राष्ट्रको आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्य लिइएको छ ।

> **राष्ट्रिय खेलकुद परिषद्ले आधुनिक खेलकुदका साथै परम्परागत तथा साहसिक खेलकुदलाई पनि प्रवर्धन गर्ने लक्ष्य लिइएको पाइन्छ ।**

राष्ट्रिय खेलकुद परिषद्ले आधुनिक खेलकुदका साथै परम्परागत तथा साहसिक खेलकुदलाई पनि प्रवर्धन गर्ने लक्ष्य लिएको पाइन्छ । परिषद्को सदस्य पदमा परम्परागत, साहसिक तथा पर्यटकीय खेल क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्यक्षले एक जना मानोनीत गर्ने व्यवस्था छ । 'युवा तथा खेलकुद मन्त्रालय' ले राष्ट्रिय खेलकुद परिषद्को सिफारिसमा परम्परागत रूपमा खेलिने खेललाई नेपालको मौलिक तथा परम्परागत खेल तोक्न सक्ने व्यवस्था गरिएको देखिन्छ ।

परम्परागत खेलकुद र संस्कृति

खेलकुद र संस्कृतिबीच गहिरो नाता रहन्छ । परम्परागत खेलकुदलाई स्थानीय समुदायले आफ्नो सम्पत्ति ठानी अपनत्व ग्रहण गर्छ । परम्परागत खेलकुदमा स्थानीय पहिचान झल्कन्छ, जसमा स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग हुन्छ । स्थानीय खेलकुद सञ्चालन गर्न धेरै खर्च लाग्दैन तर यसबाट स्थानीय समुदायले

भरपूर मनोरञ्जन प्राप्त गर्छन् । यो नै परम्परागत खेलकुदको सुन्दर पक्ष हो ।

खेलकुदमा सामाजिक पुँजीका रूपमा रहेका आपसी मेलमिलाप, माया, ममता तथा सद्भावलाई बलियो बनाउने शक्ति निहित छ । यस सन्दर्भमा दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मण्डेलाको कथन सान्दर्भिक हुन आउँछ । 'द ग्लोबर गोल्स' वेबसाइट (अप्रिल ६, २०२१) मा प्रकाशित मण्डेलाको कथन यस्तो छ, खेलकुदमा संसार बदल्ने शक्ति छ । कुनै अरू चिजले भन्दा खेलको शक्तिले मानिसलाई एकताबद्ध गर्न सक्दछ । यसले युवासँग उनीहरूकै भाषामा संवाद गर्छ । खेलकुदले नयाँ आशा जगाउँदछ । जातीय विभेद भत्काउन खेलकुद प्रभावकारी माध्यम हो ।


अहिले विभिन्न बहानामा विभाजनमुखी बन्दै गएको समाजमा साझा पहिचानसँग जोडिएको परम्परागत खेलकुदमार्फत आपसी मेलमिलाप, माया, ममता तथा सद्भावलाई बलियो बनाउन अत्यावश्यक छ । त्यसो त आपसी भाइचारा र मेलमिलाप हाम्रो संस्कृतिको एउटा महत्त्वपूर्ण पक्ष हो ।

असल अभ्यास

परम्परागत खेलकुदका लागि केही आशालाग्दा प्रयास नभएका होइनन् । केही चिन्तनशील व्यक्ति तथा संस्थाले परम्परागत खेलकुदबारे चिन्तन मनन गरी यसको संरक्षण र संवर्धनमा कदम चालिरहेका छन् ।

संयुक्त राष्ट्रसङ्घको शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले परम्परागत खेलकुदलाई अमूर्त सांस्कृतिक सम्पदा मानेको छ । युनेस्कोले विश्वभर परम्परागत खेलकुदको संरक्षण तथा संवर्धनमा योगदान दिँदै आएको छ । शारीरिक तथा मानसिक स्वास्थ्यका लागि

सांस्कृतिक सम्पदाका रूपमा रहेका परम्परागत खेलकुदलाई बहुआयामिक किसिमले संरक्षण एवं संवर्धन गर्नु उसको लक्ष्य रहेको पनि आइसिटिएसजीले जनाएको छ ।



खेलकुदलाई प्रोत्साहन गर्नुपर्ने र पाठ्यक्रममा अनिवार्य रूपमा समेट्नुपर्नेबारे पैरवी गर्दै आएको पाइन्छ ।

अन्तर्राष्ट्रिय संस्था 'इन्टरनेसनल काउन्सिल अफ ट्रेडिसनल स्पोर्ट्स एन्ड गेम्स' (आइसिटिएसजी) परम्परागत खेलकुदको संरक्षण र संवर्धनमा सरिक संस्था हो । आइसिटिएसजीको वेबसाइटमा प्रकाशित सामग्रीका अनुसार उसले परम्परागत खेलकुदसम्बन्धी गतिविधि अघि बढाउन विभिन्न देशका स्थानीयस्तरका संस्थासँग सहकार्य गर्दै आएको छ । सांस्कृतिक सम्पदाका रूपमा रहेका परम्परागत खेलकुदलाई बहुआयामिक किसिमले संरक्षण एवं संवर्धन गर्नु उसको लक्ष्य रहेको पनि आइसिटिएसजीले जनाएको छ ।

यता स्वदेशको कुरा गर्दा 'युवा तथा खेलकुद मन्त्रालय' ले बागलुङ, सोलुखुम्बु तथा सिन्धुपाल्चोक जिल्लामा प्रचलित परम्परागत खेलको प्रोफाइल तयार पारी प्रतिवेदन सार्वजनिक गरेको छ ।

२०७५ सालमा प्रकाशित त्यस प्रतिवेदनमा ४८ वटा रैथाने खेलको विवरण समाविष्ट छ । प्रतिवेदनमा नेपाली समाजको पहिचान र परम्परा झल्कने परम्परागत खेलकुद झल्काउन सबै तह र तप्काको सकारात्मक भूमिका अपेक्षित छ, भनिएको छ ।

धेरै ठाउँमा हराउँदै गएको छेलो हान्ने कार्य कतिपय ठाउँमा झिनो रूपमा भए पनि कायमै रहेको पाइन्छ । उदाहरणका लागि दुराडाँडाको तुर्लुङकोट कालिकामा चैते दशैँका अवसरमा हरेक वर्ष छेलो प्रतियोगिता गरिँदै आएको छ । त्यसो त छेलो हान्ने कार्य दुरा, गुरुङ, मगर आदि समुदायको जातीय संस्कृतिको हिस्सा रहँदै आएको छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेको अनुसन्धानमूलक संस्था

'नेपाल तथा एसियाली अनुसन्धान केन्द्र' ले नेपालमा खेलकुद विश्वविद्यालय स्थापना गर्ने सम्भाव्यता अध्ययन गरी गरी प्रतिवेदन सार्वजनिक गरेको छ। 'युवा तथा खेलकुद मन्त्रालय' सँग सहकार्यमा २०७८ सालमा गरिएको अध्ययनमा विश्वविद्यालयमा परम्परागत खेलकुदबारे पढाइ हुनुपर्नेबारे चर्चा गरिएको छैन, जुन दुःखद पक्ष हो। परम्परागत खेलकुदलाई विद्यालयदेखि विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न आवश्यक छ।

उपसंहार

परम्परागत खेलकुदसँग हाम्रो सांस्कृतिक पहिचान त जोडिएको छ नै, यससँगै सामाजिक मेलमिलाप र सुस्वास्थ्यको गहिरो नाता जोडिएको छ। यसले सहकार्य, सहनशीलता, सामूहिकता र नैतिकताको पाठ पनि नजानिँदो किसिमले सिकाउँदै आएको छ।

परम्परागत खेलकुदमा पर्याप्त स्थानीयपन, परम्परागत ज्ञान र विभिन्न समुदायले बोल्ने मातृभाषाका शब्द भेटिन्छन्, जो तीव्र गतिमा नाश भइरहेका छन्। हाम्रा पहिचान झल्कने यस्ता साझा सम्पत्तिलाई जोगाउन जनस्तर र राज्यस्तरबाट रणनीति तयार पारी कार्यान्वयन गर्न आवश्यक छ।


आधुनिकीकरण, शहरीकरण र विश्वव्यापीकरणले परम्परागत खेलकुद विलोपीकरणको सँघारमा पुगेको छ। यसका साथै परम्परागत खेलकुदसम्बन्धी ज्ञान र सिप नयाँ पुस्तामा सकुशल हस्तान्तरण हुने वातावरण नबन्नु अर्को गम्भीर चुनौती हो। जसलाई परम्परागत संरक्षण संवर्धनका क्षेत्रमा सरिक सरोकारवालाले आत्मसात् गरी हातेमालो गर्दै अघि बढ्नुपर्ने हुन्छ।

अचेल हरेक क्षेत्रमा अध्ययन अनुसन्धान आवश्यक भएको छ। खेल क्षेत्र यसको अपवाद बन्न सक्दैन। राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ ले खेलकुदसम्बन्धी अध्ययन अनुसन्धान कार्य अघि बढाउने लक्ष्य राखेको पाइन्छ। यस क्रममा आधुनिक खेलको मात्र नभई परम्परागत खेलबारे पनि अध्ययन तथा विश्लेषण गर्न आवश्यक छ।

खेलकुदबारे अध्ययन अनुसन्धान अघि बढाउँदा खेलको इतिहास, खेलकुदको पुनर्जीवनको सवाल, परम्परागत खेलकुद र योग विज्ञानबीचको अन्तरसम्बन्ध, खेल समाजशास्त्र, खेलकुद चिकित्सा, खेल मनोविज्ञान आदि विषयमा शोधकार्य गर्न सकिने पर्याप्त ठाउँ छ। यस दिशामा नयाँ पुस्ताका शोधार्थीको बौद्धिक सिर्जनशीलता अपेक्षित छ। ■

प्राचीन कुन खेल कहिले समावेश गरिए

वर्ष	ओलम्पिक	स्पर्धा
७७६ बीसी	पहिलो ओलम्पिक	स्टेड रेस
७२४ बीसी	१४ औं ओलम्पिक	डबल स्टेड रेस
७२० बीसी	१५ औं ओलम्पिक	लङ-डिस्टेन्स रेस
७०८ बीसी	१८ औं ओलम्पिक	पेन्टाथलन
७०८ बीसी	१८ औं ओलम्पिक	कुस्ती
६८८ बीसी	२३ औं ओलम्पिक	बक्सिङ
६८० बीसी	२५ औं ओलम्पिक	चारघोडे रथ दौड
६४८ बीसी	३३ औं ओलम्पिक	घोडा दौड
६४८ बीसी	३३ औं ओलम्पिक	पेनक्रेसन
५२० बीसी	६५ औं ओलम्पिक	रेस इन आर्मर
४०८ बीसी	९३ औं ओलम्पिक	दुईघोडे रथ दौड



-युवामञ्च

सन् १९१२, स्टकहोम



शुद्ध सुनको पदक

मे ५ देखि जुलाई २२ सम्म आयोजित यस ओलम्पिकमा पेन्टाथलन र डेकाथलन दुवैको स्वर्ण पदक जितेर अमेरिकी इन्डियन २४ वर्षीय जिम थोर्पले आफूलाई महान् खेलाडी साबित गरे । डेकाथलनमा उनले जति अङ्क प्राप्त गरेका थिए त्यति आगामी दुई ओलम्पिकसम्म कसैले पनि प्राप्त गर्न सकेनन् । थोर्पले सन् १९४८ को ओलम्पिकमा रजत पदकसमेत जितेका थिए ।

तर थोर्पले एक सामान्य लिग बेसबल प्रतियोगितामा एक हप्ता खेल्नका लागि दुई सय ४५ अमेरिकी डलर प्राप्त गरेको रहस्य सन् १९१३ मा खुलेपछि ओलम्पिक अधिकारीहरूले ओलम्पिकको गैरपेशेवर भावनालाई कायम राख्ने क्रममा थोर्पको पदक र कीर्तिमान खोसेका थिए ।

पछि सन् १९५२ देखि १९७२ सम्म आइओसीका अध्यक्ष भएका एभ्रे ब्रुन्डेज यहाँ पेन्टाथलनमा छैटौं भए । फिनल्यान्डका हानेस कोलिहमेनले पाँच हजार मिटर, १० हजार मिटर र क्रस कन्ट्री दौड जितेका थिए । सन् १९२० मा आएर उनले म्याराथन दौड पनि जिते ।

१४ खेलमा प्रतिस्पर्धा गर्न २८ देशका खेलाडी स्टकहोम आएका थिए । अन्तिम पटक यस ओलम्पिकमा विजेता खेलाडीलाई शुद्ध सुनको पदक प्रदान गरिएको थियो । साथै एसियाबाट पहिलो पटक जापानले ओलम्पिकमा सहभागिता जनायो । स्विडेनले बक्सिङ खेल खेलाउन मानेन र अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले फिगर स्केटिङलाई स्वीकार गरेन । यहाँ २८ देशका खेलाडीले १४ खेलमा प्रतिस्पर्धा गरेका थिए । ■




पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	२६	१९	१९	६४
२.	स्विडेन	२३	२५	१७	६५
३.	ग्रेट ब्रिटेन	१०	१५	१६	४१
४.	फिनल्यान्ड	९	८	९	२६
५.	फ्रान्स	७	४	३	१४

-युवामञ्च

सन् १९०८, लन्डन





छ महिना चलेको ओलम्पिक

फेरि दुई वर्षको अन्तरालमा ओलम्पिक आयोजना गरियो। सन् १९०६ मा माउन्ट विसुवियसमा भयङ्कर ज्वालामुखी विस्फोट भएर उत्पन्न भएको आर्थिक सङ्कटलाई देखाएर रोमले ओलम्पिक आयोजना गर्न नसक्ने बताएपछि लन्डनले पहिलो पटक ओलम्पिकको आयोजना गर्ने मौका पाएको थियो।

२२ देशका दुई हजारभन्दा बढी खेलाडीले लन्डन ओलम्पिकमा भाग लिए। यो ओलम्पिक अप्रिल २७ देखि अक्टोबर ३१ सम्म आयोजना गरिएको थियो। यस ओलम्पिकदेखि चारवर्षे निर्धारित अन्तरमा हालसम्म नियमित ओलम्पिक आयोजना भइरहेको छ। ओलम्पिक स्थापित भइसकेको यथार्थलाई लन्डन ओलम्पिकले प्रदर्शित गरेको थियो। छ महिना चार दिनसम्म सञ्चालन गरिएको यस ओलम्पिकलाई इतिहासमा सबैभन्दा लामो ओलम्पिक मानिएको छ।

राजनीतिक सङ्कटले पनि ओलम्पिकमा यहीँबाट प्रवेश पायो। ब्रिटेनले आयरल्यान्डलाई आफ्नो झन्डा प्रदर्शन गर्नबाट रोक्ने प्रयास गरेको थियो भने रुसले पनि फिनल्यान्डसँग त्यस्तै व्यवहार गऱ्यो। फिनल्यान्ड सोभियत साम्राज्यको हिस्सा भएकाले सोभियत झन्डामुनि फिनल्यान्डका खेलाडीले मार्चपास गर्ने अनुमान गरिए पनि धेरै खेलाडी बिनाझन्डा मार्चपासमा सहभागी भएका थिए। यस्तै स्विडेनको झन्डा नफराइएकाले स्विडेनका खेलाडीले उद्घाटन समारोह नै बहिष्कार गरे।

बोर युद्धमा लडेका लेफ्टिनेन्ट वेन्डहम हल्सवेल ओलम्पिक इतिहासमा वाकओभर पाई विजयी हुने पहिलो खेलाडी भए। चार सय मिटर दौडमा हल्सवेललाई छेकेका कारण एक अमेरिकी धावकलाई अयोग्य घोषित गरिएपछि अन्य दुई जना अमेरिकी धावकले पुनः दौड्न अस्वीकार गर्नाले हल्सवेल विजयी भएका थिए तर हल्सवेलले खेलमा बढी योगदान गर्न सकेनन्। सन् १९१५ मा पहिलो विश्वयुद्ध अवधिमा फ्रान्सको लडाइँमा उनको मृत्यु भयो।

सबैभन्दा नाटकीय घटना म्याराथनमा भयो। महारानी अलेक्जेन्ड्राको शाही आसनसम्म पुग्ने गरी म्याराथनको निर्धारित दूरीमा ३८५ गज थप गरियो। त्यसबेलादेखि ओलम्पिक म्याराथनको दूरी ४२.१९५ किलोमिटर रहेको छ।

यसै गरी इटालीका मिठाई निर्माता डोरान्डो पिएस्ट्रीलाई दौडका बेला ब्रिटिस अधिकारीले सहयोग गरेका कारण अयोग्य घोषित गरिएको थियो तर महारानीले उनलाई स्वर्ण प्रदान गरेर विवादास्पद कार्य गरेकी थिइन्।

यो ओलम्पिकमा २२ देशका खेलाडीले २२ खेलमा प्रतिस्पर्धा गरेका थिए। ■

-युवामञ्च

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	ग्रेट ब्रिटेन	५६	५१	३९	१४६
२.	अमेरिका	२३	१२	१२	४७
३.	स्विडेन	८	६	११	२५
४.	फ्रान्स	५	५	९	१९
५.	जर्मनी	३	५	५	१३

सन् १९०६, एथेन्स

मान्यता नपाएको ओलम्पिक

एथेन्सले छोटो अवधिमा दोस्रो पटक ओलम्पिक आयोजना गर्ने अवसर पाएको थियो। सेन्ट लुइसपछि मात्र दुई वर्षको अन्तरमा यो ओलम्पिक आयोजना गरियो। ओलम्पिकलाई स्थापित गर्न यो प्रतियोगिताको भूमिका हुन सक्छ तर यसका पदकलाई अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले मान्यता भने दिएन।

ग्रिसले ओलम्पिक आयोजना गर्ने प्रबल चाहना एथेन्समा प्रस्तुत गरेको थियो। पेरिस र सेन्ट लुइसको असफल ओलम्पिकपछि एथेन्समा खेल धेरै सफल भयो र आधुनिक ओलम्पिकलाई निरन्तरता दिन यसले सहयोग पुऱ्याएको मानिन्छ।

अप्रिल २२ देखि मे २ सम्म एथेन्समा यो ओलम्पिक आयोजना गरिएको थियो। यस ओलम्पिकबाट ज्याभ्लिन थ्रो र पेन्टाथल खेल ओलम्पिकमा जोडिए। फिनल्यान्ड पहिलो पटक ओलम्पिकमा सहभागी भयो र पहिलो प्रयासमै उसले स्वर्ण पदक प्राप्त गरेको थियो।

यस ओलम्पिकमा २० देशले सहभागिता जनाए र १२ खेल मात्र यहाँ समावेश गरिएको थियो। ■

–युवामञ्च

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	फ्रान्स	१५	९	१६	४०
२.	अमेरिका	१२	६	६	२४
३.	ग्रिस	८	१३	१३	३४
४.	ग्रेट ब्रिटेन	८	११	५	२४
५.	इटाली	७	६	३	१६



ओलम्पिक स्वर्ण पदक पाएको छ नेपालले

नेपालले ओलम्पिक खेलकुदमा एक स्वर्ण र एक कांस्य पदक हासिल गरेको इतिहास साक्षी छ । ती पदक विजेता कीर्तिमान साहसिक खेलाडी हुन् तेजवीर बुढा र विधान लामा ।

■ तुलसीहरि कोइराला



तेजवीर बुढा

तस्बिर सौजन्य : सुनिल उलक

अन्तर्राष्ट्रिय खेलकुदको कुम्भमेला भनेर चिनिने ओलम्पिक प्रतियोगिता फ्रान्सको पेरिसमा सुरु हुँदै छ । ओलम्पिकमा नेपालका तर्फबाट पनि सहभागिता हुँदै आएको छ तर पछिल्लो समयमा आएर कुनै प्रतियोगितामा नेपाली खेलाडीले पदक हात पार्न सकेका छैनन् । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अनुसार नेपालले ओलम्पिक कमिटीमा सन् १९६३ को जनवरी १ मा सदस्यता पाएको थियो ।

नेपालको पहिलो औपचारिक ओलम्पिक यात्रा सदस्यता पाएको अर्को वर्ष अर्थात् सन् १९६४ मा सम्भव

भयो। यो प्रतियोगिता जापानको राजधानी टोकियोमा भएको थियो। ओलम्पिकमा नेपाली खेलाडीले प्रतिस्पर्धामा खरो उत्रिएर पदक प्राप्त गर्न नसकेका भए पनि नेपाल ओलम्पिक पदकविहीन भने छैन।

धेरैलाई थाहा नहुन सक्छ तर नेपालले ओलम्पिक खेलकुदमा एक स्वर्ण र एक कांस्य पदक हासिल गरेको इतिहास साक्षी छ। ती पदक विजेता कीर्तिमान साहसिक खेलाडी हुन् तेजवीर बुढा र विधान लामा। तेजवीरले सन् १९२४ मा स्वर्ण पदक र लामाले सन् १९८८ को सोल ओलम्पिकमा कांस्य पदक प्राप्त गरेका थिए। यद्यपि विधान लामाले प्राप्त गरेको पदकको बारेमा धेरथोर जानकारी भए पनि तेजवीरले प्राप्त गरेको स्वर्ण पदकको इतिहास भने धेरैलाई थाहा नहुन सक्छ।

सन् १९८८ यता भने नेपालले सहभागितामै चित्त बुझाउनुपरेको छ। ठूलो उपलब्धि भनेको राष्ट्रिय कीर्तिमान सुधारमै सीमित रहेको छ। ओलम्पिकमा गएर राष्ट्रिय कीर्तिमान भङ्ग गर्न सक्यो भने उसलाई सफल खेलाडी मानिने गरिएको छ।

आरोहण दलको एक महत्त्वपूर्ण सदस्य थिए बुढा।

नेपालमा राणा शासनकालमा नेपालतर्फबाट सगरमाथा आरोहणमा प्रतिबन्ध लगाइएको थियो। आरोहीहरू तिब्बततर्फबाट सगरमाथा आरोहणको प्रयास गरिरहेका थिए। सोही आरोहण क्रममा बेलायती आरोहण दलले सबैभन्दा पहिलो प्रयास सन् १९२१ मै गरेको थियो। उक्त आरोहण दल सगरमाथाको सात हजार मिटरसम्म मात्रै पुग्न सफल भयो।

सिक्किम हुँदै सगरमाथा पुगेको आरोहण दलको नेतृत्व क्यानडाका सर्भे अधिकारी ओलिभर ह्विलरले गरेका थिए। आरोहण दलको उद्देश्य विश्वको अग्लो चुचुरो कुन हो भन्ने यकिन गर्नु पनि थियो। मौसम प्रतिकूलताका कारण यो टोली आरोहण प्रयास बीचमै छोड्न बाध्य भयो।

सन् १९२२ मा फेरि अर्को आरोहण दल बन्यो। आरोहण दलको नेतृत्व बेलायती सेनाका ब्रिगेडियर चार्ल्स जी. ब्रुसले गरेका थिए। ब्रुस नेतृत्वको आरोहण दलका महत्त्वपूर्ण सदस्य थिए तेजवीर। यो दलले सगरमाथा शिखर चुम्न नसके पनि आठ हजार मिटरभन्दा माथि पहिलो पटक मानव पाइला टेकेर इतिहास रचेको थियो। आठ हजार मिटरभन्दा माथि पुग्ने पहिलो व्यक्ति उनै तेजवीर बुढा थिए।

ओलम्पिकमा स्वर्ण पदक पाएका साहसी आरोही तेजवीर नेपाली इतिहासमा गुमनाम जस्तै छन्। उनी गोर्खा सैनिकको छैटौँ गोर्खा राइफल्सको दोस्रो बटालियनमा आबद्ध नेपाली थिए।

तेजवीर बुढा

सन् १९२४ मा फ्रान्सको राजधानी पेरिसमा भएको ग्रीष्मकालीन ओलम्पिकमा स्वर्ण पदक विजेता तेजवीर बुढाको बारेमा धेरैलाई थाहा नहुन सक्छ। उनको बारेमा थप रोचक कुरा के छ भने उनी ओलम्पिक स्थलमै नपुगी स्वर्ण पदक विजेता बनेका थिए!

यस्तो पनि हुन्छ!

खेलाडीले खेल मैदानमा उत्रिएर प्रतिस्पर्धा गरेर जित हासिल गरेपछि पाउने पदक बिनाप्रतिस्पर्धा दिइएको रोचक प्रसङ्ग यस्तो छ :

तेजवीर बुढा भारतमा बेलायती शासन भएको समयमा तत्कालीन ब्रिटिस इन्डिया कम्पनीमा काम गर्थे। उनी गोर्खा सैनिकमा भर्ना भएको केही वर्षमै पदोन्नति भएर 'लेसनायक' भएका थिए। ब्रिटिस सर्भेयरहरूले विश्वको सबैभन्दा अग्लो चुचुरो माउन्ट एभरेस्ट हो भन्ने पत्ता लगाएपछि उनीहरूमा आरोहणको हुटहुटी सुरु भएको थियो। यसैक्रममा सन् १९२२ मा बेलायती आरोहण दलले सर्वोच्च शिखर सगरमाथा आरोहणको तयारी गऱ्यो। सोही

तेजवीर बुढाका बारेमा धेरै कुरा बाहिर आएकै छैन। उनी ओखलढुङ्गा निवासी थिए भन्नेसम्म प्रकाशमा आएको छ तर उनका सन्ततिको बसोबास कहाँ छ र पुर्खा कहाँका थिए भन्ने पनि कुनै जानकारी प्राप्त छैन। सम्भवतः उनी प्रथम विश्वयुद्धताका गोर्खा सैनिकमा भर्ना भएका थिए। उनी सैनिक पृष्ठभूमिका हिमाल आरोही भएको 'दि गोर्खा ब्रिगेड एसोसिएसन' ले आफ्नो आधिकारिक वेबसाइट www.gurkhabde.com मा एक कुशल आरोहीका रूपमा चिनारी दिइएको छ।

तेजवीर खासमा आरोहण दलमा रहेका उच्च पदस्थ सैनिकका भान्सेका रूपमा सामेल थिए। सन् १९२४ को फेब्रुअरीमा १२ जना बेलायती र एक अस्ट्रेलियाली नागरिकसहित नेपालका तेजवीर र अन्य सात जना शेर्पालाई पनि ओलम्पिक स्वर्ण पदक दिइएको थियो। अन्य भरियाचाहिँ भारत र तिब्बतका हिमाली भरिया थिए।

यस पटक बेलायती आरोहण दल ८२३० मिटर उचाइसम्म पुग्न सफल भएको थियो। त्यसबेलासम्म कुनै पनि आरोही पुगेको सर्वोच्च उचाइ त्यही नै भएकाले दलमा सामेल सबैलाई ओलम्पिकमा स्वर्ण पदक दिइयो। त्यसरी पदक दिनुमा

आधुनिक ओलम्पिकका पिता भनिने पियरे डी कुबर्टिनको प्रस्तावको योगदान छ ।

सन् १९२४ मा पहिलो पटक भएको शीतकालीन ओलम्पिकमा 'अल्पाइनिजम' शीर्षक अन्तर्गत सबैभन्दा धेरै उचाइमा पुग्नेलाई पदक दिने निर्णय अनुसार तेजवीरले पनि स्वर्ण पदक पाएका थिए । तेजवीरले पाएको पदक बेलायतमा रहेको गोर्खा सङ्ग्रहालयमा सुरक्षित छ र अवलोकन गर्न सकिन्छ ।

ओलम्पिकमा स्वर्ण पदक पाएका साहसी आरोही तेजवीर नेपाली इतिहासमा गुमनाम जस्तै छन् । उनी गोर्खा सैनिकको छैटौँ गोर्खा राइफल्सको दोस्रो बटालियनमा आबद्ध नेपाली थिए भन्नेसम्म यकिन छ । तेजवीरका बारेमा जान्न नेपाली खेलप्रेमी निकै उत्सुक हुनु पर्छ । नेपालका पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनले ओलम्पिक दिवसका दिन नेपाल ओलम्पिक कमिटीको समारोहमा उनीबारे खोज अनुसन्धान हुनुपर्ने प्रसङ्ग उठाएका थिए ।

सन् १९२२ मा भएको सगरमाथा आरोहण दलमा सहभागी सबैलाई स्वर्ण पदक दिने घोषणा गरिएपछि दलमा सामेल २१ जनालाई नै स्वर्ण पदक दिइएको थियो । तीमध्येका १२ बेलायती, एक अस्ट्रेलियाली, एक नेपाली र सात शेर्पा भरिया भएको माथि नै उल्लेख गरिसकिएको छ । ती सात शेर्पा भरियाको भने आरोहण प्रयासकै क्रममा हिमपहिरोमा परेर मृत्यु भएको थियो । उनीहरूलाई मरणोपरान्त पदक दिइएको हो ।

बेलायतका तर्फबाट सगरमाथा आरोहणको प्रयास गर्ने तयारी भइरहँदा तत्कालीन भारतीय सेनापति लर्ड बारोन रलिन्सनसँग सहयोगका लागि आग्रह गरिएको थियो । सेनापति रलिन्सनकै अनुमतिमा छैटौँ गोर्खा राइफल्सको दोस्रो बटालियनका कमान्डर रहेका क्याप्टेन चार्ल्स ब्रुसले नै आरोहणको नेतृत्व गर्ने भएपछि उनले आफ्नो बटालियनका पाँच जना गोर्खा सैनिकको नाम सुझाएका थिए तर पछि पाँच नेपालीमध्ये केवल एक तेजवीर बुढा मात्र छानिए ।

सन् १९२१ मार्च १ मा उक्त आरोहण दलको ठूलो डफ्फा दार्जिलिङ हुँदै अघि बढ्यो । दार्जिलिङबाट १५० जना शेर्पा भरिया र चार जना भान्सेसहितको टोली आरोहणमा हिँडेको थियो । तेजवीर क्याप्टेन ब्रुसको निजी भान्से भएकाले उनलाई क्याप्टेनले साथमा लिएका थिए ।

ओलम्पिकसम्बन्धी केही तथ्य

- ओलम्पिक झन्डाका पाँच 'रिङ' को रचना पियरे डी कुबर्टिनले गरेका हुन् ।
- मुख्य ओलम्पिक झन्डा पेरिसस्थित बोन मर्चे स्टोरमा बनाइएको थियो ।
- ओलम्पिक झन्डा पहिलो पटक सन् १९२० को एन्टवर्प ओलम्पिकमा फहराइएको थियो ।
- सन् १९१२ मा स्टकहोम ओलम्पिकबाट महिलालाई औपचारिक रूपमा ओलम्पिकमा प्रतिस्पर्धा गर्ने अधिकार प्रदान गरिएको थियो । यही पहिलो पटक विद्युतीय उपकरणको प्रयोग भयो । ओलम्पिकमा पहिलो स्वर्ण पदक विजेता महिला टेनिस खेलाडी सारलोट कुपर हुन् ।
- ओलम्पिक झन्डामा लेखिएको तेज, उत्कृष्ट र बलिष्ठका प्रतिपादक फ्रान्सका रेम फादर डिडोन हुन् ।
- आधुनिक ओलम्पिकमा पहिलो म्याराथन दौडका विजेता स्प्रिडोन लुइस हुन् ।
- सन् १९६८ को मेक्सिको सिटी ओलम्पिकबाट खेलाडीहरूको यौन परीक्षण सुरु गरिएको थियो ।
- सन् १९६० मा रोम ओलम्पिकमा पहिलो पटक म्याराथन राति आयोजना गरिएको थियो ।
- चिकित्सक र पत्रकार बनेपछि पुलित्जर पुरस्कार जित्ने ओलम्पिक खेलाडी सन् १८९६ को पहिलो आधुनिक ओलम्पिकमा प्रथम पदक विजेता जेम्स कनोली हुन् ।
- एन्टवर्प ओलम्पिकमा रजत पदक जित्ने फ्लिप नोयलले सन् १९५९ मा शान्तिका लागि नोबेल पुरस्कार १० प्राप्त गरेका थिए ।
- सन् १९६८ बाट ओलम्पिकमा मस्कट बनाउने चलन बसेको हो ।
- सन् १९९२ को बार्सिलोना ओलम्पिकमा अमेरिकी बास्केटबल टिमलाई ड्रिम टिम भनिएको थियो ।
- ग्रीष्मकालीन र शीतकालीन दुवै ओलम्पिकमा स्वर्ण पदक जित्ने एक मात्र खेलाडी बक्सिङ खेलाडी एड्वर्ड इगन हुन् ।
- सन् १९२८ मो एमर्स्टड्याम ओलम्पिकमा पहिलो पटक ओलम्पिक ज्योति जलाइयो । ओलम्पिक ज्योतिको धारणा राख्ने पहिलो व्यक्ति थियोडोर लेवाल्ड हुन् ।
- सन् १९३६ को बर्लिन ओलम्पिकमा पहिलो पटक ओलम्पिक मसाल रिले सुरु गरिएको थियो ।
- सन् १९५२ को ओस्लो शीतकालीन ओलम्पिकमा पहिलो पटक ओलम्पिक मसाल रिले गरिएको थियो ।

स्वर्ण पदक माउन्ट एभरेस्ट (सगरमाथा) र बेलायतीको सम्मानमा प्रदान गरिएको थियो ।

सन् १९२२ मा सगरमाथा आरोहणका लागि बेलायतको क्विन्स हलमा सन् १९२१ को डिसेम्बर २० मा भएको समारोहमा आरोहण दलका प्रमुख हवार्डले सगरमाथा आरोहणको सम्पूर्ण तयारीका बारेमा प्रकाश पारेका थिए। आरोहण टोली नेता सेनाका ब्रिगेडियर चार्ल्स ग्रान्भिल ब्रुस तथा अन्यमा लेफ्टिनेन्ट कर्णेल एडवर्ड लिस्ले स्ट्रट, जर्ज मालोरी (आरोही), जर्ज इङ्गल फिन्च (आरोही), हेनरी ट्रेस मोर्सिड (आरोही), मेजर एडवर्ड फेलिक्स नर्टन (आरोही), डा. टम जर्ज लङ्गस्टफ (टिमको डाक्टर), डा. हवर्ड समरवेल (आरोही तथा डाक्टर), डा. अर्थर वेकफिल्ड (आरोही तथा डाक्टर), जोन नोएल (फोटोग्राफर तथा फिल्म बनाउने), जेफ्री ब्रुस (दोभाषे), मेजर चार्ल्स जोन मोरिस (दोभाषे), कोलिन ग्रान्ट क्रफोर्ड (दोभाषे) थिए।

आरोहणका लागि सबैभन्दा कठिन कार्य भनेको सगरमाथा आधार शिविरसम्म कसरी पुग्ने भन्ने नै थियो। यसका लागि तिब्बतको यात्रा पहिले नै तय गरेका सर्भे अफ इन्डियाका अफिसरहरूको सहयोग लिइएको थियो। यात्रा आरम्भ दार्जिलिङबाट नै गर्ने तय गरियो। सन् १९२२ मार्च २६ का दिन अधिकांश टोलीले सिक्किमको तिब्बती सीमासम्मका लागि रेलमा यात्रा तय गरेका थिए। उनीहरू मे १ तारिखमा सगरमाथाको उत्तरी आधार शिविर नजिकै पुगे।

आरोहणको रोचक कथा


विभिन्न ठाउँमा क्याम्प खडा गर्दै अगाडि बढेको टोली चौथो शिविरमा पुग्न सफल भएको थियो। १९ मेमा बिहान ८:४५ मा मालोरी, समरवेल, नर्टन तथा मोर्सिड नौ जना भरियाका साथ बिनाअक्सिजन तेस्रो शिविरका लागि अगाडि बढे। उनीहरूले टेन्ट बाँधेर रातका लागि व्यवस्था मिलाए। भोलिपल्ट पाँच जना भरिया र चार जना आरोही आरोहणका लागि अगाडि बढेका थिए।

उनीहरू करिब २५ हजार फिट उचाइमा पुगेपछि त्योभन्दा अगाडि जानै सकेनन्। त्यहीँ टेन्ट लगाएर बास बसेको ठाउँलाई उनीहरूले 'क्याम्प फाइभ' नाम दिए। दुई/तीन दिनसम्म अगाडि बढ्ने र फर्कनेक्रम चलिरह्यो। अन्ततः २७ मेमा बिहानै जर्ज फिन्च, जेफ्री ब्रुस र नेपाली भरिया तेजवीर बुढा अगाडि बढे। तेजवीरसँग चिसो थेग्ने बाक्लो ज्याकेटसमेत थिएन। तैपनि अगाडि बढिरहे। उनकै सहयोगमा जर्ज फिन्च र जेफ्री ब्रुस पनि २६ हजार फिटसम्म पुग्न सफल भए।

२७ हजार २३५ फिटमा पुगेपछि केही समस्या सुरु भयो। जेफ्री ब्रुसको अक्सिजन सिलिन्डरले एकाएक काम गर्न छोड्यो। ब्रुस आत्तिएको देखेपछि फिन्च पनि फर्किए। तेजवीर भने अगाडि बढिरहेका थिए। सायद २७ हजार ५०० फिट उचाइसम्म पुगेका थिए। उनको कपडाले चिसो सिरेटो थाम्नै सकेन। उनको ज्याकेट हावा प्रतिरोधी पनि थिएन। उनी एक्लै अगाडि बढ्न सक्ने अवस्था नभएपछि बाध्य भएर फर्किए। तिनै जना क्याम्प तीनका लागि झरे।

उनीहरूको खाना तथा अक्सिजन सकिँदै थियो।

ओलम्पिक रिङ



ओलम्पिक रिङ ओलम्पिक आन्दोलनको आधिकारिक चिह्न हो । चिह्नमा सेतो पृष्ठभूमिमा नीलो, पहेँलो, कालो, हरियो र रातो रङका पाँच वटा रिङ हुन्छन् ।

फ्रान्सका सामन्त पियरे डी कुबर्टिनले सन् १९१३ मा यस ओलम्पिक चिह्नको रचना गरेका थिए । विश्वका पाँच महादेशबाट खेलाडीहरु ओलम्पिकमा खेल्न आउँछन् । यही भएर ओलम्पिकका पाँच रिङमा रहेका रङमध्ये नीलोले युरोप, पहेँलोले एसिया, कालोले अफ्रिका, हरियोले अस्ट्रेलिया र रातोले उत्तर/दक्षिण अमेरिकाको प्रतिनिधित्व गर्छन् । रिङमा रहेका रङमध्ये कम्तीमा पनि एक रङ विश्वका प्रत्येक देशको झन्डामा रहेको छ ।

ओलम्पिक रिङलाई पहिलो पटक सन् १९२८ को शीतकालीन ओलम्पिकको पदकमा अङ्कित गरिएदेखि यसलाई सबै शीतकालीन ओलम्पिकमा निरन्तरता दिइयो । सन् १९५६ को मेलबर्न ओलम्पिकमा इक्वेस्ट्रियन खेलको पदकमा रिङलाई अङ्कित गरिएपछि ग्रीष्मकालीन ओलम्पिकको पदकमा पनि रिङ अङ्कित गर्ने परम्परा बसेको थियो । ■

-युवामञ्च

२७ तारिखमा जोन म्याकडोनल्ड केही नयाँ भरियाका साथ अक्सिजन तथा खानेकुरा लिएर पुगे। जसले गर्दा सबैलाई राहत त भयो तर मौसम बिग्रेको हुँदा केही दिन क्याम्प तीनमा नै बस्नु पर्‍यो। मौसम सुधार भएपछि जुन ७ मा पुनः आरोहण प्रयास गर्ने सोचाइमा थिए। जुन ३ तारिखका दिन केही भरियाका साथ क्याम्प चारतर्फ आउँदै गर्दा अचानक ठूलो आवाज सुनियो। बम गोला पड्किए जस्तो भयो। सबै आत्तिए र केको आवाज हो भन्ने पनि पत्तो लागेन।

आवाज त हिमपहिरोको पो रहेछ !

हिमपहिरोले तहसनहस बनायो। को कता पुग्यो भन्ने नै भएन। थोरै मात्र पुरिएका एक भरिया मुस्किलले हिउँ हटाएर पुरिएको ठाउँबाट निस्कन सफल थिए। पाँच जनालाई गाडिएको अवस्थाबाट ठूलो साहस र परिश्रमले निकालियो। दुःखको कुरा तीमध्ये चार जनाले प्राण त्यागिसकेका थिए। दुई सकुशल भएकाहरू तल झर्न थालिसकेका थिए। सबै गर्दा सात जना भरिया– नर्बु शेर्पा, ल्हाक्पा शेर्पा, पासाङ शेर्पा, पेम्बा शेर्पा, दोर्जे शेर्पा, टेम्बा शेर्पा तथा साङ्गे शेर्पाको निधन भयो। यस निधनले आरोहण टोलीलाई ठूलो पीडा दियो। मुस्किलले बाँचेकाहरू आरोहण प्रयास त्यागेर आधार शिविरतिर झरे।



सन् १९२४ जनवरी २५ को दिन फ्रान्सको चामोनिक्स शहरमा भएको शीतकालीन ओलम्पिक खेलमा कर्णेल स्टुटले सबै सगरमाथा आरोहीको प्रतिनिधित्व गर्दै स्वर्ण पदक ग्रहण गरेका थिए। आरोही टोलीका चार्ल्स ब्रुस, एडवर्ड स्ट्रट, जर्ज मालोरी, जर्ज फिन्च, हेनरी मोर्सिड, एडवर्ड नर्टन, टम लङ् गस्टफ, हवर्ड समरवेल, अर्थर वेकफिल्ड, जोन नोएल, जेफ्री ब्रुस, चार्ल्स मोरिस तथा कोलिन क्रफोर्डसमेत १३ जनालाई ओलम्पिक कमिटीले स्वर्ण पदक हस्तान्तरण गरेको थियो।

यसको केही समयपछि आरोहणमा प्रमुख भूमिका निर्वाह गर्ने मात्र नभई सबैभन्दा उचाइमा पुग्ने नेपाली सहयोगी तेजवीर बुढाका साथ आरोहण प्रयासको समयमा देहान्त भएका सातै जना शेर्पालाई पनि स्वर्ण पदक दिने निर्णय गरियो। सगरमाथामा जीवन गुमाएका शेर्पाहरूले ओलम्पिक स्वर्ण पदक प्राप्त गरेको ८८ वर्षपछि सन् २०१२ मा पर्वतारोही केन्टन कुलले सो स्वर्ण पदक सगरमाथाको शिखरमा शेर्पाहरूको सामु प्रदर्शन गरेका थिए।

खासमा त्यो स्वर्ण पदक माउन्ट एभरेस्ट (सगरमाथा) र बेलायतीको सम्मानमा प्रदान गरिएको थियो। बेलायतीको आरोहण दल नभएर अन्य देशको थियो भने दिइन्थ्यो वा दिइन्नथ्यो भन्ने पनि द्विविधा हुन्छ। जे होस् सगरमाथाको सम्मानको यो परम्परा सन् २००८ को बेइजिङ ओलम्पिकमा पनि देखाइयो। ओलम्पिक झन्डालाई चिनियाँ आरोहीले सगरमाथा (चोमोलोङ्मा) मा फहराएका थिए।

विधान लामा

विधान लामा तेक्वान्दो खेलाडी हुन्। उनले सन् १९८८ को २४ औँ सोल ओलम्पिकमा प्रदर्शन खेलका रूपमा समावेश गरिएको तेक्वान्दोमा ओलम्पिक कांस्य पदक जितेका थिए।

प्रतिस्पर्धामा नराखी केवल प्रदर्शन खेलका रूपमा समावेश गरिएकाले यसलाई आधिकारिक पदक तालिकामा समावेश गरिएको छैन। तेक्वान्दोलाई जब प्रतिस्पर्धामा समावेश गरियो त्यसपछि भने अहिलेसम्म नेपाल पदक नजिकसम्म पनि पुग्न सकेको छैन। सहभागिता केवल व्यक्तिगत प्रदर्शनमै सीमित बनेको छ। सन् १९९२ अघिसम्म आयोजक देशमा लोकप्रिय खेललाई प्रवर्धन गर्ने उद्देश्यले प्रतिस्पर्धालाई अनौपचारिक सत्रमा राखिने गरिएको थियो। सन् १९८४ को लसएन्जेलस ग्रीष्मकालीन ओलम्पिकमा बेसबललाई प्रदर्शन खेलमा राखिएको थियो। त्यस्तै गरी १९८८ को सोल ओलम्पिकमा तेक्वान्दोलाई राखियो।

तेक्वान्दो कोरियाको राष्ट्रिय खेल हो। कोरियाकै लामो प्रयासपछि तेक्वान्दोलाई ओलम्पिकको खेल सूचीमा भित्र्याइएको थियो। विधान लामाले प्रदर्शन खेलमा मात्र नभएर अघिल्लो वर्ष नै विश्व च्याम्पियनसिपमा पनि पदक जितिसकेका थिए। विश्व च्याम्पियनसिपमा पदक जितेकालाई सोल ओलम्पिकमा सोझै खेल्न बोलाइएको थियो। विधान पनि त्यसैमा परेका थिए।

विधानको ५० केजी तौल समूहमा १६ खेलाडी थिए। पहिलो चरणमा विधानले बेलायतका खेलाडीलाई ढाले। दोस्रो चरणमा जर्मनीका खेलाडीलाई पनि सहजै पराजित गरेर सेमिफाइनलमा प्रवेश गरे। सेमिफाइनलमा अमेरिकी खेलाडीसँग उनी पराजित भए। हारेर पनि उनी कांस्य पदकको हकदार भने भइसकेका थिए।

उनी केही वर्षदेखि परिवारसहित अमेरिका बस्दै आएका छन्। एक/दुई वर्षको अन्तरमा नेपाल आइरहन्छन्। केही वर्षअघि नेपाल आएका बखत पत्रपत्रिकाले उनको अन्तर्वार्ता लिएका थिए। नेपाल तेक्वान्दो सङ्घले सम्मानसमेत गरेको थियो। खासमा विधानलाई तेक्वान्दो ओलम्पिकमा प्रदर्शन

खेलमा मात्र राखिएको हो भन्ने पनि थाहा नभएको बताएका छन् । पदक जितेपछि मात्र उनले आधिकारिक पदक नभएको थाहा पाएर निराश भएका थिए रे ।

विधान लामाको परिवार दोलखा जिल्ला निवासी हो । हजुरबुवाकै पालामा काठमाडौँको लैनचौर बसाइँसराइ भएको थियो । लैनचौर, लाजिम्पाटमा ब्रिटिस लाहुरेको बाक्लो बस्ती थियो । उनीहरू मार्सल आर्ट्स खेल्थे । त्यही परिवेशमा विधान पनि हुर्के । विधानलाई पहिलादेखि नै मार्सल आर्ट्समा रुचि थियो । उनले पहिले कराँते खेल्न सुरु गरेका थिए ।

सन् १९८२ मा रङ्गशालामा सर्वसाधारणले कराँते खेल्न पाउने गरी फुकुवा गरिएको थियो । दुःखको कुरा त त्यतिबेला तेक्वान्दो नेपालमा प्रतिबन्धित थियो । पुलिस र सेनामा मात्रै खेल्न पाइन्थ्यो । अर्को वर्ष तेक्वान्दो पनि सर्वसाधारणलाई खेल्न फुकुवा गरिएपछि विधान त्यतै लागे । कराँते खेलिरहेको र तेक्वान्दो पनि थाहा भएकाले उनले ह्वाइट बेल्टका लागि खेल्नै परेन । सिधै ब्लु बेल्ट पाएथे ।

विधान ब्रुस लीका भक्त थिए । घरभरि ब्रुस लीका मात्र पोस्टर टाँसेको उनले बताएका छन् । २०३९ सालमा काठमाडौँमा भएको युवा महोत्सवबाट विधानले स्वर्ण पदक जित्ने अभियान सुरु गरेका थिए । त्यसपछि आमन्त्रण प्रतियोगितामा सबैमा पहिलो र दोस्रो हुन थाले । उनले भाग लिएका प्रतिस्पर्धामा कहिल्यै पदकविहीन हुनु परेन ।

छैटौँ एसियन च्याम्पियनसिप सन् १९८४ मा फिलिपिन्समा हुँदै थियो । उनले पहिलो पटक नेपालबाट खेल्ने मौका पाएका थिए । यसमा खेल्न जानुअगाडि कोरियामा तीन महिना त्यहाँको राष्ट्रिय टोलीसँग अभ्यास गर्ने मौका पाएथे । यहीँबाट विधानले आफूलाई परिपक्व खेलाडीका रूपमा प्रस्तुत गरे ।

अर्को वर्ष विश्व च्याम्पियनसिपको आयोजना भएथ्यो । कोरियामा भएको त्यो प्रतियोगिताका लागि प्रशिक्षण पनि त्यहीँ लिएथे । उनको प्रतिद्वन्द्वी थिए कोरियाली मूलका अमेरिकी खेलाडी । यसमा उनले निकै राम्रो खेले । रेफ्रीले केही समयपछि मात्र अमेरिकी खेलाडीलाई विजेता घोषणा गरेका थिए । यो प्रतियोगिता अगाडिसम्म विधानको परिचय खासै थिएन तर त्यही एक भिडन्तका लागि उनलाई ‘बेस्ट पर्फमेन्स फाइटर’ को उपाधि दिइएको थियो । सन् १९८६ मा अस्ट्रेलियामा एसियन तेक्वान्दो च्याम्पियनसिपमा राम्रो प्रदर्शन गर्दै उनी फेरि सोल पुगेका थिए, एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्न ।

एसियाली खेलकुदमा विधान पदक जित्ने एक्लो खेलाडी भने थिएनन् । बक्सिङ र तेक्वान्दोका ४४ खेलाडीले कांस्य पदक जितेका थिए । एसियाली खेलकुदमा कहिल्यै पदक जित्न नसकेको नेपालले एकैपटक आठ कांस्य पदक जितेको थियो ।

सन् १९८७ को बार्सिलोनाको विश्व च्याम्पियनसिपमा उनी पदक जित्ने नेपालका पहिलो तेक्वान्दो खेलाडी बन्न सफल भए । यसपछि पनि थुप्रै पदक जितेका विधानको मूल परिचय भने ओलम्पिक प्रदर्शन खेलमा जितेको कांस्य पदक नै बनेको छ । ■



ओलम्पिकमा खेल्ने कान्छा खेलाडी ग्रिसका डिमिट्रिअस लान्ड्रस हुन् । उनले १० वर्षको उमेरमै सन् १८९६ को पहिलो आधुनिक ओलम्पिकमा भाग लिएर जिम्न्यास्टिकमा तेस्रो स्थान हासिल गरेका थिए । ■

–युवामञ्च

सन् १९०४, सेन्ट लुइस



धावकको पछाडि कुकुर

रुसो–जापानी युद्धले गर्दा समुद्री यात्रा कठिन भएको तथा महँगो समुद्री यात्राका कारण सेन्ट लुइसमा समुद्रपारिका छ देशले मात्र भाग लिएका थिए। यो ओलम्पिक सेन्टलुइस जुलाई १ देखि नोभेम्बर २३ सम्म आयोजना गरियो।

अमेरिकामै पनि ओलम्पिक आयोजनाका लागि पटक पटक शहर परिवर्तन गरिएपछि अन्त्यमा मिजौरी राज्यको सेन्ट लुइसले ओलम्पिक आयोजनाको अवसर पाएको थियो। अन्तर्राष्ट्रिय मेलासँगै ओलम्पिक सुरु भयो र यो ओलम्पिक पाँच महिनासम्म लम्बियो।

तास खेलेर आफ्नो सबै रकम हारी न्यु ओर्लिन्सबाट सहयोग रकम माग्दै ओलम्पिकमा पुगेका क्युबाका हुलाकी फ्लेक्स कार्भाजल तथा मेलामा बोर युद्धको प्रदर्शनमा आएका दुई जना जुलु लेन्टाउ र यामासानीलाई ओलम्पिकमा सम्मानित धावकको सम्मान दिइएको थियो।

ओलम्पिकको सुरुवात ढिलो भयो र कार्भाजलको आर्थिक स्थिति अझ खस्कँदै गयो। उनी दौडमा चौथो भए भने लेन्टाउले छिटो दौड्न मैदानमा आफ्नो पछाडि दुई कुकुर दगुराएका थिए। तैपनि उनी नवौं स्थानमा पछारिए।

मध्याह्नमा धुलोयुक्त सडकमा भएको सो दौड ब्रिटेनमा जन्मिएका म्यासाच्युसेटका थोमस हिकले जिते। न्युयोर्कका फ्रिड लोर्जले सुरुमा यो दौड जितेका थिए तर नौ माइलपछि उनले मोटर चढेर दूरी पूरा गरेको थाहा भएपछि लोर्जबाट पदक खोसियो। उनी खेल्नबाट आजीवन प्रतिबन्धित गरिए तापनि सन् १९०५ मा उनले बोस्टन म्याराथन जितेका थिए। यस ओलम्पिकमा १२ देशले सहभागिता जनाए र कुल १६ खेल समावेश गरिएको थियो।

अधिकांश खेलाडी अमेरिकाकै भएका कारण अमेरिकाले पदक तालिकामा अप्रत्याशित सफलता प्राप्त गरेको थियो। यहाँ ओलम्पिकबाट बक्सिङ र डेकाथलन ओलम्पिक खेलको हिस्सा भए। ■

–युवामञ्च

पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	७६	७८	७७	२३१
२.	जर्मनी	४	५	६	१५
३.	क्यानडा	४	१	१	६
४.	क्युबा	३	०	०	३
५.	हङ्गेरी	२	१	१	४



सन् १९००, पेरिस

उद्घाटनबिनाको ओलम्पिक


कुबर्टिनको देशको राजधानी पेरिसमा यो ओलम्पिक आयोजना गरियो । सन् १८९४ मै कुबर्टिनले पेरिसमा ओलम्पिक आयोजना गर्न प्रस्ताव गरेका थिए र त्यसको छ वर्षपछि पेरिसले ओलम्पिक आयोजनाको मौका प्राप्त गर्‍यो ।

यो ओलम्पिक मे १४ देखि अक्टोबर २८ सम्म आयोजना गरिएको थियो तर ओलम्पिकको उद्घाटन र समापन सामारोह सञ्चालन गरिएन । सन् १९०० को विश्व मेलाको एक हिस्साका रूपमा आयोजना गरिएकाले यस ओलम्पिकले खासै महत्त्व पाउन सकेन । कतिसम्म भने कतिपय स्पर्धा जितिसकेका खेलाडीले आफू ओलम्पिक च्याम्पियन भएको सुरुमा थाहासमेत पाएनन् । महिलाले यस ओलम्पिकबाट सहभागिता जनाउन सुरु गरे र अमेरिकाकी सेलर खेलाडी हेलन डी पोर्टालेस च्याम्पियन हुने पहिलो महिला खेलाडी भइन् । यहाँ विजेतालाई पदक नदिएर कप र ट्रफी प्रदान गरिएको थियो ।

पेन्सिलभेनिया विश्वविद्यालयको एकै कोठामा बस्ने एल्बिन क्रएन्जलिन, इर्भिङ बक्सटर, जोन ट्युक्सवरे र प्युरड्युका रे श्वरेले २३ वटा ट्र्याक एन्ड फिल्ड स्पर्धामा ११ वटामा विजय प्राप्त गरेका थिए ।

एक ओलम्पिकमा व्यक्तिगत चार एथलेटिक्स स्पर्धामा प्रथम स्थान हासिल गर्ने एल्बिन अझै पनि एक मात्र ओलम्पिक खेलाडी हुन् । उनले ११० मिटर बाधा दौड, लङजम्प र ६० मिटर बाधा दौड तथा दुई सय मिटर बाधा दौड जितेका थिए । २६ देशले यस ओलम्पिकमा सहभागिता जनाएका थिए र १९ वटा खेल ओलम्पिकमा समावेश गरिएको थियो । ■





पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	फ्रान्स	२७	३८	३७	१०२
२.	अमेरिका	१९	१४	१५	४८
३.	ग्रेट ब्रिटेन	१५	८	९	३२
४.	मिश्रित टिम	८	५	६	१९
५.	बेल्जियम	६	७	४	१७

-युवामञ्च

सन् १८९६, एथेन्स



पदक तालिका

क्र.सं.	देश	स्वर्ण	रजत	कांस्य	जम्मा
१.	अमेरिका	११	७	२	२०
२.	ग्रिस	१०	१८	१९	४७
३.	जर्मनी	६	५	२	१३
४.	फ्रान्स	५	४	२	११
५.	ग्रेट ब्रिटेन	२	३	२	७

ओलम्पिक पुनर्जीवित



फ्रान्सका सामन्त पियरे डी कुबर्टिनले ओलम्पिकमा सहभागिताका लागि दिएको आमन्त्रणमा लिखित समर्थन दिने २१ देशमध्ये १३ देशले मात्र एथेन्समा सहभागिता जनाए। आयोजक ग्रिसको टिम स्वतः खेलेको थियो। एथेन्समा नौ वटा खेल एथलेटिक्स, साइक्लिङ, फेन्सिङ, जिम्न्यास्टिक, टेनिस, सुटिङ, पौडी, भारोत्तोलन र कुस्ती समावेश गरिएका थिए। यी प्रतियोगिता सन् १८९६ अप्रिल ६ देखि १५ सम्म आयोजना गरिएको थियो।

यो प्रतियोगिता आयोजना गर्न कुबर्टिनले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी स्थापना गरेका थिए। यस ओलम्पिकमा अमेरिका, ग्रिस, फ्रान्स, ग्रेट ब्रिटेन, जर्मनी, अस्ट्रिया, अस्ट्रेलिया, बुल्गेरिया, चिली, डेनमार्क, हङ्गेरी, इटाली, स्विट्जरल्यान्ड र स्विडेनले सहभागिता जनाए।

ग्रिसका वास्तुकार जिओर्जिअस एभिरोफलले एथेन्स ओलम्पिकमा सर्वाधिक पदक जिते र त्यस समयमा अधिकांश खेलाडी एथेन्सको भ्रमणको उद्देश्यले लिएर मात्र आएका थिए। अर्थात् उनीहरूको ध्येय एथेन्स घुमफिर गर्ने थियो। ओलम्पिकले जन्म लिएको १५ सय २७ वर्षपछि आयोजित आधुनिक युगको पहिलो ओलम्पिकमा पहिलो स्वर्ण पदक जित्ने खेलाडी अमेरिकाको बोस्टनका जेम्स कोनोले भए। उनले स्टेप एज जम्पमा सो पदक जितेका थिए।

ग्रिसका गोठाला स्परेडन लुइसले पहिलो म्याराथन दौडको पदक जिते। उनले सात मिनेटभन्दा बढीको समयान्तरले दौड जितेका थिए। ४९० बिसीमा म्याराथनको युद्धमा ग्रिसका नायक फिडिपेडिस दौडिएको बाटोबाटै लुइसले दौडेर म्याराथन पूरा गरेका थिए।

यो ओलम्पिक प्रयोजनका दृष्टिबाट समेत महत्त्वपूर्ण रह्यो। पहिलो आधुनिक ओलम्पिकलाई कोडाक कम्पनीले प्रायोजन गर्‍यो, जुन प्राचीन ओलम्पिकको परम्पराविपरीत कार्य थियो। ■

-युवामञ्च




डोपिङ एक अभिशाप

खेल क्षेत्रमा आधुनिक डोपिङ अवास्तविक कृत्रिम प्रतिस्पर्धाको पर्याय बन्दै गएको देखिन्छ। यो नतिजामूलकसमेत बन्ने गरेको छ, तथापि कतिपय खेलाडीले पछि जाँचबाट लज्जित हुने र कारबाहीमा समेत परेका छन्। सत्य कुरा के हो भने यसका कारणले असल र प्रतिभाशाली खेलाडीले अर्को खेलाडीसँग होइन डोपिङसँग प्रतिस्पर्धा गर्नु परिरहेको छ। यसैले डोपिङ खेल क्षेत्रका लागि एउटा अभिशाप र ठूलो सङ्कट हो। त्यसमाथि विज्ञानले डोपिङलाई अभेद बनाउँदै लगेको छ।

अहिले खेलाडीबीचको प्रतिस्पर्धाभन्दा पनि खेल नियामक अधिकारी र खेलाडीले डोपिङसँग बढी जुध्नु परिरहेको छ। यही भएर होला कुनै बेला अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका तत्कालीन अध्यक्ष हुँआ एन्टोनियो समारान्चले भनेका थिए, "हो डोपिङ मृत्यु जस्तै छ। आफ्नो क्षमतामा पर्दा हालेर

डोपिङले खेलकुदमा यस्तो प्रतिद्वन्द्वीका रूपमा प्रवेश गरेको छ जसले खेल भावना र मेहनतले होइन, कुनै पनि हत्कण्डाले जित्नुपर्ने मानसिकता विकास गराएको छ।


बेन जोन्सन



खेलाडीले आफ्नो क्षमतामा विश्वास नगरेर सफलताको महत्त्वाकाङ्क्षाले स्वयं डोपिङ अपनाउँछन् भने राज्यले बृहत् रूपमा आफ्ना खेलाडीका लागि डोपिङ कार्यक्रम नै सञ्चालन गर्ने तथ्य रुस र पूर्वी जर्मनीका घटनाबाट स्पष्ट भइसकेको छ ।

ठगीलाई स्वीकार गर्नु भनेको मृत्यु नै हो । त्यहींनिर खेल भावना र खेलाडीको प्रतिभाको मृत्यु हुन्छ ।"

कुरा सन् १९८८ मा सम्पन्न सोल ओलम्पिकको हो । क्यानडाका बेन जोन्सनले ९.७९ सेकेन्डमा दौडेर विश्व कीर्तिमान राख्दै सय मिटर दौड जित्नुलाई स्वाभाविक नै मानियो किनभने पछिल्लो ओलम्पिकका विजेता कार्ल लुइसलाई उनले सोल आउनुअघि छ प्रतिस्पर्धामा हराइसकेका थिए । जोन्सनको जितले औधि खुसी क्यानडाका तत्कालीन प्रधानमन्त्री ब्रायन मोरोनीले प्रत्यक्ष टेलिभिजन प्रसारणबाटै टेलिफोन गरेर जोन्सनलाई बधाई दिँदै भने, "क्यानडाका लागि यो अद्भुत साँझ हो," तर खेल्दै नखेलेर पनि डोपिङका कारण मोरोनीले एकैछिनमा लज्जाबोध गर्नुपर्‍यो र बधाई दिए जसरी माफी माग्नुपर्ने भयो । जोन्सन डोपिङमा दोषी पाइए र लगत्तै मोरोनीले फेरि टेलिभिजनमा आएर भन्नु पर्‍यो, "सबै क्यानडेलीका लागि यो अत्यन्त व्यथा र दुःखको समय हो ।"

विश्वमा जे जति डोपिङ काण्ड भएका छन् तिनमा जोन्सनको घटना प्रमुख सूचीमा पर्दछ । जोन्सन डोपिङमा परेपछि २४ घण्टामै उनी बसेको होटलको कोठामा गएर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका पदाधिकारीले स्वर्ण पदक खोसेका थिए । वास्तवमा डोपिङले खेलकुदमा यस्तो प्रतिद्वन्द्वीका रूपमा प्रवेश गरेको छ जसले खेल भावना र मेहनतले होइन, कुनै पनि हत्कण्डाले जित्नुपर्ने मानसिकता विकास गराएको छ ।

सन् १९८९ मा जर्मनीको एकीकरणपछि डोपिङसँग जोडिएको सनसनीपूर्ण तथ्य बाहिर आयो । कुरा थियो, तत्कालीन पूर्वी जर्मनीले राज्य प्रायोजित डोपिङ कार्यक्रम नै सञ्चालन गरेको रहेछ । पूर्वी जर्मनीले सन् १९७० देखि १९८० को दशकमा योजनाबद्ध रूपमा आफ्ना खेलाडीलाई शक्तिवर्धक औषधिले सुसज्जित पारेको तथ्य सार्वजनिक भएको थियो । यसबाट राज्यले आफ्ना खेलाडीमाथि होइन डोपिङमा विश्वास गरेको देखियो ।

भलै पश्चिम जर्मनी यस काण्डमा निर्दोष थियो तर विगतको डोपिङ तथ्य सार्वजनिक भएर एकीकृत जर्मनीले विश्वसामु शिर झुकाउनु पर्‍यो । राज्य प्रायोजित डोपिङ त्यत्तिमै सीमित भएन । सन् २०१४ को सोची हिउँदे ओलम्पिकमा आयोजक रुसले योजनाबद्ध रूपमा आफ्ना खेलाडीलाई डोपिङमा लगाएको कुरा एक वर्षपछि अनुसन्धानबाट खुल्यो । रुसको प्रायोजित डोपिङ कार्यक्रम सञ्चालनको कुरा खुलेपछि उसका धेरै खेलाडी प्रतिबन्धमा परेका कारण सन् २०१६ को रियो ओलम्पिकमा सहभागिता जनाउन पाएका थिएनन् । केही खेलाडीले तटस्थ भएर त्यहाँ सहभागिता जनाउन पाए तर रुसको झन्डा रियो डि जेनेरियोमा फहराइएन ।

खेलकुद इतिहासमा जोन्सन शहरका अन्य धेरै खेलाडी छन् जसले प्राप्त गरेका उपलब्धि प्रतिबन्धित औषधि प्रयोग गरेकै कारण उपेक्षामा परेका छन् र तिनका सफलता रेकर्ड पानाबाट गायब छन् । प्रख्यात साइकल दौड खेलाडी लान्स आर्मस्ट्रङ्गले जितेका टुर डी फ्रान्सका सात उपाधि खोसिएको छ बेसबल खेलाडी बेरी बन्ड्सको नाम प्रसिद्ध 'हल अफ फेम' बाट हटाइएको छ । यसरी डोपिङका कारणले लज्जित हुने र कारबाहीमा पर्ने अन्य धेरै खेलाडी पनि छन् । कतिपय खेलाडीले आफ्नो क्षमतामा विश्वास नगरेर सफलताको महत्त्वाकाङ्क्षाले स्वयं डोपिङ अपनाउँछन् भने राज्यले बृहत् रूपमा आफ्ना खेलाडीका लागि डोपिङ कार्यक्रम नै सञ्चालन गर्ने तथ्य रुस र पूर्वी जर्मनीका घटनाबाट स्पष्ट भइसकेको छ ।

के हो डोपिङ ?

खेलाडीले आफ्नो क्षमताभन्दा माथिको स्तरीय प्रदर्शन गर्न कृत्रिम रूपमा शक्तिवर्धक औषधि प्रयोग गर्नु डोपिङ

हो । डोपिङको सहारा लिएका खेलाडीको प्रदर्शनमा ठूलो सुधार आउँछ । शक्तिवर्धक तत्त्वले शरीरको अक्सिजन उपयोग गर्ने क्षमता बढाउँछन्, अपर्झट आइपर्ने ऊर्जाको आवश्यकता शरीरले सजिलै पूर्ति गर्छ, खेलाडीलाई थकान लाग्दैन र स्फूर्ति बढेको हुन्छ, मांसपेशी लचकदार र बलिया बन्छन् तथा खेलाडी मानसिक रूपमा सशक्त पनि बन्छ ।

यी सबै कुरा हुने भएपछि जितका लागि किन शक्तिवर्धक औषधि प्रयोग नगर्ने ? जितसँगै ख्याति, मानसम्मान र मनग्गे धन प्राप्तिका कुरा पनि जोडिएर आउँछन्, अनि डोपिङको सहारा किन नलिने ? यस्ता कुरा खेलाडी वा सम्बन्धित पदाधिकारीको मनमा उब्जन सक्छ तर उनीहरूले बुझ्नु पर्छ डोपिङ ठगी र कपट हो । यसमा संलग्न हुनेको हविगत एक दिन जोन्सन, आर्मस्ट्रङ्गसरह हुन्छ नै । नेपालमै एथलेटिक्स खेलाडी राजेन्द्र भण्डारीले डोपिङका कारण कोलम्बो सागमा जितेका पदक गुमाउनु परेको कुरा स्मरणीय छ । सबैले बुझ्नु पर्छ कसैले पनि आफ्नो क्षमताले भ्याएसम्म प्रतिस्पर्धा गर्ने हो र क्षमता बढाउन सुटुक्क शक्तिवर्धक औषधि खानुलाई अपराध मानिन्छ ।



लान्स आर्मस्ट्रङ

डोपिङका विभिन्न विधि छन् र समयकालमा ती विकास हुँदै गएका हुन् । डोपिङको इतिहास प्राकृतिक तत्त्व प्रयोग गरेर क्षमता बढाउनेबाट सुरु भएर आधुनिक चिकित्सा विज्ञानको सहारा लिइरहेको अवस्थासम्म पुगेको छ । ओलम्पिक र त्यस शैलीका अन्य क्षेत्रीय प्रतियोगिता जस्तै दक्षिण एसियाको साग तथा विश्वका अन्य खेलकुद प्रतियोगितामा बढिरहेको तीव्र प्रतिस्पर्धा, विज्ञान–प्रविधिका सफलता र व्यावसायिकताको मानसिकताले गर्दा डोपिङ चुनौतीपूर्ण छ । यसलाई पूर्ण रूपमा रोक्न सकिएको छैन न त यो रोकिने नै छ । यही भएर होला अस्ट्रेलियाका व्यवसायी आरोन डी'सुजाले खेलाडीको कुनै पनि खालको जाँच नगर्ने र प्रदर्शन सशक्त बनाउन सहयोगी औषधि मनलाग्दी प्रयोग गर्न पाइने अन्तर्राष्ट्रिय खेल प्रतियोगिता 'इन्हान्स्ड गेम्स' सञ्चालन गर्ने योजना बनाएका छन् तर यो साध्य होइन । एक खालका खेलाडीले यस्ता खेलमा सहभागिता जनाउन सक्छन् । सर्वोपरि ओलम्पिक अभियान नै रहने छ ।

विश्व खेलकुदमा ठगी र डोपिङ एकै रूपमा बुझिँदैनन् । डोपिङ त ठगी नै हो तर ठगी डोपिङ नहुन सक्छ । म्याराथन दौडमा धावकले भिडको फाइदा उठाएर सुटुक्क गाडी चढ्ने र अगाडि पुनः दौडमा सहभागी हुने, प्रतिद्वन्द्वीलाई छिर्की लगाउने आदि घटना ठगी हुन् तर शक्तिवर्धक औषधि खानु डोपिङ हो । आधुनिक डोपिङले खेल भावना समाप्त पार्दै छ । जोन्सनको पदक खोसिएको दुई दिनपछि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका एक पदाधिकारीले त्यसै भनेका थिएनन् "ओलम्पिकलाई मर्न नदेऊ ।"

खेलाडी र खेल पदाधिकारीले बुझ्नु पर्छ डोपिङले खेल त जिताउन सक्ला तर त्यसले स्वास्थ्यमा पार्ने प्रभाव खतरनाक हुन सक्छ । साइकल दौडका प्रख्यात अमेरिकी खेलाडी लान्स आर्मस्ट्रङ्ग डोपिङका कारण सन् २०१२ देखि प्रतिबन्धित छन् र उनी क्यान्सरले पीडित पनि हुन् । यसैले त अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका पूर्वमहासचिव पियरे बाइस्चले भनेका छन्, "डोपिङमा

लाग्ने यी खेलाडीले आफ्ना प्रतिस्पर्धीलाई मात्र ढाँट्दैनन्, आफ्नो स्वास्थ्यलाई समेत जोखिममा पार्छन् । ज्यान जाने अवस्थासमेत ल्याउँछन् ।"

डोपिङका विधि प्राचीनकालमै पनि थिए। प्राचीन ग्रिसमा खेलाडीले आफ्नो प्रदर्शन सुधार्न विशेष आहारा खान्थे। १९ औँ शताब्दीका खेलाडीले आफ्नो क्षमता बढाउन केफिन, कोकिन, अल्कोहल आदि प्रयोग गर्न थाले। २० औँ शताब्दीका आरम्भिक वर्षमा घोडा दौडमा घोडालाई अवैध रूपमा औषधि खुवाउने क्रममा डोपिङ शब्द प्रचलनमा आएको थियो ।

सर्वप्रथम सन् १९२८ मा अन्तर्राष्ट्रिय एमेच्योर एथलेटिक्स फेडरेसनले डोपिङमा प्रतिबन्ध लगाएको थियो। सन् १९६६ र १९६८ मा पहिलो पटक साइक्लिङ र फुटबलमा डोपिङ परीक्षण गरियो तथा सन् १९७० को दशकयता त प्रायः सबै अन्तर्राष्ट्रिय खेल संस्थाले डोपिङ परीक्षण गर्दै आएका छन् ।

सन् २००६ को कोलम्बो सागबाट विधिवत् रूपमा दक्षिण एसियाली खेलकुदमा समेत डोपिङ परीक्षणको व्यवस्था भयो र नेपालका धावक राजेन्द्र भण्डारी त्यसमा परे। उनी मात्र होइन विदेशी केही अन्य खेलाडी पनि परीक्षणमा असफल भएका थिए। राजेन्द्रले जितेका पदकसमेत खोसिए।

सन् १९९८ मा टुर डि फ्रान्स प्रतियोगितामा ठूलो डोपिङ काण्डको पर्दाफास भएपछि सन् १९९९ मा वाडा (वर्ल्ड एन्टी डोपिङ एजेन्सी) स्थापना भई उसले डोपिङ नियन्त्रणका लागि स्पष्ट नीति र मापदण्ड निर्धारण गरेको थियो। वाडाले वार्षिक रूपमा प्रतिबन्धित तत्त्व र विधिको सूची सार्वजनिक गर्दछ ।

डोपिङका वर्ग

वाडाले छ खालका औषधिलाई खेलकुदमा प्रतिबन्धित गरेको छ। ती हुन् स्टिम्युलेन्ट्स, डाइयुरेटिक्स, एनाबोलिक-एन्ड्रोजिन स्टेरोइड्स, बिटा-२ एगोनिस्ट्स, नार्कोटिक्स एनालजेजिक्स तथा हर्मोन र पेप्टाइड ।

यीमध्ये स्टिम्युलेन्ट्सले मुटुको धड्कन र रक्त प्रवाह बढाएर चनाखोपना र क्षमता बढाउँछ। खेलाडीमा आक्रामक प्रवृत्ति विकास गर्ने र थकान कम लगाउने काम पनि यस वर्गका औषधिले गर्छन् ।

एनाबोलिक-एन्ड्रोजिन वर्गका औषधिले खेलाडीलाई कडा प्रशिक्षण लिन, मांसपेशी वृद्धि र तिनको ताकत बढाउन तथा चोट लागेमा चाँडै निको हुन सहयोग गर्छन् तर यी औषधिले मिर्गौलामा क्षति गर्ने, रिसाहा बनाउने



र शरीरमा हर्मोन असन्तुलन पार्ने जोखिम रहन्छ। हाम्रो शरीरमा उत्पन्न हुने मुख्य एनाबोलिक स्टेरोइड हार्मोन भनेको टेस्टोस्टेरोन हो। यसलाई पुरुष हर्मोन पनि भनिन्छ। महिलाले यो स्टेरोइड प्रयोग गरेमा मांसपेशी र बोली पुरुषको जस्तो हुन्छ ।

डाइयुरेटिक्स वर्गका औषधिले शरीरबाट पिसाब बढी निकालेर सोडियमको मात्रा व्यवस्थापन गर्छन्। खेलमा यी औषधि प्रतिबन्धित भए पनि सन् १९८८ देखि खेलाडीले शरीरबाट पानीको मात्रा घटाएर बक्सिङ जस्ता खेलको कम तौल समूहमा प्रतिस्पर्धा गर्न तथा डोपिङका अन्य तत्त्वमाथि पर्दा हाल्नका लागि यिनको प्रयोग गर्दै आएको देखिन्छ। यस औषधिले मिर्गौला र कलेजो बिगार्न सक्छ ।

नार्कोटिक समूहका तत्त्वलाई थकान हटाउन, चोट लागे पनि खेलिरहन र आनन्द महसुस गर्नका लागि खेलाडीले प्रयोग गर्छन् ।

डोपिङका लागि अपनाइने पेप्टाइड र हर्मोन उपाय अरूभन्दा धेरै जटिल र प्रभावकारी छन्। यी खेलाडीले विधि प्रयोग गरेको पत्तो लगाउन गाह्रो छ। ह्युम्यान ग्रोथ



हर्मोन, इन्सुलिन, एरिथ्रोपोएटिन, ह्युम्यान गोनाडोट्रोफिन आदि यस वर्गमा पर्छन्। यी विधि प्रायः क्यान्सरको उपचारमा प्रयोग गरिन्छन्।

हुँदा हुँदा अब त जिन डोपिङ आइसक्यो। उत्कृष्ट प्रदर्शनका लागि खेलाडीलाई आवश्यक परेको तर उसको शरीरमा नभएको जिनलाई जिन थेरापीद्वारा शरीरमा प्रत्यारोपण गर्ने विधि हो जिन डोपिङ। यो डोपिङ पत्ता लगाउन अत्यन्त कठिन छ। कृत्रिम जिन प्रत्यारोपण गरेर हड्डी बलियो बनाउने, मांसपेशी पुष्ट पार्ने, कोषको अक्सिजन ग्रहण गर्ने क्षमता बढाउने जस्ता कार्य जिन डोपिङले गर्छ। वाढाले भने अनुसार डोपिङका पङ्क्तिमा 'ब्लड डोपिङ', 'फर्माकोलोजिकल', 'केमिकल' वा 'फिजिकल म्युनिपुलेसन' तथा धेरै पानी पिउने वा परीक्षण पूर्वप्रतिबिन्धत औषधिको प्रभाव न्यून गर्न 'प्रोबेनेसिड' खाने कार्य आदि पर्छन्।

सरसर्ती भन्नु पर्दा खेल क्षेत्रमा आधुनिक डोपिङको प्रभाव रगत डोपिङदेखि सुरु भएर जिन डोपिङसम्म आइपुगेको छ। आफ्नो शरीरको रगत पहिले बाहिर निकालेर फ्रिजमा राख्ने र खेल सुरु हुनु केही समय मात्र बाँकी छँदा समय मिलाएर सोही रगत पुनः आफ्नो शरीरमा सार्ने जस्तो काम सन् १९७० को दशकमा सुरु भएको थियो। सन् १९८६ देखि यो कार्य प्रतिबन्धित छ।

खेलकुदमा जे जस्ता डोपिङ काण्ड भएका छन् तिनलाई हेर्दा विश्व खेलकुदमा नियामक निकायभन्दा डोपिङ एक कदम अगाडि नै देखिन्छ। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी वा अन्य खेल संस्थाले डोपिङको एक प्रकारलाई समात्ने गरी कुनै विधि तयार पारेको धेरै समय हुन नपाउँदै त्यसभन्दा जटिल अर्को डोपिङ पद्धति आइसक्छ।

अल्कोकल परीक्षणबाट थालिएको डोपिङमाथिको निगरानी अहिले इपिओ हुँदै जिन डोपिङसम्म पुगेको छ। प्रयोग गरेको केही समयमै खेलाडीको शरीरबाट इपिओका अवशेष शरीरबाट विलीन हुने चुनौती त छँदै थियो अब जिन नै रूपान्तरित गरिदिए कसरी समात्ने ? यस कारण खेलका नियामक निकायले खेलको विकाससँगै डोपिङका नौला विधि विफल पार्ने उपाय खोज्नमा समेत उत्तिकै ध्यान दिनु परिरहेको छ। यो प्रतिस्पर्धा बिरालो र मुसाको लुकामारी जस्तै हो भन्न सकिन्छ।

राजेन्द्र काण्ड

सन् २००६ को कोलम्बो सागमा बेजोड प्रदर्शन गरेर दुई स्वर्ण पदक नेपालका राजेन्द्र भण्डारीले जित्दा हर्षोल्लास छायो। राजेन्द्रलाई स्वदेश फर्किएपछि पत्रपत्रिकामा अन्तर्वार्ता दिन भ्याइनभ्याइ भयो। उनलाई सम्मान र पुरस्कृत गर्ने क्रम रोकिएको थिएन। एकाएक नेपाल ओलम्पिक कमिटीले उनी डोपिङमा संलग्न भएको तथ्य सार्वजनिक गर्दा सनसनी फैलियो। त्यतिबेला धेरै नेपालीलाई डोपिङ भनेको नै थाहा थिएन। कतिपय सञ्चारकर्मीसमेत डोपिङलाई लागुऔषध भन्न थाले, डोपिङको वास्तविकता बुझ्न नै समय लाग्यो।

डोपिङमा संलग्न पाइएपछि राजेन्द्रले जितेका दुवै स्वर्ण पदक खोसिए। खेलपछि परीक्षण गर्दा राजेन्द्रको शरीरमा प्रतिबन्धित तत्त्व 'नोरान्ड्रोस्टेरोन' पाइएको थियो। कोलम्बोको १० औँ सागमा राजेन्द्रसँगै श्रीलङ्काली धावक जानी चथुराङ्गनी सिल्भ, पाकिस्तानी बक्सरद्वय नौमन करिम र मोहम्मद लासीसमेत डोपिङमा लागेको थाहा भएको थियो। साथै एक जना भारतीय खेलाडीलाई पनि डोपिङमा संलग्न पाइयो। ■

–उमेश ओझा



इक्वेस्ट्रियनको जम्पिङ विधा


विगतमा ब्रिटेन र अन्य युरोपेली देशमा फ्याउरो समात्नका लागि घोडा प्रयोग गरिन्थ्यो। कालान्तरमा इक्वेस्ट्रियनको जम्पिङ विधा यसैबाट विकास भयो। घोडचढीले फ्याउरो समात्ने प्रयासमा अनेक अप्ठेरालाई पार गर्नुपर्ने र बेलाबखत घोडालाई उफार्नु पर्दथ्यो।

ओलम्पिकमा प्रवेश पाउने इक्वेस्ट्रियनको पहिलो विधा जम्पिङ हो। जो सन् १९०० को पेरिस ओलम्पिकमा पहिलो पटक खेलिएको थियो। सन् १९०६ मा एथेन्समा भएको अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको बैठकले ओलम्पिकमा इक्वेस्ट्रियनका तीन वटै विधालाई समावेश गर्ने प्रस्ताव पारित गऱ्यो। जुन प्रस्ताव कमिटीका तत्कालीन अध्यक्ष पियरे डी कुबर्टिनको निर्देशनमा स्विडेनका महाराजको घोडा हेर्ने प्रमुख क्लोरेन्स भन रजिनले तयार पारेका थिए।


तर जम्पिङसँगै ड्रेसेज र इभेन्टिङले ओलम्पिकमा इक्वेस्ट्रियनको अङ्ग बन्न १२ वर्ष कुर्नु पऱ्यो। सन् १९१२ को स्टकहोम ओलम्पिकमा पहिलो पटक इक्वेस्ट्रियनका तीनवटै विधामा प्रतिस्पर्धा गराइएको थियो।

इक्वेस्ट्रियनको ओलम्पिक इतिहासमा एक कुरा रोचक छ। सन् १९५२ सम्म सैन्य सेवामा रहेको पुरुषले मात्र ओलम्पिक इक्वेस्ट्रियनमा भाग लिन पाउँथे। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको निर्णयले इक्वेस्ट्रियन खेलमा लगाइएको त्यस सीमालाई हटाइयो। अनि सर्वसाधारण पुरुष र महिला खेलाडीले ओलम्पिक इक्वेस्ट्रियनमा आफ्नो क्षमता प्रदर्शन गर्न पाउने भए। ■

-युवामञ्च



विश्वका प्रत्येक देशको झन्डामा ओलम्पिक झन्डामा भएका रङमध्ये कम्तीमा एक रङ अवश्य प्रयोग भएको छ ।



ओलम्पिकमा प्रविधिको प्रयोग

खेलाडीको प्रदर्शनमा सुधार गर्न, नतिजाको शुद्धता सुनिश्चित गर्न र दर्शकको अनुभवलाई थप उचाइँमा पुऱ्याउन नवीन प्रविधिको प्रयोग अग्रस्थानमा रहँदै आएको छ ।



■ अजय शर्मा

अन्तर्राष्ट्रिय खेलको महामञ्च सन् २०२४ को ग्रीष्मकालीन ओलम्पिक नजिकिँदै गर्दा खेलाडीहरू मात्र नभई प्रत्येक पटक दर्शकलाई प्रविधिका नयाँ आविष्कारले ध्यान आकर्षित गर्ने गरेका छन् ।

ओलम्पिक खेलमा खेलाडीको कार्यकुशलता प्रदर्शन मात्र नभई नतिजाको शुद्धता र दर्शकको अनुभवलाई समेत प्रविधिले अझ यादगार र रोमाञ्चक बनाउँदै आएको छ। अहिले विश्व पेरिस– २०२४ ओलम्पिकको तयारी गर्दै छ ।

सुरुवातका दिनमा 'म्यानुअल' समय मापन र साधारण उपकरणबाट आजको अत्याधुनिक युगसम्म आइपुग्दा प्रविधिले ओलम्पिकको विकास, विस्तार र प्रचारमा महत्त्वपूर्ण भूमिका खेलेको छ । खेलाडीको प्रदर्शनमा

सुधार गर्न, नतिजाको शुद्धता सुनिश्चित गर्न र दर्शकको अनुभवलाई थप उचाइँमा पुऱ्याउन नवीन प्रविधिको प्रयोग अग्रस्थानमा रहँदै आएको छ ।

क) प्रारम्भिक आविष्कार (सन् १८९६–१९४८)

पहिलो आधुनिक ओलम्पिक (सन् १८९६)

एथेन्समा भएको पहिलो आधुनिक ओलम्पिक खेलमा मान्छेले आफैँ समय टिपोट (म्यानुअल टाइम किपिङ) गर्नुपर्थ्यो । साधारण उपकरण मात्र प्रयोग भएको थियो । त्यतिबेला स्टपवाच प्रविधि निकै प्रारम्भिक चरणमा थियो । त्यसैले ओलम्पिकका नतिजालाई 'म्यानुअल रेकर्ड' गरिन्थ्यो ।

फोटो फिनिस प्रविधि (सन् १९३२)

सन् १९३२ मा भएको लसएन्जलस ओलम्पिकमा पहिलो पटक फोटो फिनिस क्यामराको प्रयोग गरिएको थियो । दौड प्रतियोगितामा प्रतियोगी यति नजिक हुन्छन् कि विजेताको निर्णय गर्न कठिन हुन जान्छ । त्यसैले फिनिस (अन्तिम) लाइन पार गर्ने क्रममा उनीहरूको तस्बिर जाँच गर्नु पर्छ । यो प्रविधि दौडको नतिजामा शुद्धता ल्याउन सहयोगी हुन्छ । लसएन्जलसमा सन् १९३२ मा आयोजित ओलम्पिकमा यो प्रविधि पहिलो पटक प्रयोगमा आएको थियो ।

इलेक्ट्रोनिक टाइमिङ (सन् १९४८)

सन् १९४८ मा भएको लन्डन ओलम्पिकका ट्र्याक इभेन्टमा इलेक्ट्रोनिक टाइमिङको सुरुवात भयो । स्विस कम्पनी ओमेगाले एथलेटिक प्रतियोगितामा समयको सटिकता मापनका लागि नयाँ मानक राख्दै सेकेन्डको सबैभन्दा नजिकको सयौँ भागमा समय मापन गर्न सक्ने उपकरण प्रयोगमा ल्याएको थियो ।

ख) प्रविधिको उन्नति (सन् १९६०–२०००)

टेलिभिजन ओलम्पिक (सन् १९६०)

पहिलो पटक सन् १९६० मा भएको रोम ओलम्पिकको प्रत्यक्ष प्रसारण (लाइभ) टेलिभिजनमा देखाइएको थियो । यो ओलम्पिकका खेल संसारभर टेलिभिजन प्रत्यक्ष प्रसारणमार्फत घर घरमा पुऱ्याइयो । यस प्राविधिक फड्कोले ओलम्पिकलाई विश्वव्यापी दर्शकमाझ थप पहुँच योग्य बनायो । यसले गर्दा ओलम्पिक खेलको लोकप्रियता र पहुँच निकै बढ्यो ।

इलेक्ट्रोनिक टचप्याड र उच्च समस्थलीको खेल (सन् १९६८)

सन् १९६८ मा भएको मेक्सिको सिटी ओलम्पिकमा पौडी प्रतियोगितामा पहिलो पटक इलेक्ट्रोनिक टचप्याडको प्रयोग गरियो । जसको प्रयोगले नतिजा सटिक र



निष्पक्ष बनाउन धेरै सहयोग पुग्यो । साथै यसअघि उच्च समस्थलीका खेल निकै चुनौतीपूर्ण मानिन्थे । यस ओलम्पिकले यस्ता चुनौतीलाई परास्त गऱ्यो ।

प्रायोजनको युग (सन् १९८४)

सन् १९८४ मा भएको लसएन्जलस ओलम्पिकमा व्यावसायिक प्रायोजनका साथै उन्नत प्रसारण प्रविधिको व्यापक प्रयोग भयो । यसले गर्दा खेलमा ठूलो मात्रामा आर्थिक लगानीको सुरुवात भएको थियो । जसबाट खेलाडीका लागि राम्रो प्रशिक्षण सुविधाका साथै उपकरणको विकास गर्न सहयोग पुग्न गयो । यसले खेलाडीका लागि राम्रो तालिम सुविधा र उपकरणको विकासमा ठूलो लगानी जुटेको थियो ।

डिजिटल क्रान्ति (सन् १९९६)

सन् १९९६ मा भएको एटलान्टा ओलम्पिकलाई 'प्रविधि खेल' भनेर चिनिन्छ । यस बेला इन्टरनेटको प्रयोगले वास्तविक समय अपडेट, डिजिटल इमेजिङ र उन्नत स्कोरिङ सिस्टमलगायतका कुरा सम्भव भयो । यस ओलम्पिकमा पहिलो पटक जम्न्यास्टिक खेलमा तत्काल रिप्ले गर्न सफल प्रयोग गरियो । यस प्रविधिको प्रयोगले खेलको निर्णयमा शुद्धता र प्रभावकारिता बढायो ।



ओलम्पिकमा स्मार्ट स्टेडियम, दिगो पूर्वाधारदेखि एआई निर्देशित विश्लेषणका साथै अद्वितीय खेलले नयाँ अनुभव दिने छ ।

ग) २००० देखि अहिलेसम्म

प्रविधि प्रदर्शन (सन् २००८)

सन् २००८ मा भएको बेइजिङ ओलम्पिकले प्रविधि आविष्कारका लागि नयाँ मानक स्थापित गऱ्यो । यस ओलम्पिकमा उच्च गुणस्तरीय प्रसारण, उन्नत टाइमिङ सिस्टम र डिजिटल मिडियाको व्यापक प्रयोगबाट दर्शकमाझ खेलको अनुभव परिवर्तन गरेको थियो ।

पहिरनयोग्य (वियरेबल) प्रविधि (सन् २०१२)

सन् २९१२ मा भएको लन्डन ओलम्पिक वियरेबल प्रविधिको व्यापक प्रयोगका लागि प्रसिद्ध छ । यस ओलम्पिकमा पहिलो पटक खेलाडीले वियरेबल उपकरणको प्रयोग गरे । जसले गर्दा खेलाडीको हृदयको गति, अधिक सटिक प्रशिक्षण र प्रदर्शनको विश्लेषणलगायतका तथ्यलाई अनुगमन गर्न सहज भयो ।

हरित पहल (सन् २०१६)

सन् २०१६ मा भएको रियो ओलम्पिक पर्यावरणमैत्री प्रविधि र अभ्यास समावेश गर्दै दिगोपनमा केन्द्रित रह्यो । यसमा नवीकरणीय ऊर्जाका स्रोतहरू, पानी पुनः प्रयोग प्रणाली र हरित निर्माण प्रविधिलाई प्राथमिकता दिइयो । यसका साथै प्रसारण प्रविधिमा विस्तार, भर्चुअल रियालिटी (भिआर) अनुभवका साथै खेल प्रशंसकलाई खेलसँग प्रत्यक्ष संलग्न हुने नयाँ तरिका प्रदान गऱ्यो ।

चुनौतीबीच प्रविधिको विजय (सन् २०२०)

कोभिड–१९ सर्वमहामारीका कारण सन् २०२० को भएको टोकियो ओलम्पिकमा नवीन प्रविधिको प्रयोग भयो । यस ओलम्पिकमा प्रत्यक्ष रूपमा सहभागी हुन नसक्ने खेल पारखीलाई भर्चुअल रियालिटी, अगुमेन्टेट रियालिटी, एआई र रोबोटिक्सले खेलमा नयाँपनको अनुभव प्रदान गऱ्यो ।

पेरिस ओलम्पिकमा प्रविधि

हामी २०२४ को पेरिस ओलम्पिकको नजिक पुगेको अवस्थामा विश्वमा उन्नत प्रविधिको विकास र प्रयोग जारी रहेको छ । यस ओलम्पिकमा स्मार्ट स्टेडियम, दिगो पूर्वाधारदेखि एआई निर्देशित विश्लेषणका साथै अद्वितीय खेलले नयाँ अनुभव दिने छ ।

ओलम्पिक खेलले समयसँगै प्रगति गरिरहेको छ । विगतदेखि अहिलेसम्म आइपुग्दा ओलम्पिकले नयाँ प्रविधिलाई आत्मसात् गर्दै आएको छ । खेलाडीमा उपलब्धि र प्रतिस्पर्धाको भावना जगाउँदै गर्दा प्रविधिको गहिरो प्रभावलाई सम्झनुपर्ने हुन्छ । जसले ओलम्पिकको इतिहास र भविष्यलाई आकार दिएको छ । ▪



तस्बिर सौजन्य : नवीन अर्याल

नेपालको सहभागिता

ओलम्पिकमा जितबहादुर केसीले आफ्ना प्रतिद्वन्द्वीभन्दा अगाडि रहँदारहँदै पनि एक्कासि उत्पन्न पिँडौलाको चोटले गर्दा दौड परित्याग गर्नु परेको थियो ।

प्रत्येक चार वर्षमा आयोजना गरिने ओलम्पिकमा सन् १९६४ देखि नेपालले सहभागिता जनाउँदै आएको छ । अहिलेसम्म भाग लिएका हरेक ओलम्पिकमा नेपालको उपलब्धि सहभागितामा मात्र सीमित छ । ओलम्पिकमा नेपालले अहिलेसम्म पदक जितेको छैन ।

यस पटक पेरिस ओलम्पिकमा पनि नेपालले सहभागिता जनाउने छ । नेपालले प्रथम पटक सन् १९६४ मा जापानको राजधानी टोकियोमा आयोजना गरिएको १८ औँ ओलम्पिकमा सहभागिता जनाएको थियो । सो ऐतिहासिक सहभागितामा छ जना खेलाडीले दुई खेलमा प्रतिस्पर्धा गरेका थिए । टोकियो ओलम्पिकमा नेपालका भूपेन्द्रबहादुर केसी र गङ्गाबहादुर थापाले (म्याराथन) तथा नामसिंह थापा, ओमप्रसाद पुन, रामप्रसाद गुरुङ र भीमबहादुर थापा बक्सिङमा सहभागी भए ।

आधिकारिक रूपमा टोकियो ओलम्पिक नेपालको पहिलो ओलम्पिक भए पनि नेपालले सन् १९५२ मा फिनल्यान्डको राजधानी हेलसिन्कीमा आयोजना गरिएको १५ औँ ओलम्पिकमा पर्यवेक्षकका रूपमा भाग लिइसकेको थियो । सन् १९६८ मा मेक्सिकोको राजधानी मेक्सिको सिटीमा सम्पन्न १९ औँ ओलम्पिकमा नेपालले भाग लिएन ।

सन् १९७२ मा तत्कालीन पश्चिम जर्मनीको म्युनिखमा २० औँ ओलम्पिकमा नेपालका दुई

धावक जितबहादुर केसी र भक्तबहादुर सापकोटाले मात्र सहभागिता जनाए। सो ओलम्पिकमा जितबहादुर केसीले आफ्ना प्रतिद्वन्द्वीभन्दा अगाडि रहँदारहँदै पनि एक्कासि उत्पन्न पिँडौलाको चोटले गर्दा दौड परित्याग गर्नु परेको थियो। सो समय केसीले करिब ३२ किलोमिटर दूरी पार गरिसकेका थिए। दौड परित्याग गर्नुअगाडि स्थानीय टेलिभिजनले उनलाई सम्भावित विजेता घोषणासमेत गरिसकेको थियो। सञ्चार माध्यमबाट ओलम्पिकमा नेपाली खेलाडीले सबभन्दा बढी चर्चा पाएको अवसर सम्भवतः त्यही एउटा मात्र होला। अर्का धावक भक्तबहादुर सापकोटा २५ औँ स्थानममा रहे।

सन् १९७६ मा क्यानडाको मोन्ट्रियलमा भएको २१ औँ ओलम्पिकमा नेपालबाट सार्क क्षेत्रमा कीर्तिमान राखेका धावक वैकुण्ठ मानन्धर एक जनाले मात्र सहभागिता जनाए तर मानन्धर ओलम्पिकमा निकै पछाडि रहे। मानन्धर ५० औँ भएका थिए।

सन् १९८० मा तत्कालीन सोभियत सङ्घको राजधानी मास्कोमा भएको २२ औँ ओलम्पिकमा नेपालले पहिलो पटक ठूलो टोली पठायो। सो ओलम्पिकमा नेपालले एथलेटिक्स, बक्सिङ, भारोत्तोलनमा भाग लिएको थियो। मास्को ओलम्पिकमा समावेश खेल एथलेटिक्समा वैकुण्ठ मानन्धर, मुकुन्दहरि श्रेष्ठ, रघुराज पन्त, नरबहादुर दाहाल, लक्ष्मण बस्नेत तथा बक्सिङमा विष्णु मालाकार, नरेन्द्र पोमा, पुष्करध्वज शाही, रविराज थापाले र भारोत्तोलनमा अशोक कार्की, राजेन्द्र प्रधानले सहभागिता जनाएका थिए। ती ११ जना खेलाडी पदकविहीन भएर घर फर्के।

सन् १९८४ मा अमेरिकाको लसएन्जल्समा आयोजना भएको २३ औँ ओलम्पिकमा पनि नेपालले एथलेटिक्स, बक्सिङ र भारोत्तोलनमा नै भाग लियो। लसएन्जल्स जाने खेलाडीमा पुष्पराज ओझा, जोधा गुरुङ, अर्जुन पण्डित, अमिर यादव र वैकुन्ठ मानन्धर (एथलेटिक्स), उमेश मास्के, दलबहादुर रानामगर र प्रवीण तुलाधर (बक्सिङ), सुरेन्द्र हमाल र जगदीश प्रधान (भारोत्तोलन) थिए। सो ओलम्पिकमा पनि नेपालले अनुभव सँगाल्ने काम मात्र गऱ्यो।

सन् १९८८ मा दक्षिण कोरियाको सोलमा भएको २४ औँ ओलम्पिक नेपाललाई विशेष रह्यो। महिला सहभागिता र पदकको दृष्टिकोणले यो ओलम्पिक नेपालका लागि महत्त्वपूर्ण छ। सोल ओलम्पिकमा समावेश गरिएको प्रदर्शन खेल तेक्वान्दोमा नेपालका विधान लामाले

वाइल्ड कार्डका माध्यमबाट मात्र रियो पुगेका खेलाडीबाट ठूलो अपेक्षा पनि गरिएको थिएन। यद्यपि प्रायः नेपाली खेलाडीले सोचेभन्दा राम्रो प्रदर्शन गरे।

कांस्य पदक जिते। विधानले बेलायत र पश्चिम जर्मनीका खेलाडीलाई हराएका थिए।

उनकै खेलले ओलम्पिकमा राष्ट्रिय गानसहित नेपालको ध्वजा फहराइयो तर आधिकारिक खेल नभएका कारण विधानको सफलताले नेपाललाई पदक तालिकामा उपस्थित गराउन सकेन।

सो ओलम्पिकमा नेपालले तेक्वान्दोलगायत एथलेटिक्स, बक्सिङ, सुटिङ, जुडो र भारोत्तोलनमा भाग लिएको थियो। नेपालका लागि कृष्णबहादुर बस्नेत, टीका बोगटी, डम्बर दनुवार, वैकुण्ठ मानन्धर, हरिबहादुर रोकाया, राजकुमारी पाण्डे, मेनका रावतले एथलेटिक्समा सहभागिता जनाए। वैकुण्ठ मानन्धर चार ओलम्पिकमा नेपालको प्रतिनिधित्व गर्ने पहिलो खेलाडी हुन्। जुन गौरव अहिलेसम्म उनकै नाममा रहेको छ।

यसै गरी दलबहादुर रानामगर, झपटसिंह भुजेल, रामबहादुर गिरी, डम्बरदत्त भट्ट, विष्णुबहादुर सिंह (बक्सिङ), पार्वती थापा (सुटिङ) भरत साउद (भारोत्तोलन), गङ्गाबहादुर डङ्गोल, ऋषिराम प्रधान (जुडो) ले पनि ओलम्पिकमा खेले। सोल गएर राजकुमार पाण्डे, मेनका रावत, पार्वती थापाले संयुक्त रूपमा नेपालको प्रथम महिला ओलम्पियन खेलाडी बन्ने गौरव हासिल गरे।

सन् १९९२ स्पनको बार्सिलोनामा आयोजना भएको २५ औँ ओलम्पिकमा नेपालले खेलाडी कटौती गरी पाँच जना खेलाडी मात्र पठाएको थियो। सो समय ओलम्पिकमा खेल्ने भाग्यमानी खेलाडी हरिबहादुर रोकाया (म्याराथन), अनिता श्रेष्ठ (सुटिङ) र नारायण गुरुङ तथा तेक्वान्दोमा प्रमिला थापा, सीता राई थिए। यस ओलम्पिकमा सीता राईले गर्भवती भएको ठहर भएपछि प्रतिस्पर्धा गर्नबाट वञ्चित हुनुपऱ्यो। यसले नेपालको बेइज्जती पनि भयो।

सन् १९९६ मा अमेरिकाको एटलान्टामा छ खेलाडीले चार खेलमा भाग लिएका थिए। सो ओलम्पिकमा भारोत्तोलनमा सुनीललाल जोशी, पौडीमा निश्मा गुरुङ



गौरिका सिंह

र सीताराम शाही, एथलेटिक्समा टीकाबहादुर बोगटी र विमला रानामगर तथा सुटिङमा विभाश्वरी राईले सहभागिता जनाए तर यस पटक पनि नेपालको प्रदर्शन सहभागितामा नै सीमित रह्यो ।

सन् २००० को सिड्नी ओलम्पिकमा नेपालका ज्ञानबहादुर बोहोरा र देवीमाया पनेरूले एथलेटिक्समा, चित्रबहादुर गुरुङ र रुना प्रधानले पौडीमा तथा सुटिङमा भगवती खत्रीले सहभागिता जनाएका थिए। यस ओलम्पिकमा पनि उल्लेखलायक केही भएन ।

एथेन्स ओलम्पिक (२००४) मा सङ्गीना वैद्यले तेक्वान्दो तथा नयना शाक्य, एलिस श्रेष्ठले पौडीमा, एथलेटिक्समा राजेन्द्र भण्डारी र कान्छीमाया कोजुले तथा सुटिङमा टीकाराम श्रेष्ठले नेपालको प्रतिनिधित्वि गरे। सङ्गीनाले नेपाललाई पदक दिलाउने आशा गरिएको थियो । सङ्गीनाले छनोट चरण पार गरेर एथेन्स ओलम्पिकमा खेलेकी हुन् । छनोट चरण पार गरेर ओलम्पिकमा खेल्ने उनी नेपालीकी पहिलो खेलाडी थिइन् तर ताइवानकी सि सिन चेनसँग सङ्गीना पहिलो चरणमै पराजित भइन् ।

राजेन्द्र भण्डारीले पाँच हजार मिटरको दौड १४ मिनेट ०४.८९ सेकेन्डमा दौडेर राष्ट्रिय कीर्तिमानका साथै साफकै उत्कृष्ट समय आफ्नो नाममा लेखाए ।

सन् २००८ मा भएको बेइजिङ ओलम्पिक पनि नेपालका लागि खासै उल्लेखलायक रहेन । यो संस्करणमा नेपालका तर्फबाट एथ्लेटिक्समा अर्जुनकुमार बस्नेत, चन्द्र थापा, तेक्वान्दोका दीपक विष्ट, जुडोकी देवु थापा, सुटिङ खेलाडी फूलमाया क्याप्चाकी, पौडीबाट सीताराम शाही र करिश्मा कार्की तथा भारोत्तोलनका कमल अधिकारीले सहभागिता जनाएका थिए ।

दीपक छनोट चरण पार गरेर ओलम्पिक खेल्न योग्य भएका थिए। सङ्गीना वैद्यपछि दीपक छनोट चरण खेलेर ओलम्पिक खेल्ने नेपालका दोस्रो खेलाडी हुन् । यद्यपि दीपकले पनि बेइजिङ ओलम्पिकमा निराशाजनक प्रदर्शन गरे ।

चार वर्षपछि पनि नेपालले विश्वको सबभन्दा ठूलो खेलकुद मेला लन्डन ओलम्पिकमा सहभागिता जनायो। यसपालि ओलम्पिक खेल्ने नेपालका पाँच भाग्यमानी खेलाडीमा प्रमिला रिजाल, तिलकराम थारू, श्रेया धिताल, प्रसिद्धजङ्ग शाह र स्नेहा राणा थिए ।

यिनीहरूबाट पदकको आशा रत्तिभर थिएन। नभन्दै यी पाँचै खेलाडी खाली हात फर्के। यी सबै खेलाडीले पनि आफैँले भाग्यरेखा कोरेको नभई अनिवार्य भाग लिनुपर्ने एथलेटिक्स र पौडी तथा वाइल्ड कार्ड (सुटिङ) मार्फत चिट्ठा पर्दा मात्र ओलम्पिक मेलामा उपस्थिति जनाउन पाएका हुन् ।

रियो ओलम्पिक-२०१६ बाट पनि नेपालले खुसी हुन सकेन। ब्राजिल जानुअघि नै सातै खेलाडीले राष्ट्रिय कीर्तिमान तोड्ने र उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्य लिएका थिए। वाइल्ड कार्डका माध्यमबाट मात्र रियो पुगेका खेलाडीबाट ठूलो अपेक्षा पनि गरिएको थिएन। यद्यपि प्रायः नेपाली खेलाडीले सोचेभन्दा राम्रो प्रदर्शन गरे ।

पौडी खेलाडी गौरिका सिंहका कारण रियो ओलम्पिकमा नेपालको चर्चा भयो । गौरिका रियो ओलम्पिकमा खेल्ने एघार हजारभन्दा बढी खेलाडीमध्येकी कान्छी खेलाडी थिइन्। अन्तर्राष्ट्रिय सञ्चार माध्यमले गौरिकालाई पछ्याएपछि

गौरिकाले आफूसँगै नेपालको नाम पनि फैलाइन् । १३ वर्षमै ओलम्पिकमा खेल्ने मौका पाएकी गौरिकाले सय मिटर ब्याकस्ट्रोकमा प्रतिस्पर्धा गरेकी थिइन् ।

यसबाहेक तेक्वान्दो खेलाडी निशा रावलले पनि चिनियाँ सुयिनफिङ र फ्रान्सका ग्वल्डिज इपान्गुईविरुद्ध प्रतिस्पर्धात्मक खेल खेलेर ओलम्पिक तेक्वान्दोमा नेपालको अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन गरिन् ।

यसबाहेक पौडी खेलाडी शिरीष गुरुङ र धाविका सरस्वती भट्टराईले ओलम्पिकमा राष्ट्रिय कीर्तिमान कायम गर्ने प्रयासमा सफलता पाए । जुडो खेलाडी फुपुल्हामु खत्रीले पनि रिङमा चार मिनेट नै टिकेर सन्तोषजनक प्रदर्शन गरिन् । आर्चरी खेलाडी जित मोक्तान, धावक हरि रिमालको प्रदर्शन भने साधारण रह्यो ।

पछिल्लो संस्करण टोकियो ओलम्पिक खेल्न टोकियो जानुअघि नै नेपालका पाँचै खेलाडीले राष्ट्रिय कीर्तिमान तोड्ने लक्ष्य लिएका थिए । युनिभर्सिटी प्लेस र वाइल्ड कार्डको माध्यमबाट मात्र ओलम्पिक पुगेका खेलाडीबाट अपेक्षा गरिएको पनि थिएन । टोकियो ओलम्पिकमा नेपालका सबै खेलाडी पहिलो चरणबाटै आउट भए । पौडीकी गौरिका सिंह, अलेजेन्डर शाह र सुटिङकी कल्पना परियारले भने राष्ट्रिय कीर्तिमान बनाएर आफ्नो सहभागितालाई अविस्मरणीय बनाए ।

गौरिका ५२ खेलाडीमध्ये ५१ औँ भइन् । अलेक्जेन्डर पनि आफ्नो हिटमा पहिलो स्थानमा रहे पनि समग्रमा निकै पछाडि परे । कल्पना ५० खेलाडीमध्ये ४६ औँ स्थानमा रहिन् ।

महिलाको एक सय मिटर दौडमा सरस्वती चौधरीले आफ्नो उत्कृष्ट समयमा पनि सुधार्न सकिनन् । हिट–२ मा दौडिएकी सरस्वतीले काजकिस्तानकी खेलाडीलाई भने पछाडि पारिन् । जुडोकी सोनिया भट्ट पनि रुसी खेलाडी डोल्गोभा इरिनाविरुद्धको भिडन्तमा एक मिनेट १६ सेकेन्ड मात्र रिङमा टिकिन् ।

नेपालका लागि प्रदर्शनको हिसाबले अहिलेसम्म ओलम्पिक फलिफाप भएको छैन । ■

–प्रजित शाक्य

ग्रीष्मकालीन आधुनिक ओलम्पिक खेल

	सहभागी देश	प्रथम
सन् १८९६ एथेन्स, ग्रिस	१३	अमेरिका
सन् १९०० पेरिस, फ्रान्स	२२	फ्रान्स
सन् १९०४ सेन्ट लुइस, अमेरिका	१२	अमेरिका
सन् १९०६ एथेन्स, ग्रिस	२०	फ्रान्स
सन् १९०८ लन्डन, इङ्ल्यान्ड	२३	इङ्ल्यान्ड
सन् १९१२ स्टकहोम, स्विडेन	२५	स्विडेन
सन् १९१६ बर्लिन, जर्मनी	प्रथम विश्वयुद्धले रद्ध ।	
सन् १९२० एन्टवर्प, बेल्जियम	२९	अमेरिका
सन् १९२४ पेरिस, फ्रान्स	४४	अमेरिका
सन् १९२८ एमर्स्टइयाम, नेदल्यान्ड्स	४६	अमेरिका
सन् १९३२ लसएन्जल्स, अमेरिका	३७	अमेरिका
सन् १९३६ बर्लिन, जर्मनी	४९	जर्मनी
सन् १९४० टोकियो/हेलसिन्की	द्वितीय विश्वयुद्धले रद्ध ।	
सन् १९४४ लन्डन, इङ्ल्यान्ड	द्वितीय विश्वयुद्धले रद्ध ।	
सन् १९४८ लन्डन, इङ्ल्यान्ड	५९	अमेरिका
सन् १९५२ हेलसिन्की, फिनल्यान्ड	६९	अमेरिका
सन् १९५६ मेलबर्न, अस्ट्रेलिया	६७	सोभियत सङ्घ
सन् १९६० रोम, इटाली	८३	सोभियत सङ्घ
सन् १९६४ टोकियो, जापान	९३	अमेरिका
सन् १९६५ मेक्सिको सिटी, मेक्सिको	११२	अमेरिका
सन् १९७२ म्युनिख, पश्चिम जर्मनी	१२२	सोभियत सङ्घ
सन् १९७६ मोन्ट्रियल, क्यानडा	९२	सोभियत सङ्घ
सन् १९८० मास्को, सोभियत सङ्घ	८१	सोभियत सङ्घ
सन् १९८४ लसएन्जल्स, अमेरिका	१४०	अमेरिका
सन् १९८८ सोल, दक्षिण कोरिया	१६०	सोभियत सङ्घ
सन् १९९२ बार्सिलोना, स्पेन	१७२	एकीकृत टिम
सन् १९९६ एटलान्टा, अमेरिका	१९७	अमेरिका
सन् २००० सिड्नी, अस्ट्रेलिया	१९९	अमेरिका
सन् २००४ एथेन्स, ग्रिस	२०१	अमेरिका
सन् २००८ बेइजिङ, चीन	२०४	चीन
सन् २०१२ लन्डन, इङ्ल्यान्ड	२०४	अमेरिका
सन् २०१६ रियो डी जेनेरियो, ब्राजिल	२०७	अमेरिका
सन् २०२० टोकियो, जापान कोभिड-१९ ले गर्दा सन् २०२१ मा आयोजित ।	२०६	अमेरिका
सन् २०२४ पेरिस, फ्रान्स	२००	

–युवामञ्च

आधुनिक ओलम्पिकको पूर्ववर्ती मच वेनलक खेल

मच वेनलक खेल युवाका लागि आयोजना गरिने भए पनि सात वर्षमुनिका बच्चाको दौड पनि त्यसमा समावेश गरियो ।



पियरे डी कुबर्टिन

प्राचीन ओलम्पिक खेल मुख्यतया शासक वर्गको युद्ध समाप्तपछिको उत्सव र युद्धको तयारीका सन्दर्भमा हुन्थ्यो । रोमनहरूले बन्द गरिदिएको ओलम्पिकको आधुनिक यात्रा एकै दिनको प्रयासले सम्भव भएको थिएन। यसमा शृङ्खलाबद्ध घटनाक्रम र अनेक व्यक्तिको योगदान रहेको छ। ग्रिसमा प्राचीन ओलम्पिकको जन्म भयो तर ओलम्पिकको आधुनिक यात्रा सुरु गर्नमा युरोपको मुख्य योगदान रहेको छ।

विशेष गरी फ्रान्स र इङ्ग्ल्यान्डमा भएका खेल गतिविधिले ओलम्पिकलाई पुनर्जीवित गराएका हुन्। फ्रान्सका पियरे डी कुबर्टिनलाई आधुनिक ओलम्पिकको जन्मदाता मानिएको छ तर उनको एकल प्रयासले मात्र यो सम्भव भएको थिएन। धेरै वर्षदेखि ओलम्पिक नामबाट भइरहेका खेल गतिविधि र विभिन्न व्यक्तिको ओलम्पिक फेरि सुरु गर्ने चाहनाले कुबर्टिनको परिकल्पनालाई मूर्त रूप लिन बल पुगेको थियो।

ओलम्पिक थालनीका लागि खासगरी कुबर्टिनले दरो कदम चाल्नुपूर्व नै इङ्ग्ल्यान्डमा ओलम्पिक केन्द्रित खेल गतिवधि सुरु भइसकेका थिए। त्यहाँको ग्लुसेस्टरसायरमा अवस्थित कोट्सवल्डमा सन् १६१२ मा रोबर्ट डोभरले ओलम्पिक खेलको नयाँ स्वरूप सुरु गर्दै त्यसमा तास खेल, बुद्धिचाल र नृत्य प्रतिस्पर्धाका साथै दौड, जम्प, ह्यामर थ्रो, कुस्ती र घोडा दौडलाई समावेश गरेका थिए । १८ औँ शताब्दीमा क्याम्ब्रिज विश्वविद्यालयका विद्यार्थीले एक प्रकारको ओलम्पिक खेलको आयोजना गरे तर प्रतियोगिता कहिले आयोजना भयो र कुन कुन खेल समावेश गरिएका थिए भन्ने स्पष्ट छैन।

ओलम्पिक पुनः सुरु गर्ने अवधारणा १९ औँ शताब्दीमा इङ्ग्ल्यान्डमै बनेको थियो। सन् १८३२ मा चेल्सी रङ्गशालामा एक ओलम्पिक उत्सवका रूपमा सामन्त डी बिरेन्जरले खेल आयोजना गरेपछि



खेलमा व्यापारीकरण हुने सम्भावनाले चिन्तित कुबर्टिनले ओलम्पिकमा गैरपेशेवर खेलाडीलाई मात्र खेल्न दिने अवधारणा अगाडि सारेका थिए ।

सन् १८३८ मा उनीद्वारा नै अर्को खेल प्रतियोगिता आयोजना गरिएको थियो । जसमा आर्चरी, जिम्न्यास्टिक, क्रिकेट, फेन्सिङ, रोइङ, सेलिङ र सुटिङ खेल समावेश गरिएका थिए ।

तर सन् १८५० मा क्याउपसयरको मच वेनलकमा सुरु भएको वार्षिक ओलम्पिक उत्सवको ओलम्पिक खेललाई पुनर्जीवित पार्नमा विशेष महत्त्व रह्यो । खेल उत्सवको आयोजना विलियम 'पेनी' ब्रुकले गरेका थिए र क्रिकेट, बाधा दौड, जम्पिङ, दौड, फुटबल र कोइट (फलामको चक्का फ्याँक्ने खेल) त्यस उत्सवमा समावेश गरिएको थियो ।

मच वेनलक खेल युवाका लागि आयोजना गरिने भए पनि सात वर्षमुनिका बच्चाको दौड पनि त्यसमा समावेश गरियो । विस्तारै मच वेनलक उत्सव युरोपको अन्य क्षेत्रमा प्रख्यात हुन थाल्यो र जर्मनीबाट जिम्न्यास्टिकका खेलाडी भाग लिन इङ्ग्ल्यान्ड आउन थाले ।

सन् १८६१ मा ब्रुकले श्राउपसायर ओलम्पिक एसोसिएसनको गठन गरेका थिए । त्यसको चार वर्षपछि इङ्ग्ल्यान्डमा राष्ट्रिय ओलम्पिक एसोसिएसनको स्थापना गर्नमा ब्रुकद्वारा स्थापित एसोसिएसनको ठोस योगदान रह्यो । युवा वर्गमा शारीरिक सुगठनप्रति सचेत रहन ब्रुकले सञ्चालन गरेको अभियानको लक्ष्य अन्तर्राष्ट्रिय ओलम्पिकको सुरुवात गर्नु थियो ।

ब्रुकले आफ्नो लक्ष्य प्राप्त गर्न सकेनन् तर सन् १८९० मा पियरे डी कुबर्टिनसँग उनको भेट ओलम्पिकलाई जीवित पार्नमा महत्त्वपूर्ण कदम हुन गयो । कुबर्टिन मच वेनलक खेलको र ओलम्पियन सोसाइटीको विषयमा जान्न उत्सुक थिए । युवा कुबर्टिनप्रति ब्रुक धेरै आशावादी भए । खासगरी कुबर्टिनको शारीरिक शिक्षा र अन्तर्राष्ट्रिय ओलम्पिक उत्सवको अवधारणाले ब्रुक धेरै प्रभावित भएका थिए ।

सन् १८६३ मा जन्मिएका कुबर्टिन फ्रान्स–पर्सियाबीच सन् १८७०–७१ मा भएको विनाशकारी युद्धकालमा हुर्किएका थिए । त्यस युद्धमा फ्रान्सको हारको कारण दोषपूर्ण शैक्षिक प्रणालीले गर्दा युवामा शारीरिक र आत्मिक ज्ञानको अभाव रहनु हो भन्ने



निष्कर्ष कुबर्टिनको थियो । युवा अवस्थामा बक्सिङ, फेन्सिङ र रोइङका खेलाडी कुबर्टिनले विशेष रूपमा शारीरिक शिक्षामा केन्द्रित रहने गरी आफ्नो जीवनलाई शिक्षामा समर्पित गर्ने अठोट गरी उनले इङ्ग्ल्यान्डको भ्रमण पटक पटक गरी त्यहाँ सार्वजनिक विद्यालयमा खेल प्रयोगको तौरतरिका अध्ययन गरे । यही उद्देश्य लिएर कुबर्टिनले अमेरिकाको भ्रमण पनि गरेका थिए ।



सन् १८८९ मा कुबर्टिनले पेरिसमा शारीरिक शिक्षा विषयमा सम्मेलनको आयोजना गरे र अर्को वर्ष ओलम्पियन सोसाइटीका बारेमा कुरा गर्न ब्रुकलाई भेट्नका लागि कुबर्टिनले मच वेनलकको भ्रमण गरेका थिए । त्यस भेटघाटले ओलम्पिकलाई अन्तर्राष्ट्रिय खेल उत्सवका रूपमा जीवित पार्ने अवधारणा बनायो र सन् १८९२ देखि कुबर्टिनले त्यस अवधारणामाथि खुला बहस नै चलाउन सुरु गरे तर उनले धेरै आकर्षण प्राप्त गर्न सकेनन् । आफ्नै देश तथा इङ्ग्ल्यान्ड र अमेरिकामा समेत आफ्नो अवधारणाले प्रभाव जमाउन नसके पनि कुबर्टिनले हरेस खाएनन् ।


सन् १८९४ को जुन २३ मा कुबर्टिनको अध्यक्षतामा १२ देशका ७९ जना प्रतिनिधिको उपस्थितिमा एक बैठक भयो र त्यस बैठकले ओलम्पिक खेललाई पुनर्स्थापित गर्ने सर्वसम्मत निर्णय गरेको थियो । जसको परिणामस्वरूप अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको गठन त्यसै वर्ष भयो । यस कमिटीको मातहत सन् १८९६ मा आधुनिक ओलम्पिकले एथेन्सबाट नयाँ युग सुरु गरेको थियो ।

सन् १८५९ र १८७० मा गरी दुई पटक ग्रिसमा ओलम्पिकलाई पुनर्जीवित गर्ने प्रयास भएको थियो तर सफल हुन सकेन । तैपनि रोमन सम्राट थियोडोसिसले बन्द गरेको ओलम्पिकको आधुनिक यात्राको प्रारम्भ गर्ने अवसर एथेन्सलाई दिने निर्णय अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले गर्‍यो । कुबर्टिन चाहिँ ओलम्पिकको सुरुवात सन् १९०० मा पेरिसबाट गर्ने विचारमा थिए ।

सन् १८९४ मा पियरे डी कुबर्टिनको प्रयासमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) को स्थापनापछि ओलम्पिकले नयाँ जीवन मात्र पाएन आधुनिकतामा पनि ढल्यो । खेलमा व्यापारीकरण हुने सम्भावनाले चिन्तित कुबर्टिनले ओलम्पिकमा गैरपेशेवर खेलाडीलाई मात्र खेल्न दिने अवधारणा अगाडि सारेका थिए । ■

-युवामञ्च

विश्वभरि मनाइने ओलम्पिक डे



■ रमेश खनाल

फ्रान्स सरकारले विश्व सभ्यताको शारीरिक एवं सांस्कृतिक पक्षमाथि विस्तृत अध्ययन गरेर एक प्रतिवेदन पेस गर्न फ्रान्सका उद्योगपति, खेलकुदप्रेमी, भद्र व्यक्ति पियरे डी कुबर्टिन (सन् १८६३-१९३७) लाई मनोनयन गरेको थियो। सन् १८८९ मा पियरे डी कुबर्टिनको अध्ययन प्रतिवेदनले खेलकुद-राष्ट्र-खेलकुदको गरिमालाई धेरै महत्त्व दियो।

त्यसपछि उनले पेरिसको सरबोनेमा आधुनिक शैलीमा प्राचीन ओलम्पिकलाई पुनर्जीवित गर्नु पर्छ भन्दै सन् १८९२ नोभेम्बर २५ मा एक 'लेक्चर' दिए। उनका कुरामा उपस्थित सबैले ताली बजाएर समर्थन गरे।

सबैको प्रशंसा पाएपछि उनले सन् १८९३ मा सरबोनेको साइन्स हलमा एक अन्तर्राष्ट्रिय कन्फ्रेन्स सन् १८९४ को जुन १६-२३ सम्म आयोजना गरे। जसमा १३ राष्ट्रको सहभागिता भयो भने अन्य २१ राष्ट्रले सन्देश पठाएर आफ्नो समर्थन जनाए ! कन्फ्रेन्सको अन्तिम दिन अर्थात् जुन २३ मा एक घोषणापत्र सर्वसम्मत पारित भयो। उक्त घोषणापत्र यस प्रकारको थियो : "Sport competition should be held every fourth year on the lines of the Greek Olympic Games and every nation should be invited to participate."

उक्त घोषणापत्र सन् १८९४ जुन २३ मा पारित भएको हुँदा उक्त दिनलाई उत्सवका रूपमा मनाउन 'ओलम्पिक डे' आयोजना गरिन्छ। यस घोषणापत्रको आधारमा कुबर्टिनले पहिलो ओलम्पिक खेल सन् १९०० मा पेरिसमा आयोजना गर्ने प्रस्ताव गरेका थिए तर सभाले ग्रिसलाई पहिलो ओलम्पिक खेल आयोजना गर्न दिने प्रस्ताव पास गरेको थियो।

त्यसको लगत्तै १२ राष्ट्रले मिलेर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी गठन गरेका थिए। त्यसपछि प्रत्येक चार चार वर्षमा आयोजना गरिने ओलम्पिक खेलमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको सर्वाधिकार भयो। अहिलेसम्म पनि ओलम्पिक खेल अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले नै आयोजक शहरसँग समन्वय गरेर आयोजना गर्ने गरेको छ।

अतः सन् १८९६ पहिलो आधुनिक ओलम्पिक खेल ग्रिसको राजधानी एथेन्समा अप्रिल ६ देखि १५ सम्म आयोजना भयो। एथेन्सवासीले पुनः जन्मिएको आधुनिक ओलम्पिक खेललाई ठूलो हर्षोल्लासका साथ हेरेका थिए। पेरिस कन्फ्रेन्समा उपस्थित ३४ राष्ट्रले समर्थन गरेको भए पनि १३ राष्ट्रले मात्र आफ्नो टिम एथेन्स पठाए।

लाम्चो आकारको ट्र्याकमा अमेरिकी खेलाडीको बोलवाला भयो। १२ ट्र्याक एन्ड फिल्ड इभेन्ट्समध्ये नौमा स्वर्ण पदक अमेरिकाले जित्यो। अन्तिम दिनमा आयोजना भएको म्याराथन दौडमा ग्रिसका हुलाकी धावक स्यारिडोन लुइसले २१ जना प्रतिद्वन्द्वीलाई उछिनेर स्वर्ण पदक जितेका थिए।

पहिलो ओलम्पिक खेल राम्रोसँग सफल भएको हुँदा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले ओलम्पिक दिवसलाई विश्वव्यापी बनाउने कुरा उठाएको थियो। अहिले विश्वभरि नै 'ओलम्पिक डे' मनाइन्छ।

ओलम्पिक अभियानको उद्देश्य to contribute to building a peaceful and better world by educating youth through sport practiced without discrimination of any kind and in the olympic spirit हो। जसका लागि आपसी समझदारी, दरिलो साथ, एकता र स्वच्छ खेल आवश्यक हुन्छ।

अतः सबै राष्ट्रिय ओलम्पिक कमिटीले ओलम्पिक अभियानका उद्देश्य सफल बनाउन युवालाई शिक्षा, कला, संस्कृतिलगायत अन्य गतिविधि आयोजना गर्न प्रेरित गरौं भन्छन् अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष थोमस बाख।

नेपालले पनि भर्खरै 'ओलम्पिक डे' सप्ताहव्यापी रूपमा विभिन्न कार्यक्रम आयोजना गरी मनायो। नेपाल ओलम्पिक कमिटी अन्तर्गत स्पोर्ट्स फर अल कमिसनले प्रत्येक वर्ष विशेष कार्यक्रम आयोजना गरी यो दिवस मनाउने गरेको छ। जसमा दौड, खेलकुद, कला, साहित्यिक, सांस्कृतिक कार्यक्रम समावेश गरिन्छ। ■


महान् खेलाडी

स्पिज, कोमानेसी र फेल्प्स

आधुनिक ओलम्पिकको इतिहासमा हजारौँ खेलाडीले प्रतिस्पर्धा गरेर आफूलाई ओलम्पियन भनाउने सौभाग्य पाएका छन् । यीमध्ये केही खेलाडीको अहिले पनि सम्झना गरिन्छ । यिनीहरूलाई ओलम्पिकका महान् खेलाडीका रूपमा लिइन्छ । जसमध्ये अमेरिकाका पौडी खेलाडीद्वय माइकल फेल्प्स, मार्क स्पिज र रोमानियाकी जिम्न्यास्ट नादिया कोमानेसी पनि हुन् ।

मार्क स्पिज

म्युनिख ओलम्पिकलाई दुई कारणले याद गरिन्छ । एक म्युनिख ओलम्पिकमा प्यालेस्टिनी उग्रवादीले ओलम्पिक गाउँमा पसेर इजरायलका ११ जना खेलाडी र पदाधिकारीलाई मारेको घटना र अर्को मार्क स्पिजको प्रदर्शन ।



सन् १९७२ मा भएको म्युनिख ओलम्पिकमा अमेरिकाका मार्क स्पिजले पौडी पोखरीमा वर्चस्व बनाएका थिए । स्पिज पौडीमा एक्लैले सात स्वर्ण पदक हात पारेपछि चर्चामा आए । स्पिजले १०० मिटर, २०० मिटर फ्रिस्टाइल, १०० मिटर, २०० मिटर बटरफ्लाई र तीन रिले पौडी स्पर्धामा स्वर्ण पदक जितेका थिए ।

स्पिजले ५२ वर्षअघि भएको ओलम्पिकमा सुटिङ खेलाडी विलिज अगस्त्स लीले पाँच स्वर्ण जितेर राखेको कीर्तिमान तोडे । त्यसैले स्पिजको यो असाधारण कीर्तिमान ओलम्पिकमा अमर रहने अनुमान गरिएको थियो तर अमेरिकाकै मार्क फेल्प्सले सन् २००८ मा भएको बेइजिङ ओलम्पिकमा आठ स्वर्ण जितेर स्पिजको कीर्तिमान धराशायी बनाए ।

स्पिज आफ्नो जुँगाले गर्दा पनि लोकप्रिय थिए । पौडी खेलाडीले जुँगा पालेको साधारण कुरा होइन । उनलाई खेलअघि जुँगा काट्न पनि भनियो तर स्पिजले मानेनन् । स्पिजले आफ्नो जुँगाले गति बढाउन सहयोग गर्छ भन्ने कारण देखाए । जसको असर पर्‍यो अर्को ओलम्पिकमा । त्यसमा रुसका सबै पौडी खेलाडीले जुँगा पालेर खेलेका थिए ।

हुन त सन् १९६८ मा भएको ओलम्पिकमै छ स्वर्ण पदक जित्ने दाबी गरेर स्पिज चर्चामा आएका थिए तर सो ओलम्पिकमा उनले आफ्नो दाबी पूरा गर्न सकेनन् । सो समय स्पिज दुई स्वर्ण, एक रजत र एक कांस्य पदकमा सीमित भए । त्यसपछि उनको निकै आलोचना पनि भयो तर आफ्नो दाबी उनले अर्को ओलम्पिकमा पूरा गरेर इतिहास बनाए । स्पिजले आफ्नो वचन पूरा गरेपछि २२ वर्षको उमेरमै सन्न्यास पनि लिए ।

नादिया कोमानेसी



ओलम्पिकमा खेल्ने सपना हरेक खेलाडीले साँचेको हुन्छ तर ओलम्पियन हुने सौभाग्य कसै कसैलाई मात्र मिल्छ । अझ १४ वर्षमै ओलम्पिकमा खेल्ने अवसर पाउनु पक्कै चानचुने कुरा होइन । यस उमेरमा ओलम्पिकमा सहभागी नै गौरवको कुरा हुन्छ । यद्यपि यति कम उमेरमै शानदार प्रदर्शन गरेर ओलम्पिककै सर्वकालीन महान् खेलाडीमा नाम लेखाउनु आश्चर्य नै हो । जुन असम्भव लाग्ने कार्य सन् १९७६ मा भएको मोन्ट्रियल ओलम्पिकमा रोमानियाकी जिम्न्यास्ट नादिया कोमानेसीले सम्भव गरिन् ।

मोन्ट्रियलमा नादियाले नौ ओलम्पिक पदक घाँटीमा भिरिन् । जसमध्ये पाँच पदक सुनका थिए । यति धेरै पदक जितेर इतिहास बनाए पनि नादियाको चर्चा फरक कारणले भयो । जुन पहिले सम्भव भएको थिएन र अहिले पनि त्यो कीर्तिमान कायम छ ।

नादियाले अनइभन बार इभेन्टमा 'परफेक्ट टेन' स्कोर गरिन् । यसअघि जिम्न्यास्टिक खेलमा खेलाडीले पूर्ण स्कोर गर्छ भनेर कसैले सोचेकै थिएन । त्यसैले 'परफेक्ट टेन' का लागि देखाउनुपर्ने चार अङ्कको १०.०० डिजिटल स्कोर बोर्डमा प्रवेश नै गराइएको थिएन । त्यसैले स्कोर बोर्डले नादियाको स्कोर नै देखाउन सकेन । नादियाले 'परफेक्ट टेन' पनि सम्भव भएको पुष्टि गरेपछि मात्र स्कोर बोर्ड 'अपडेट' गरिएको थियो । यद्यपि नादिया त्यसमै रोकिइनन् । उनीले अलराउन्ड र ब्यालेन्स बिममा गरी थप छ 'परफेक्ट टेन' स्कोर गरिन् । त्यसपछि नादिया रातारात विश्व खेलकुदकी सुपरस्टार बनिन् ।

सानो उमेरमै अधिक चर्चा पाएपछि खेलाडी थला परेको धेरै उदाहरण छन् तर असाधारण क्षमता, सन्तुलन र 'क्लिन टेक्निक' की धनी नादियाले त्यसपछि सन् १९७८ र १९७९ मा भएको दुई विश्व च्याम्पियनसिप, चार वर्षपछि मास्को ओलम्पिक र थुप्रै युरोपेली जिम्न्यास्टिक प्रतियोगितामा स्वर्ण पदक जितेर आफ्नो छविलाई कायम राखिन् ।

नादिया बिममा 'ऐरियल वाकओभर' र शृङ्खलाबद्ध रूपमा 'एरियल कार्टह्विल ब्याक ह्यान्डस्प्रिङ फ्लाइट' गर्ने विश्वकै पहिलो जिम्न्यास्ट पनि हुन् । जिम्न्यास्टमा फ्लोरमा 'डबल ट्विस्ट डिसमाउन्ट' र 'डबल ब्याक साल्टो' नादियाले पहिलो पटक गरेकी थिइन् । त्यसैले नादियालाई सिर्जनशील जिम्न्यास्ट पनि भनिन्छ ।





माइकल फेल्प्स

माइकल फेल्प्स ओलम्पिकको सर्वकालीन महान् खेलाडीको सूचीमा अग्रस्थानमा पर्दछन् । सन् २००४ को एथेन्स ओलम्पिकदेखि स्वर्ण पदक आफ्नो सङ्ग्रहमा जम्मा गर्न थालेका फेल्प्सले १२ वर्षको अन्तरालमा चार ओलम्पिक खेलेर कुल २८ पदक जिते । जसमा २३ स्वर्ण पदक छन् ।

भनिन्छ फेल्प्सको शरीर पौडीका लागि एकदम सही थियो । सन् २००० मा अमेरिकाको ओलम्पिक टिममा स्थान बनाउँदा फेल्प्स १५ वर्षका मात्र थिए तर सिड्नीमा २०० मिटर बटरफ्लाइमा फेल्प्स पाँचौं स्थानमा रहे तर चार वर्षपछि फेल्प्सले एक अदभुत अध्याय सुरु गरे ।

एथेन्स ओलम्पिकको चार सय मिटर इन्डिभिजुयल स्पर्धामा फेल्प्सले विश्व कीर्तिमानसहित आफ्नो पहिलो स्वर्ण जिते । त्यसपछि एथेन्स ओलम्पिकमा थप पाँच स्वर्ण र दुई कांस्य पदक जितेर विश्व पौडीमा आफ्नो आगमनको बिगुल उनले बजाए ।

त्यसबेला मार्क स्पिजको सर्वाधिक स्वर्ण पदक जितको कीर्तिमान थोंरैले तोड्न नसकेका फेल्प्सले सन् २००८ मा बेइजिङ ओलम्पिकमा त्यो सफलता पनि प्राप्त गरे । त्यस ओलम्पिकमा आठ स्वर्ण पदक भिरेर फेल्प्स ओलम्पिकमा सर्वाधिक स्वर्ण पदक जित्ने खेलाडी बने । उनको सबै स्वर्ण पदक विश्व वा ओलम्पिक कीर्तिमानसहित प्राप्त भएको थियो ।

सन् २०१२ को ओलम्पिक्समा फेल्प्स सर्वकालीन सर्वाधिक पदक जित्ने ओलम्पियन बन्न लन्डन गए । यसअघि १८ पदकले शोभायमान भइसकेका फेल्प्सलाई सो कीर्तिमान राख्न मात्र तीन पदक जरुरी थियो । लन्डन ओलम्पिकमा फेल्प्सको सुरुवात भने राम्रो भएन । उनले आफ्नो पहिलो स्वर्ण पदक चौथो इभेन्टमा मात्र जितेका थिए ।

तैपनि फेल्प्सले ढल्किँदो उमेरमा पनि थप चार स्वर्ण र दुई रजत पदक जितेर ओलम्पिककै सर्वाधिक पदक जित्ने महान् खेलाडी बने । यसअघि जिम्न्यास्ट लारिसा लटिनाइना सर्वाधिक ओलम्पिक पदक जित्ने खेलाडी थिइन् । लन्डन ओलम्पिकबाट नै फेल्प्सले यस खेलबाट आफूलै धेरै प्राप्त गरिसकेको भन्दै खेल जीवनको अन्त्य गरेका थिए ।

तर फेल्प्सलाई पानीले पुनः आकर्षित गऱ्यो । दुई वर्षपछि नै फेल्प्सले सन्न्यास फिर्ता लिए । यद्यपि फेल्प्सले पदक जित्न पहिले जस्तो प्रशिक्षणमा भने समय बिताएन । मात्र उनलाई पौडी पोखरीमा उत्रनु थियो । फेल्प्स रियो ओलम्पिकअघि नै ओलम्पिकका महान् खेलाडीको गन्तीमा परिसकेका थिए तर रियो ओलम्पिकमा चुनौती थियो ।

ढल्कँदो उमेरमा फेल्प्सले विगतकै प्रदर्शन दोहोऱ्याउन सक्लान् त भन्ने खुलदुली थियो सबैमा । यद्यपि सन्न्यास फिर्ता लिएर पौडी पोखरीमा फर्केका फेल्प्सले पाँच स्वर्ण र एक रजत पदक जितेर आफू जस्तो पौडी खेलाडी कोही नभएको प्रमाणित गरे । रियो ओलम्पिकमा रिलेमा स्वर्ण पदक जितेपछि भने फेल्प्सले आफ्नो स्वर्णिम खेल जीवनमा विश्राम लगाए । ■

–प्रजित शाक्य



म्युनिख काण्डका प्रत्यक्षदर्शी

जितबहादुर केसीलाई नेपालको एथलेटिक्स क्षेत्रमा कहिल्यै बिर्सन सकिँदैन । उनले ट्र्याक एन्ड फिल्डमा नेपालका लागि सर्वाधिक ठूलो पदक जितेका छन् । सन् १९७३ मा मनिलामा सम्पन्न एसियन ट्र्याक एन्ड फिल्ड इभेन्ट्समा उनले तेस्रो स्थान प्राप्त गरेका थिए । एसियालीस्तरमा प्राप्त गरेको यो उपलब्धि हालसम्म कसैले पनि तोड्न सकेको छैन । उनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा म्याराथन दौड पूरा गर्ने पहिलो नेपाली खेलाडी पनि हुन् ।

अझ योभन्दा पनि सन् १९७२ मा जर्मनीको म्युनिखमा आयोजित २० औँ ओलम्पिकमा म्याराथन जित्ने धावकका रूपमा उनलाई हेरिएको थियो । यसबारे अन्तर्राष्ट्रिय समाचार संस्था बिबिसीले समाचार नै प्रकाशित गऱ्यो तर दुर्भाग्य म्युनिख ओलम्पिकमा भएको दुःखदायी घटना र शारीरिक अवस्थाले उनलाई यो लक्ष्यमा पुग्न दिएन ।

जितबहादुरले सन् २००० को सिड्नी ओलम्पिकका बेला गोरखापत्रसँग कुरा गर्दै म्युनिख ओलम्पिकमा भएको दुःखदायी घटनाको यसरी स्मरण गरेका थिए– म्याराथन प्रतियोगिता सुरु भयो । म पनि सहभागी भएँ तर डरलाग्दो त्यो घटनाले मलाई सताइरह्यो । मसँगै नेपालबाट भक्तबहादुर सापकोटा पनि सहभागी थिए । उनले चाहिँ दौड पूरा गरे तर मलाई भने त्यो घटना सम्झना आइरह्यो । त्राहि त्राहि भइरह्यो । रातको निस्तब्धतालाई चिर्दै ठूलो आवाजमा बम विस्फोट भएका घटनाको म प्रत्यक्षदर्शी थिएँ । यही सम्झनाले प्रतियोगितामा म दौडनै सकिनँ । खुट्टाको बायाँ पिँडौलामा पनि चोट लाग्यो, त्यही तनावले हुन सक्छ । २१ किलोमिटर मात्र दौडन सकेँ । अनि दौडलाई मैले बीचमा नै छाड्नु पऱ्यो ।

घटना हुनुअघि जितबहादुर कोठमा सुत्ने तयारी गर्दै थिए । निद्रा भने आएको थिएन । नेपालबाट गएका खेलाडी तथा पदाधिकारीको बसाइँ ओलम्पिक गाउँमै थियो । नेपाली बसेको कोठाको पारिपट्टि इजरायलका खेलाडी पनि बसेका थिए । ओलम्पिकमा भाग लिन गएका टोलीका कुमार खड्गविक्रम एक नम्बरमा, मोहनबहादर शाही दुई नम्बरमा, केशव भट्टराई तीन नम्बरमा, लक्ष्मण शाह चार नम्बरमा, जितबहादुर पाँच नम्बरमा र भक्तबहादुर सापकोटा छ नम्बरको कोठामा बसेका थिए ।

रातको १ बजेको हुँदो हो, एकाएक नेपाली टोली बसेको भूमिगत तला रहेको सिसाको घर त ठूलो आवाजमा जुरुक्कै उचालियो । सुरुमा त जितबहादुरले खासै चासो दिएनन् । त्यसको पाँच मिनेटपछि अर्को त्यस्तै जोडदार आवाज आयो । अब भने उनलाई डर लाग्न थाल्यो तर उनी डराउँदा डराउँदै निदाए ।

बिहान ४ बजेतिरको कुरो हो, जितबहादुरको कोठामा एकसुरले घण्टी बज्न थाल्यो । उनले सोचे गार्डले बिनासित्तिमा घण्टी बजायो तर होइन रहेछ । अब यहाँ बस्न हुँदैन, तुरुन्तै बाहिर निस्कनु पर्छ भन्ने सूचना दिनका लागि त्यो घण्टी बजेको रहेछ । त्यसपछि उनी हतार हतार कोठाबाट बाहिर निस्के । बाहिर त दुई जना मरिरहेका र नौ जनालाई बाँधेर राखिएको रहेछ ।

अब भने जितबहादुरको सातोपुत्लो गयो तर उनी भागेर जाने ठाउँ थिएन । वरिपरि सुरक्षाकर्मीले घेरा हालिसकेका थिए । उज्यालो भइसकेको थियो । एक जनाले ह्यान्ड ग्रिनेड र बन्दुक लिएको उनले देखे । उनीहरूको माग के हो राम्ररी उनलाई थाहा थिएन तर पाँच जना अरबीले



मनिलाबाट तेस्रो भएर फर्कंदा विमानस्थलबाटै सिन्दूरजात्रा गरी शहर घुमाएर स्वागत गर्नुका साथै पाँच सय रुपियाँ पुरस्कार पनि उनले पाएका थिए ।

२३० जना व्यक्तिलाई छाडिदिनुपर्ने र त्यहाँ बाँधिएका नौ जनालाई लैजान पाउनुपर्ने माग राखेको उनले बुझे ।

मागबमोजिम राति ११ बजे बन्धक नौ जना लैजान दिने सहमति भएछ । पछि मात्र उनलाई थाहा भयो, कमान्डोले कारबाहीस्वरूप गोली चलाउँदा प्रतिक्रियामा ती पाँच जनामध्ये एक जनाको हातमा रहेको ह्यान्ड ग्रिनेड पड्केर ती नौ जना इजरायली खेलाडीको मृत्यु भएको रहेछ ।

यस घटनाले ओलम्पिक खेलमा पूरै सन्नाटा छायो, घटनाले दुई/तीन दिन खेल रोकियो । यस घटनाले जितबहादुरको मनमस्तिष्क नै खल्बलाइदियो । अनि उनी प्रतियोगितामा दौडनै सकेनन् र बीचमै खेल परित्याग गर्नु पर्‍यो ।

यसरी जितबहादुरको म्युनिख ओलम्पिकमा सहभागिता दुःखदायी रह्यो तर उनी नेपालको एथलेटिक्सका एक चर्चित हस्ती हुन् । उनले केही समय राष्ट्रिय खेलकुद परिषद्मा एथलेटिक्सको प्रमुख प्रशिक्षकका रूपमा पनि काम गरे ।

विसं २००५ मा दोलखाको चरीकोटस्थित पोबटी–४ मा जन्मेका जितबहादुरको सन् १९७० मा बैङ्ककमा आयोजित एसियाली खेलकुद प्रतियोगिताबाट अन्तर्राष्ट्रिय प्रतियोगिता सुरु भएको हो । त्यसबेला नेपाली टोलीमा छ जना एथलेटिक्स खेलाडी समावेश थिए । तीमध्ये गङ्गाबहादुर थापा र उनले म्याराथनमा भाग लिएका थिए, जसमा उनले सातौँ स्थान प्राप्त गरे ।

जितबहादुरको एथलेटिक्स खेलको इतिहास केलाउँदा २०२० सालमा उनले सेनामा जागिर खाए । पाँच माइल दौडने सेनाको एक प्रतियोगितामा उनी प्रथम भए । यो जितले उनलाई प्रशिक्षण लिने मौका मिल्यो । यो बेला दशरथ रङ्गशाला पनि बनेको थिएन । चार/पाँच महिनाको प्रशिक्षणपछि एसियाली खेलकुद प्रतियोगितामा भाग लिन उनी बैङ्कक पुगेका थिए । यो बेलासम्म उनले म्याराथनको पूरा दूरी दौडेका पनि थिएनन् । यसपछि नै जर्मनीको म्युनिख ओलम्पिकमा उनले भाग लिएका हुन् ।

यस्तै मनिलापछि सन् १९७५ मा दक्षिण कोरियामा भएको अर्को एसियन ट्र्याक एन्ड फिल्डमा पनि उनले तेस्रो स्थान प्राप्त गरी कांस्य पदक जिते । मनिलामा प्रथम र द्वितीय हुने दुवै कोरियालीलाई उनले यो प्रतियोगितामा हराएका थिए ।

राष्ट्रका लागि पदक जितेर फर्कंदाको उनीसँग तितामिठा सम्झना छन् । मनिलाबाट तेस्रो भएर फर्कंदा विमानस्थलबाटै सिन्दूरजात्रा गरी शहर घुमाएर स्वागत गर्नुका साथै पाँच सय रुपियाँ पुरस्कार पनि उनले पाएका थिए तर कोरियाबाट तेस्रो भएर फर्कंदा 'तेस्रो त भएको हो नि' भनेर पदासीनहरूले त्यसै टारिदिए रे !

विसं २०२८ मा वीरगन्जमा पहिलो राष्ट्रिय म्याराथन प्रतियोगिता भयो र यसमा उनले प्रथम स्थान प्राप्त गरे । यही बेला नै उनी राष्ट्रियस्तरमा म्याराथन दौड पूरा गर्ने पहिलो नेपाली खेलाडी बनेका हुन् ।

खेल जीवनमा म्युनिख ओलम्पिकपछि मनिलामा म्याराथन दौडँदाको क्षण पनि उनले कहिल्यै बिर्सन सक्दैनन् । म्याराथन दौड सुरु भएपछि ठूलो पानी पर्‍यो । घुँडासम्म पानी जमेको ठाउँमा दौडनु पर्‍यो । यसरी दौड्दा खुट्टाको जुत्ता हराएको पनि उनले पत्तै पाएनन् । २० किमी जति पानीमै दौडनु पर्‍यो । दौड पूरा गर्दा खुट्टा रक्ताम्मे भइसकेको रहेछ तर उनलाई जुत्ता हराउँदा पनि त्यति अप्ठ्यारो चाहिँ भएन रे । कमसल जुत्ता लगाउनाले यस्तो हुन पुगेको उनको ठहर छ । ■

–पुष्पराज जोशी

ओलम्पिक यात्रामा वैकुण्ठको सकस

■ नवीन अर्याल



राजदूत आउनासाथ म फुत्त बाहिर निस्किएको थिएँ। मैले ओलम्पिक तयारीका लागि अमेरिका जान खोजेको तर दूतावासले भिसा उपलब्ध नगराएको बताएँ। एक छिनपछि उनी सहमत भए र मेरो सिफारिस गरिदिए।

नेपालका म्याराथन धावक वैकुण्ठ मानन्धरको पहिलो ओलम्पिक यात्रा कुनै चलचित्रको कथाभन्दा कम छैन। सन् १९७६ क्यानडाको मोन्ट्रियलमा आयोजना भएको ओलम्पिकमा भाग लिन उनी एक्लै नेपालबाट उडेका थिए।

त्यतिबेला भएको के थियो भने ओलम्पिकमा वैकुण्ठ र जितबहादुर केसीलाई पठाउने निधो भयो तर पछि राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले बजेट अभाव देखाउँदै वैकुण्ठलाई मात्र ओलम्पिकमा भाग लिन पठायो। किनभने वैकुण्ठले छनोट खेलमा सन् १९७२ को म्युनिख ओलम्पिकमा भाग लिएका जितबहादुरलाई पहिलो पल्ट उछिनेका थिए।

वैकुण्ठलाई ओलम्पिकमा भाग लिन मोन्ट्रियल पठाउनुअघि राखेपले अमेरिकामा अभ्यासको कार्यक्रम तय गरेको थियो। यहीँबाट सुरु हुन्छ वैकुण्ठको पहिलो ओलम्पिकको रोचक कथा।

अमेरिकाले सुरुमा वैकुण्ठलाई भिसा दिन अस्वीकार गर्‍यो तर उनी अड्डी कसेर भिसा लिन सफल भए। त्यतिबेला अमेरिकाको भिसा दिने अफिस थियो जमलस्थित एउटा घरको सानो कोठा।



न्युयोर्क पुगेपछि उनले अर्को समस्या बेहोर्नु पऱ्यो । न्युयोर्कमा कहाँ बस्ने ?, कोसँग बस्ने?, कुनै जानकारी थिएन उनलाई । इमिग्रेसनमा प्रहरीले सोध्दा उनले केही बताउन सकेनन् । यसपछि सुरु भयो केरकार ।

"मलाई अङ्ग्रेजी राम्रोसँग बोल्न नआउने । उनीहरू नेपाली नबुझ्ने । ठूलै लफडा पऱ्यो," ४८ वर्षअघिको घटना सम्झँदै उनी भन्छन् ।

त्यतिबेला संयुक्त राष्ट्रसङ्घको नियोगमा शैलेन्द्रकुमार उपाध्याय नियुक्त थिए । वैकुण्ठलाई यो कुरा थाहा थियो । उनले आफू नेपालबाट आएको र नियोगमा कुरा बुझ्न सल्लाह दिएका थिए ।

"त्यहीँबाट म राम्रो खेलाडी भएको र ओलम्पिक खेल्न जान लागेको बताएपछि बल्ल इमिग्रेसनबाट मलाई छाडियो," उनी भन्छन् ।

उनलाई अमेरिकी इमिग्रेसनले रोकेको अन्तर्राष्ट्रिय मिडिया बिबिसीले थाहा पाएछ । उसले ब्रेकिङ न्युज नै चलाइदियो । यसपछि राम्रै हल्लाखल्ला भयो ।

पहिलो दिन भिसा नपाएपछि वैकुण्ठ दोस्रो दिन बिहानै अमेरिकी दूतावास पुगेका थिए । उनी अमेरिकी राजदूतलाई भेट्न ढुकेरै बसे ।

"मलाई अहिले पनि त्यो दिन याद छ । राजदूत आउनासाथ म फुत्त बाहिर निस्किएको थिएँ । मैले ओलम्पिक तयारीका लागि अमेरिका जान खोजेको तर दूतावासले भिसा उपलब्ध नगराएको बताएँ । एक छिनपछि उनी सहमत भए र मेरो सिफारिस गरिदिए," वैकुण्ठ भन्छन् ।

उनलाई भिसा उपलब्ध गराउन राखेपका तत्कालीन सदस्य तथा प्रचारप्रसार प्रमुख सुवर्ण क्षेत्रीको ठूलो योगदान रहेको थियो ।

अमेरिका उड्दा पनि उनले धेरै समस्या बेहोर्नु पऱ्यो । उनीसँग विदेश जाँदा लगाउने एकजोर राम्रो कपडासमेत थिएन । उदय भन्ने साथीसँग कोट मागेका थिए । तीन महिनाका लागि तीन सय अमेरिकी डलर साटे । त्यतिबेला एक डलर बराबर ११ रुपियाँ नेपाली थियो ।

वैकुण्ठ अमेरिका उड्नुअघि नेपालमा एक जना गोरा घुम्न आएका थिए । उनी निकै धनाढ्य थिए । यो कुरा थाहा पाएपछि उनी वैकुण्ठलाई लिन विमानस्थल पुगे । उनले नै वैकुण्ठको अमेरिकामा बसोबासको सम्पूर्ण जिम्मेवारी उठाए ।

"अमेरिकामा मलाई कोर्नेल विश्वविद्यालयमा अभ्यासको वातावरण मिलाइएको रहेछ । करिब तीन महिना त्यहाँ अभ्यास गर्ने क्रममा धेरै साथी बनाएँ । मलाई गोराहरूले अमेरिकामै बस्न सुझाव दिएका थिए तर मनले मानेन । कहाँ देशको इज्जत र शान राख्न आएको मान्छे अमेरिका बसेको भए सबै खत्तम हुन्थ्यो," उनी भन्छन् ।

अमेरिकामा एक्लो तालिमपछि उनी मोन्ट्रियल उडेका थिए । त्यहाँ खेल्नुअघि उनीसँग राम्रो ट्र्याकसुट पनि थिएन । उही गोराले दुई सय डलर खर्चेर उनका लागि ट्र्याकसुट किनिदिएका थिए । पहिलो ओलम्पिक सहभागितामा वैकुण्ठले दुई घण्टा ३० मिनेट ०७ सेकेन्डमा दौड पूरा गरे र ५० औँ भए । ■



नेपालीलाई ठूलो सम्मान

राखेपले ओलम्पिकमा भाग लिन जाने दुई नेपाली धावकका लागि केही समय अगाडिदेखि नै अभ्यासको व्यवस्था गरेको थियो। त्यतिबेला राखेपको आफ्नै कार्यालय थिएन। खेलकुदको सबै काम सुशीलशमशेरको बागदरबारस्थित घरबाट हुन्थ्यो।



■ नवीन अर्याल

सन् १९५९ को मे २६ तारिख। पश्चिम जर्मनीको म्युनिखमा बसेको अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) को ५५ औँ सभाले सन् १९६४ मा १८ औँ गीष्मकालीन ओलम्पिक आयोजनाको निर्णय गऱ्यो, जापानको टोकियो शहरमा।

जापानले दोस्रो विश्व युद्धपछि ओलम्पिक आयोजना गर्ने भयो। एसियाली मुलुकमा आयोजना हुने यो पहिलो ओलम्पिकसमेत थियो। त्यसैले जापान चाहन्थ्यो एसियाका अन्य मुलुक जस्तै नेपालले पनि टोकियो ओलम्पिकमा भाग लिओस्। नेपालले त्यतिबेलासम्म आइओसीको सदस्यता ग्रहण गरिसकेको थिएन। यद्यपि नेपालले तीन वटा एसियाड भने खेलिसकेको थियो। त्यसैले जापानी सरकारको प्रस्ताव पुग्यो राष्ट्रिय खेलकुद परिषद् (राखेप) का तत्कालीन सदस्यसचिव सुशीलशमशेर राणामार्फत राजा महेन्द्रलाई।

महेन्द्र पहिलेदेखि नै खेलकुदप्रति सकारात्मक थिए। उनले 'ओके' भने छन्। यसपछि सुरु भयो नेपालको ओलम्पिक सहभागिताको कथा।

ओलम्पिकमा भाग लिनुअघि आइओसीको सदस्य बन्नु नेपालको बाध्यता थियो। त्यसका लागि पहिले नेपाल ओलम्पिक कमिटी (एनओसी) गठन गर्नुपर्ने अर्को आवश्यकता आइपऱ्यो। त्यसपछि ओलम्पिकमा सम्बद्ध पाँच सङ्घले अनिवार्य अन्तर्राष्ट्रिय आबद्धता लिनुपर्ने अवस्था थियो।



बेलायती दूतावासबाट खबर आयो, हङकङस्थित गोर्खा रेजिमेन्टमा चार प्रतिभाशाली नेपाली बक्सर छन् । लैजाने भए हामी तयार छौँ ।

त्यतिबेला राखेपका अध्यक्ष थिए तत्कालीन अधिराजकुमार (राजा महेन्द्रका भाइ) वसुन्धरा । सुशीलले जुक्ति निकाले– वसुन्धरालाई नै नेपाल ओलम्पिक कमिटीको अध्यक्ष किन नबनाउने ?

नभन्दै सुशीलले फुटबल, बक्सिङ, एथलेटिक्स, ब्याडमिन्टन र टेबल टेनिस जस्ता पाँच खेल समावेश गर्दै वसुन्धराको अध्यक्षतामा सन् १९६३ मा एनओसीको तदर्थ कमिटी गठन गरे । जसको महासचिव थिए मोहनराज जोशी ।

यसको केही समयपछि नै निर्णय भयो, नेपालले पहिलो पल्ट सहभागिता जनाउन लागेको ओलम्पिकमा दुई म्याराथन धावक भूपेन्द्र सिलवाल र गङ्गाबहादुर थापालाई समावेश गराउने ।

यो कुरा बाहिर आएलगत्तै नेपालस्थित बेलायती दूतावासबाट खबर आयो, हङकङस्थित गोर्खा रेजिमेन्टमा चार प्रतिभाशाली नेपाली बक्सर छन् । लैजाने भए हामी तयार छौँ ।

त्यतिबेला गोर्खाली सेनाका यी चारै बक्सरलाई रेजिमेन्टका बेलायती प्रशिक्षकले तालिम दिएका रहेछन् । त्यसैले उनीहरूको माग थियो, टोकियो ओलम्पिकमा आफ्नो पल्टनका चार बक्सर समावेश गराउने हो भने ती बेलायती प्रशिक्षकलगायत अर्का एक बेलायती मेजरलाई सँगै लैजानुपर्ने ।

विदेशमा त्यो पनि बेलायती प्रशिक्षकसँग प्रशिक्षण लिइरहेको हुनाले सुशीललाई लागेछ नेपाली बक्सरहरू तगडा नै होलान् । त्यसैले उनले बेलायती रेजिमेन्टबाट आएको प्रस्तावलाई सहर्ष स्वीकार गरे ।

राखेपले ओलम्पिकमा भाग लिन जाने दुई नेपाली धावकका लागि केही समय अगाडिदेखि नै अभ्यासको व्यवस्था गरेको थियो । त्यतिबेला राखेपको आफ्नै कार्यालय थिएन । खेलकुदको सबै काम सुशीलशमशेरको बागदरबारस्थित घरबाट हुन्थ्यो ।

राखेपले ओलम्पिकमा भाग लिन तत्कालीन सरकारसमक्ष ६० हजार रुपियाँ बजेट माग गरेको थियो । त्यतिबेला मन्त्रीपरिषद्का उपाध्यक्ष थिए तुलसी गिरी । उनले सुरुमा भने छन्, "यत्रो पैसा कहाँबाट ल्याउनु । छैन पैसा ।"

राजा महेन्द्रको स्वीकृति लिएर नेपाली खेलाडी ओलम्पिक पठाउन लागेका सुशीलशमशेर पहिले त प्रधानमन्त्रीको कुरा सुनेर रनभुल्लमा परे । पछि उनले दरबार पुगेर राजा महेन्द्रसमक्ष बिन्ती चढाए ।

सुशीलशमशेर नाताले राजा महेन्द्रका मन पर्ने साला थिए । महेन्द्रले "तिमी चिन्ता नगर म भन्दिन्छु ।" भने छन् । यसपछि नेपाल सरकारले ओलम्पिक खेल्न राखेपलाई ६० हजार रुपियाँ उपलब्ध गरायो ।

यो कुरा सम्झिँदा अहिले पनि रोमाञ्चित हुने गर्छन् सुशील । "राजा महेन्द्रले अग्रसरता नलिएको भए पहिलो पल्ट जापानमा ओलम्पिक खेल्ने हाम्रो सपना तुहिन्थ्यो," सुशील भन्छन् ।

नेपालले औपचारिक रूपमा पत्राचारदेखि सबै काम गर्न ओलम्पिक अटैचीका रूपमा रामकृष्ण वर्मालाई जापान खटाएको थियो । त्यतिबेला वर्मा टोकियोमा बसेर पढ्दै थिए । त्यसैले उनलाई जापानी भाषाको ज्ञान थियो । ओलम्पिक अवधिभर काम गर्न वर्मालाई मासिक दुई सय डलर पारिश्रमिक उपलब्ध गराइयो ।

सुरुमा नेपाली टोलीको प्रतिनिधित्व गर्दै 'सेभ द मिसन' को हैसियतमा तत्कालीन अधिराजकुमार वसुन्धरा आफैं जाने तयारी थियो तर पछि उनलाई के लागेछ कुन्नी नजाने निर्णयमा पुगे । "सायद उहाँलाई ओलम्पिकमा त्यति इज्जत पाइँदैन कि भन्ने लाग्यो होला । उहाँ नजाने भएपछि मैले ओलम्पिकमा जाने सौभाग्य प्राप्त गरें," सुशील भन्छन् ।

उनीहरूलाई अस्ट्रेलियाका पूर्वच्याम्पियन विली टिङगलले अभ्यास गराएका थिए । "हामीलाई करिब तीन महिना पूरै पेलाएका थिए विलीले," पहिलो ओलम्पिकमा सहभागी नेपाली बक्सर नामसिंह बताउँछन् ।

नेपाली खेलाडी टोकियो ओलम्पिक गाउँमा बसेका थिए । पदाधिकारी भने टोकियोमा भर्खरै खुलेको 'न्यु ओतानी' होटलमा बसे । "त्यतिबेला एउटा कोठाको मूल्य छ डलर थियो," सागर सम्झन्छन् ।

ओलम्पिक उद्घाटनको अघिल्लो रात 'मार्च पास' मा देशको झन्डा कसलाई बोक्न दिने भन्ने विषयमा चर्चा चलेको थियो । गोर्खा रेजिमेन्टको अफिसर भएका कारण मेजर जेएस किनलाई दिने हो कि भन्ने कुरा चल्यो तर उनी बेलायती नागरिक भएका कारण नेपाली झन्डा त नेपालीले नै बोक्नु पर्छ भन्ने अर्को तर्क आयो । यसपछि पहिलो ओलम्पिक सहभागितामा नेपाली झन्डा बोक्ने सौभाग्य द्वारिका रामभगत माथेमाले प्राप्त गरे ।

गोर्खा रेजिमेन्टको अफिसर भएका कारण मेजर जेएस किनलाई दिने हो कि भन्ने कुरा चल्यो तर उनी बेलायती नागरिक भएका कारण नेपाली झन्डा त नेपालीले नै बोक्नु पर्छ भन्ने अर्को तर्क आयो । यसपछि पहिलो ओलम्पिक सहभागितामा नेपाली झन्डा बोक्ने सौभाग्य द्वारिका रामभगत माथेमाले प्राप्त गरे ।

ओलम्पिकका लागि काठमाडौंबाट दुई म्याराथन धावक गङ्गाबहादुर थापामगर र भूपेन्द्र सिलवाल, 'सेभ द मिसन' मा सुशीलशमशेर आफैं, ओलम्पिक कमिटीका तत्कालीन सचिव जोशी, एथलेटिक्सको व्यवस्थापकमा द्वारिका रामभगत माथेमा बाहेक पनि थप चार जना टोकियो उडेका थिए । ती अतिरिक्त व्यक्ति थिए, मृगेन्द्रशमशेर राणा, उनकी श्रीमती रुक्मणीदेवी तथा छोरा सागरशमशेर र बुहारी वृन्दा राणा ।

बबरशमशेर राणाका छोरा मृगेन्द्र खेलमा निकै सोख राख्थे । छोरा सागर पनि कहलिएका टेनिस खेलाडी थिए ।

"बुवा मृगेन्द्रले ओलम्पिक हेर्ने इच्छा प्रकट गरेपछि सदस्यसचिव सुशीलले पैसाको अभाव छ भन्नुभएको थियो । त्यसपछि बुवाले आफ्नो परिवारको खर्च आफैंले उठाउने बताउनुभयो । यसरी कुरा मिलेको थियो," सागरशमशेर सम्झन्छन् । ओलम्पिक खेल्न जाने नेपाली टोलीलाई मृगेन्द्रले केही आर्थिक सहयोग पनि गरेका थिए । नेपाली टोली काठमाडौंबाट पहिले कोलकाताको डमडम विमानस्थल उत्रिएको थियो । अनि त्यहाँबाट टोकियो उड्यो ।

नेपालबाट उडेका म्याराथन धावकको अन्य खेलाडीसँगको भेट जापानमै भएको थियो । हङकङमा अभ्यासरत चार जना बक्सर नामसिंह थापा, ओमप्रसाद पुन, रामप्रसाद गुरुङ र भीमबहादुर थापा त्यतैबाट जापान पुगेका थिए ।

"यस विषयमा आआफ्नै तर्क थिए । मैले आर्मी पृष्ठभूमि भएका कारण सुरुमा जेएस किनको नाम प्रस्ताव गरेको थिएँ । अन्य साथीले नेपालीलाई नै झन्डा बोक्न दिनु पर्छ भन्नुभयो । त्यो कुरा पनि ठिक लाग्यो । यसपछि द्वारिकाको नाममा सहमति जुट्यो," सुशील सम्झन्छन् ।

नेपाली टोली रातो ब्लेजर लगाएर मार्च पासमा उत्रिएको थियो । पहिलो ओलम्पिक सहभागितामा नेपालको प्रदर्शन सोचे जस्तो राम्रो भएन । नेपालबाट गएका दुवै म्याराथन धावकले दौड पूरा गर्न सकेनन् । हङकङबाट गएका चार बक्सरले पनि निराश पारे । लाइट वेल्टरवेटमा ओमप्रसादले इथियोपियाका ग्याब्रे गिओगिसलाई पराजित गरेका थिए तर दोस्रो भिडन्तमा ट्युनेसियाका हेबिब गाल्हियासँग पराजय भोगे ।

दोस्रो विश्व युद्धताका बर्मा पुगेर ब्रिटिस–गोर्खा रेजिमेन्टबाट नेपालीले जापानविरुद्ध युद्ध लडेका थिए । त्यतिबेलादेखि नै नेपालीको बहादुरीपनको विषयमा जापानी जानकार थिए । त्यसैले जापानमा ओलम्पिक खेल्न जाँदा नेपाली खेलाडी तथा पदाधिकारीलाई ठूलो इज्जत जापानीहरूले दिए । ■

(लेखक नेपाली खेलकुदका इतिहासविद् हुन् ।)

पेरिस ओलम्पिकमा नेपालको सहभागिता



■ सोमराज पोखरेल

अन्तर्राष्ट्रिय खेलकुदको मञ्च ठूलो भए पनि नेपालले सन् १९५१ मा भारतको नयाँ दिल्लीमा भएको एसियाली खेलकुद (एसियाड) मा सर्वप्रथम प्रवेश गरेको थियो । सन् १९५२ को हेलसिन्की ओलम्पिकमा पर्यवेक्षकका रूपमा नेपालबाट नरशमशेर जबरा र कृष्णबहादुर वर्मा पठाइएको भनिए पनि त्यसको आधिकारिकता पुष्टि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) ले समेत गर्न सकेको छैन ।

३३ औँ संस्करणसम्म आइपुग्दा समग्रमा नेपालका ९३ खेलाडीले मात्र ओलम्पिकमा सहभागिता जनाएका छन् । सन् १९६४ देखि ओलम्पिकका प्रतिस्पर्धात्मक खेलमा नेपालका खेलाडीले भाग लिने गरेको इतिहास छ । जसमा म्याराथन धावक वैकुण्ठ मानन्धर सबैभन्दा भाग्यमानी मानिन्छन् । उनले चार पटक लगातार ओलम्पिकमा सहभागिता जनाउन पाएका थिए ।

फ्रान्सको राजधानी पेरिसमा साउन ११ देखि २७ गतेसम्म हुँदै गरेको ३३ औँ ओलम्पिकमा नेपालका दुई खेलाडीले छनोट चरण पार गरेरै सहभागिता जनाउने भएका छन् । ओलम्पिकको एकै संस्करणमा यसरी नेपालका दुई खेलाडीले छनोट चरण पार गरेर सहभागिताको टिकट पहिलो पटक पाएका हुन् ।

यसअघि छुट्टाछुट्टै ओलम्पिकको संस्करणमा तेक्वान्दो खेलाडीद्वय सङ्गीना वैद्य र दीपक विष्टले मात्र छनोट चरण पार गरेर ओलम्पिकमा सहभागिता जनाएका थिए । केहीले वाइल्ड कार्ड र सबैजसोले कोटाबाटै सहभागिता जनाउँदै आएकोमा पेरिस ओलम्पिकमा नेपालका कुल सात खेलाडी सहभागी हुने छन् । टेबल टेनिसबाट स्यान्दु श्रेष्ठ र जुडोबाट मनिता श्रेष्ठ प्रधानले छनोट चरण पार गरेर ओलम्पिकमा स्थान बनाए ।

अन्य खेलाडीमा ब्याडमिन्टनबाट प्रिन्स दाहाल, सुटिङका सुष्मिता नेपाल, पौडीका एलेक्स (एलेक्जेन्डर एस शाह) र डुवाना लामा तथा एथलेटिक्सकी सन्तोषी श्रेष्ठले पेरिसमा प्रतिस्पर्धा गर्ने छन् । प्रिन्स र सुष्मिता आमन्त्रित कोटामा तथा बाँकी खेलाडीले निर्धारित कोटामा खेल्न पाएका हुन् ।

सात खेलाडीमध्ये एलेक्स अमेरिकामा प्रशिक्षणरत छन् । उनी अमेरिकामै बसेर पढ्छन् र आफ्नै खर्चमा अभ्यास गरिरहेका छन् । छात्रवृत्ति पाएर जुन खेलाडीले अभ्यास गरिरहेका थिए उनीहरू छनोटमा नपरेपछि एलेक्सले अवसर पाएका हुन् ।

यस्तै डुवानाले थाइल्यान्डमा रहेर प्रशिक्षण लिइरहेकी छन् । उनले पनि आफ्नै खर्चमा प्रशिक्षण लिइरहेकी हुन् । त्यस्तै श्रीलङ्कामा प्रिन्सको अभ्यास चलिरहेको छ । स्यान्दुले अस्ट्रेलियाको सिड्नीमा प्रशिक्षण लिइरहेका छन् । सुष्मिता, सन्तोषी र मनिताको प्रशिक्षण नेपालमै चलिरहेको छ ।



एनओसीमा हरेक संस्करणका लागि कोटा आउने पनि गर्दछ तर त्यहाँ उनीहरूले ठूलो लक्ष्य लिएर जानुभन्दा पनि त्यही कोटाको दुरुपयोग हुने गरेका घटना यदाकदा सुन्ने गरिन्छ ।

नेपाल ओलम्पिक कमिटी (एनओसी) को स्थापना सन् १९६२ मा भयो। वसुन्धरा शाह नेतृत्वको टिमले गरेको प्रयासपछि सन् १९६३ मा नेपाल अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) को सदस्य बनेको थियो। सोही वर्ष नेपालमा पहिलो पटक ओलम्पिक मसाल ल्याइयो।

त्यसपछि सन् १९६४ को जापानको टोकियोमा भएको १८ औँ ओलम्पिकमा नेपालले प्रतिस्पर्धाका रूपमा आधिकारिक सहभागिता जनायो। नेपालले त्यसपछि सन् १९६८ को मेक्सिको ओलम्पिकबाहेक अहिलेसम्मका एसियाड र ओलम्पिक खेलकुदमा निरन्तर सहभागिता जनाउँदै आएको छ।

अबको योजना

लामो समयदेखि नेपालले ओलम्पिकमा सहभागिता जनाए पनि खेलमा सुधार गर्न भने सकेको छैन। नेपाल जस्ता खेल सुधार गर्न नसक्ने अन्य सहभागी राष्ट्रलाईसमेत ध्यानमा राखेर ओलम्पिकको एथलेटिक्स र पौडीमा महिला–पुरुष गरी दुई दुई जना खेलाडीलाई कोटाका रूपमा नियमित सहभागिता जनाउने सुविधा आइओसीले दिएको छ।

त्यसबाहेक पहिले गरेको प्रदर्शनलाई आधार मानेर दिइने सुविधा वाइल्ड कार्ड हो। वाइल्ड कार्डमा समग्रमा छुट्टाएको सङ्ख्यामा उत्कृष्ट छनोट गर्दै लिने गरिन्छ। नेपालीले ओलम्पिकमा सहभागिता जनाउँदा हदैसम्म सफलता हासिल गर्ने भनेको राष्ट्रिय कीर्तिमानमा सुधार नै हो। त्यो राष्ट्रिय कीर्तिमानसमेत कतिपय खेलाडीले तोड्न सकिरहेका हुँदैनन्।

नेपालले अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण लिन पनि पाउँछन्। खेलाडीले विभिन्न छात्रवृत्ति पाएर प्रशिक्षण लिइरहेका पनि छन्। एनओसीमा हरेक संस्करणका लागि कोटा आउने पनि गर्दछ तर त्यहाँ उनीहरूले ठूलो लक्ष्य लिएर जानुभन्दा पनि त्यही कोटाको दुरुपयोग हुने गरेका घटना यदाकदा सुन्ने गरिन्छ।

यसप्रति वर्तमान अध्यक्ष जीवनराम श्रेष्ठ भने उत्कृष्ट खेलाडीलाई सुरुवातदेखि नै प्रशिक्षणमा राखेर पदकका लागि एनओसीले जोड दिने बताउँछन्। उनले भनेका छन्, “एनओसी अहिलेसम्म आन्तरिक झमेलामै अल्झियो। वैधानिकताको लडाइँ धेरै लड्यौँ। खेलका बारेमा त हामीले सोच्नै सकेनौँ। अब भने त्यो झमेलाबाट मुक्त भएका छौँ। खेलमा मात्र केन्द्रित हुने अवस्था छ। त्यसैले अन्तर्राष्ट्रिय खेलकुदमा कसरी पदक जित्न सकिन्छ भनेर हामी गम्भीर भएरै लाग्ने छौँ।”

तर यही गतिमा भने अझै पदककै लागि आशा गर्ने ठाउँ कत्ति पनि छैन। यद्यपि एनओसीले धेरैभन्दा धेरै खेलाडीलाई वैदेशिक प्रशिक्षणका लागि छात्रवृत्ति बढाउने हो भने खेलाडीको आकर्षण थप बढेर खेल स्तरमा सुधार आउन सक्छ। ■

अङ्कजाल प्रतियोगिता, साउन-२०८१

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोऱ्याई भर्नुपर्नेछ।
४. समाधान २०८१ भदौ १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।
५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।
६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

		५	६		३	७		
				९				
८	७						६	३
		७	४	८	६	१		
४								२
		६	३	२	१	८		
७	६						८	५
				१				
		४	९		८	२		

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान जेठ अङ्कको उत्तर

समूह क : १. चिसो मान्छे २. नेपाल ३. डा. घनश्याम ज्ञवाली
समूह ख : १. चीन २. डा. डीआर उपाध्याय ३. मोहमद अलि जिन्ना
समूह ग : १. दुर्गालाल श्रेष्ठ २. कालीकोट ३. प्रवीण भण्डारी
समूह घ : १. ड्रिम्स २. डा. तवस्सुभ सिद्धिकी ३. सागर अधिकारी
समूह ङ : १. रुक्सना कपाली २. टोङ्गा ३. दलाई लामा
समूह च : १. भक्तपुर २. अनवीकरणीय ३. काँडे भ्याकुर
समूह छ : १. बेलायतमा २. बेलायत ३. विश्व बैङ्क

परिणामहरू

अङ्कजाल जेठ अङ्कको उत्तर

७	५	६	३	१	८	२	९	४
८	२	१	९	४	७	५	६	३
९	४	३	२	५	६	१	८	७
३	६	५	७	२	९	४	१	८
१	७	४	८	३	५	९	२	६
२	८	९	४	६	१	३	७	५
४	९	७	१	८	३	६	५	२
६	३	८	५	९	२	७	४	१
५	१	२	६	७	४	८	३	९

गोलाप्रथाद्वारा विजयी

घनेन्द्र लिम्बू, महालक्ष्मी नपा, धनकुटा
गरिमा भण्डारी, गो.न.पा.-१४, गोरखा

सही जवाफ पठाउने सहभागी :

रत्नशाक्य, पुल्चोक, ललितपुर-०३, पायल शेर्पा, धरान, सुनसरी, असीम श्रेष्ठ, मन्थली-८, रामेछाप, लक्ष्मण रेग्मी, काठमाडौँ, मदनमोहनलाल श्रेष्ठ, काठमाडौँ-२९, घट्टेकुलो, कृष्णचन्द्र गौतम, सुखीपुर, सिराहा, प्रशान्त ताम्राकार, पनौती, काभ्रे, नीरव पौडेल, नागार्जुन न.पा.-१, काठमाडौँ, सौरभ गिरी, शिवसताक्षी-१, झापा, विपिनचन्द्र गिरी, शिवसताक्षी-१, झापा, माया रेग्मी, सिनामङ्गल, काठमाडौँ, राधेश्याम श्रेष्ठ, भीमसेन स्थान, का.म.न.पा., गौरीश्वर रेग्मी, नयाँबानेश्वर, काठमाडौँ, वटुकृष्ण कसपाल, पुतलीसडक, काठमाडौँ, नारायण लघु, भक्तपुर न.पा.-२, भक्तपुर, खेमराज घिमिरे, बत्तीसपुतली-९, सनिसा महर्जन, सुन्धारा, पाटन, बुद्धिबहादुर दुरा, मध्यनेपाल-६, लमजुङ, राधेश्याम मल्ल, बालकोट-२, भक्तपुर, सुयोग दुरा, मध्यनेपाल-६, लमजुङ, तीर्थराज अधिकारी, धुम्बाराही, काठमाडौँ, बुद्धिमान श्रेष्ठ, कुमारीमार्ग त्रिपुरेश्वर, काठमाडौँ-११, पशुपति कुमाल, बल्कोट-०३, अर्घाखाँची, रोजन चालिसे, लालबन्दी, सर्लाही, भगवता कुमाल, बल्कोट-०३, अर्घाखाँची, दिनेशराज पौडेल, बालाजु, काठमाडौँ, करुणा घिमिरे, बत्तीसपुतली-९, प्रज्ञा वज्राचार्य, प्राइम कलेज, खुसिँबु, उज्ज्वलविलास वज्राचार्य, म्हैपी, नयाँबजार, रूपक लाखा, भक्तपुर, दिवश भट्टराई, काठमाडौँ-४, रामप्रसाद उप्रेती, जोरपाटी, काठमाडौँ, मनोज थापा, जानकी-८, कैलाली, उमेशकुमार मास्के, विराटनगर-११, उपासना थापा, सेन्ट जेभियर्स स्कुल, ललितपुर, प्रकाश भण्डारी, 'विवेक', गैँडाकोट, नवलपुर, अनिता गैरे, गैँडाकोट, नवलपुर, निर्मला श्रेष्ठ, विराटनगर-११, उमेश थापा, प्राइम बैङ्क, काठमाडौँ, तारा शर्मा अधिकारी, धनकुटा।

जेठ अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

उज्ज्वलविलास वज्राचार्य, म्हैपी, नयाँबजार
पायल शेर्पा, धरान, सुनसरी

सही उत्तर मिलाउने अन्य सहभागी

विदुर कार्की, मन्थली रामेछाप, गरिमा भण्डारी, गोनपा-१४, गोरखा, सौरभ गिरी, शिवसताक्षी-१, जगतराज उपाध्याय, वराहताल सुर्खेत, सुन्दर थापा, आँबुखैरेनी, भगवता कुमाल, बल्कोट अर्घाखाँची, रोजन चालिसे, लालबन्दी, सहाना श्रेष्ठ, न्युरोड, तीर्थराज अधिकारी, धुम्बाराही काठमाडौँ, सुयोग दुरा, मध्यनेपाल लमजुङ, कृष्णचन्द्र गौतम, सुखिपुर सिराहा, राधेश्याम मल्ल, भक्तपुर, बुद्धिबहादुर दुरा, मध्यनेपाल लमजुङ।

सामान्य ज्ञान प्रतियोगिता जेठको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	कसम घिमिरे	भरतपुर-२१, चितवन	१००
	मनीषा शर्मा	दाङ	१००
	प्रशान्त ताम्राकार	पनौती, काभ्रे	१००
४	प्रकाश भण्डारी 'विवेक'	गैँडाकोट, नवलपुर	१००
५	रत्न शाक्य	पुल्चोक, ललितपुर-०३	१००
६	अनिशा शर्मा	दाङ	१००
७	अनिता गैरे	गैँडाकोट, नवलपुर	१००
८	खगेन्द्र नाथ	महेन्द्रनगर, कञ्चनपुर	१००
९	मदनमोहनलाल श्रेष्ठ	काठमाडौँ-२९, घट्टेकुला	१००
१०	रोजन चालिस	लालबन्दी, सर्लाही	१००

अङ्कजाल, कोठेपद र सामान्यज्ञान संयोजकः पुष्पराज जोशी

युवामञ्च कोठेपद प्रतियोगिता, साउन-२०८१

१		२	■	३		४	■	५
	■	६			■	७		
८	९		■	१०			■	
■		■	११		■	१२		
१३	■	१४		■	१५		■	
१६			■	१७		■	१८	■
	■	१९			■	२०		२१
२२			■	२३			■	
	■	२४			■	२५		

सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८१ भदौ १५ भित्र आइपुग्नुपर्नेछ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्नेछ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

नाम : ....

ठेगाना : ....

....

ठाडो :

१. कुचो बनाउन प्रयोग गरिने एकथरी बुट्यान, झार
२. नदीको छाल/हावाको वेग
३. सेनाको प्रमुख, सेनाध्यक्ष
४. अवैध व्यापार, चोरी निकासी, तस्करी
५. केही समय पहिलेको, धेरै उमेर नभएको, जवान
९. नदी वा समुद्रको किनार
११. सेना वा प्रहरीद्वारा रखवारी वा पहराका लागि गरिने घुमफिर
१३. मतानुयायी (शैव .../बौद्ध ...)
१४. बनेर ठिक्क भएको, राम्ररी तयार भएको, तम्तयार
१५. दूध जमाउँदा बन्ने खानेकुरा
१७. बाटुलो घर/सास्ती दिन बनाइएको साँगुरो घर
१८. जहिले, जतिखेर
२०. 'मेरो सानो ..., आज कता हरायो ?' पङ्क्तिमा खाली ठाउँमा हुनुपर्ने शब्द
२१. तमासा, खेल, मनोरञ्जन

तेर्सो

१. लत, दुर्व्यसन, नसालु पदार्थ
३. परिचारिका, नर्स, सेवा गर्ने स्त्री
६. क्युबाको राजधानी
७. बेकम्मा, लाज नभएको, गुण्डा
८. गाई, भैँसीलाई बस्ने ठाउँमा ओछ्याइने सेउला, पातपतिङ्गर
१०. भारतको एक प्रसिद्ध राज्य, जहाँ स्वर्णमन्दिर रहेको छ
११. चाल, वेग, हिँडाइ
१२. नोकरी, रोजगारी
१४. मानव बसोबास गर्ने गाउँ, ठाउँ
१५. भाउ
१६. त्यसो भए पनि, तर पनि
१७. घस्रेर हिँड्ने एकथरी हिंस्रक जन्तु
१९. भाडा, किराया
२०. समाचार
२२. भागभोग, लगन/एक नेपाली चलचित्र
२३. ज्यादै गर्मी हुँदा जिउमा उठ्ने ससाना बिमिरा, खटिरा
२४. अनुदारको विपरीतार्थक शब्द
२५. सामर्थ्य, क्षमता

कोठेपद प्रतियोगिता, जेठ अङ्कको उत्तर

१ मी	स	२ म	■	३ म	चा	४ न	■	५ ध
खि	■	६ ना	र	द	■	७ ज	मा	त
८ क	९ रा	ही	■	१० म	धु	र	■	र
■	बि	■	११ पि	त्त	■	१२ ब	ड	ना
१३ कु	■	१४ ला	प	■	१५ म	दद	■	क
१६ ल	व	ज	■	१७ स	ल	■	१८ सा	■
दे	■	१९ भ	क	र	■	२० शौ	हु	२१ ले
२२ व	रा	ह	■	२३ स	म	झ	■	सु
ता	■	२४ ल	स्क	र	■	२५ बा	गु	न

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : हेमचन्द्र अर्याल
जन्म स्थान : विदुर नपा-६, नुवाकोट
जन्म मिति : २०५९।०२।०३
जन्म समय : बिहान ७:१५ बजे

मेरो भाग्य, वैदेशिक योग र आर्थिक सफलताका बारेमा बताइदिनुभए आभारी हुने थिएँ।

तपाईंको जन्मकुण्डलीका ग्रहयोग प्रबल रहेकाले जीवनमा उन्नति प्रगति राम्रो हुने छ। कुण्डलीमा भाग्यभन्दा पनि कर्मस्थान बलियो रहेकाले भविष्यमा ठूलो काम गरेर देखाउने योग रहेको छ। तपाईंमा इमानदारिता, लगनशीलता र कर्तव्यनिष्ठता जस्ता गुण रहेका छन्। जीवन केही सङ्घर्षमय देखिए पनि सङ्घर्षबाट सफलतासमेत प्राप्त हुने ग्रहयोग छ। तपाईंको जन्म चर लग्नमा भएकाले स्वदेशभन्दा विदेशबाट सफलता मिल्ने योगसमेत रहेको छ। विदेश यात्राका लागि २४ वर्ष उप्रान्तको समय राम्रो देखिन्छ। तपाईंलाई पूर्व दिशातर्फका देशबाट विशेष आर्थिक सफलता मिल्ने योग छ। कुण्डलीमा गजकेशरी योगसमेत पर्न गएकाले भविष्यमा आर्थिक सफलता राम्रो प्राप्त हुनुका साथै विद्या र विनयता जस्ता चारित्रिक गुणले आफ्नो जीवनलाई सुशोभित पार्ने देखिन्छ।

नाम : कृष्णचन्द्र सुवेदी
जन्म मिति : २०५९ जेठ ३ गते
समय : बिहान ९:४० बजे

मेरो विद्या, नोकरी, स्वास्थ्य र आर्थिक सफलताको योग के कस्तो देखिन्छ ? कृपया बताइदिनुहोला।

तपाईंको जन्म तिष्य जन्मनक्षत्रको चौथो चरण अन्तर्गत पर्न गएकाले कर्कट राशि पर्दछ। तपाईं शान्त, शालीन अनि भद्र स्वभावको देखिनुहुन्छ। भाग्य बलियो लिएर आएकाले जीवन सुखमय छ। शारीरिक आरोग्यताका साथै दीर्घायुको योग छ। भविष्यमा उच्च आर्थिक सफलताका साथै मानसम्मानसमेत प्राप्त हुने देखिन्छ। २६ वर्षसम्मका लागि समय केही प्रतिकूल रहेकाले पढाइका साथै सोचेका योजनामा अनावश्यक बाधाअड्चन आइपर्ने, साथीसङ्गत त्यति राम्रो नहुने, मानसिक अस्थिरतासमेत बढाउने समय चलेको छ। त्यस उप्रान्त भाग्योदयको समय देखिएकाले सोचेका योजनामा सफलता मिल्दै जाने, वैदेशिक यात्राको अवसर मिल्नुका साथै जागिरसमेत प्राप्त हुने छ।

नाम : शिवचन्द्र बोहोरा
जन्म स्थान : बागलुङ बजार
जन्म मिति : २०५६ असार ११ गते
जन्म समय : साँझको ५:१५ बजे

कृपया मेरो विद्या, वैदशिक यात्रा एवं भविष्यका बारेमा सङ्क्षिप्त ग्रहफल बताइदिनुहोला।

तपाईंको जन्मकुण्डलीका ग्रहयोग राम्रा रहेकाले भविष्यमा गरिखाने अवसर प्रशस्त मिल्ने छन्। कर्मस्थानमा विराजमान मङ्गलले तपाईंलाई कर्म क्षेत्रमा उच्च सफलताको शिखरमा पुऱ्याउने छ। उच्च मनोबलका साथ प्रगतिको पथमा अगाडि बढ्दै जाने ग्रहयोग रहेको छ। पढाइका साथै नोकरीमा समेत महत्त्वपूर्ण सफलता मिल्ने छ। वर्तमान समयमा चलेको सङ्कटाको दशाले गर्दा गर्न आँटेका काममा अनावश्यक बाधाअड्चन आइपर्नुका साथै ढिलासुस्तीसमेत गराउने देखिन्छ। साथीसङ्गतका साथै यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी पुऱ्याउनुपर्ने समय रहेको छ। स्वदेश अनि विदेश दुवैतर्फबाट राम्रो सफलता मिल्ने ग्रहयोगसमेत रहेको छ।

नाम : शिवचन्द्र ढकाल
जन्मस्थान : बागलुङ-७
जन्ममिति : २०५७।११ महिना २४ गते
समय दिनको ठिक ११:२५ बजे

मेरा वर्तमान समयका ग्रहदशा, वैदेशिक योग, पारिवारिक एवं वैवाहिक जीवन के कस्तो देखिन्छ कृपया बताइदिनुहोला।

तपाईंको वर्तमान समयका ग्रहदशा अनुकूल रहेका छन्। सोचेका योजनामा क्रमशः सफलता मिल्दै जाने समय रहेको छ। वर्तमान समयमा चलेको सिद्धादशाका कारण मनोरञ्जन, रमाइलो यात्रा, मित्र सहयोग, आँटेको काममा सफलता, धनागमका अवसर मिल्नुका साथै स्वदेश एवं विदेश दुवैतर्फ सफलता मिल्ने समय रहेको छ। मानसिक चञ्चलता एवं अस्थिरता भने केही बढेर जाने देखिन्छ। नयाँ काम तथा रोजगारीका लागि पनि समय अनुकूल रहेको छ। कुण्डलीमा रहेको माङ्गलिक योगका कारण प्रेम सम्बन्ध बन्दै अनि बिग्रँदै जाने देखिन्छ। विवाह गर्दा चिना जुराएर गर्न राम्रो होला, अन्यथा सम्बन्धमा तिक्ततासमेत आउन सक्ने देखिन्छ। वैवाहिक जीवनका लागि भने २९ वर्ष उप्रान्त राम्रो छ।

नाम : पविता ढकाल पौडेल
जन्ममिति : २०४२ असार २ गते
समय : दिवा १२:११ बजे
जन्मस्थान : हरिचौर-५, बागलुङ

मेरो वर्तमान समयका ग्रहदशा, विद्या, नोकरी अनि वैवाहिक जीवनका बारेमा स्पष्ट पारिदिनुहुन अनुरोध गर्दछु।

पविताजी, तपाईंको नराम्रा ग्रहदशा सकिएर राम्रो समयको सुरुवात भएको छ। यस उप्रान्त पाँच वर्षका लागि मनले सोचे आँटेका योजनामा क्रमशः सफलता मिल्दै जाने छ। सन्तान एवं परिवारका तर्फबाट समेत सन्तोषजनक स्थिति देखा पर्ला। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नतासमेत बढेर जाने छ। घर एवं वाहनको सुख मिल्ने छ। रमाइलो ठाउँको यात्रा एवं मनोरञ्जनका अवसर प्राप्त हुने छन्। जीवनमा विद्या, बुद्धि र विवेक सन्तुलित रूपमा प्राप्त हुने ग्रहयोग रहेको छ। दाम्पत्य एवं पारिवारिक सुखसम्बन्ध अत्यन्त प्रगाढ देखिन्छ। सन्तानको सुखका लागि मङ्गल चौथीको व्रत र मुगाको औँठी धारण गर्दा विशेष फाइदा पुग्ने देखिन्छ।

२०८१ साल साउन महिनाको राशिफल

◆ ज्यो. हरिप्रसाद पौडेल



मेष बृहस्पतिको अनुकूलताले पठनपाठनमा अभिरुचि बढेर जाला। शारीरिक एवं मानसिक आरोग्यता अनुकूल रहने छ। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। विवाद एवं प्रतिस्पर्धामा सफलता मिल्ने छ। सामान्य चोटपटकको सम्भावना रहेकाले यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ। नजिकका व्यक्तिबाट विश्वासघातको सम्भावना देखिन्छ। दाम्पत्य सम्बन्धमा सामान्य विषयलाई लिएर खटपट पर्न जाने छ। पेट तथा आँखासम्बन्धी समस्या देखा पर्ला । महिनाको पूर्वार्धमा आँटेका काम बन्नाले आर्थिक पक्ष बलियो भएर जाने छ। पारिवारिक भेटघाटका साथै मनोरञ्जनका अवसरसमेत मिल्ने छन्।

वृष उच्च मनोबलका साथ कार्यक्षमतामा समेत बढोत्तरी गराउने समय रहेको छ। अध्ययन अध्यापनमा अनावश्यक बाधाअड्चन आउने देखिन्छ। आर्थिक हानिनोक्सानीको सम्भावना देखिएकाले आर्थिक कारोबारमा सतर्कता अपनाउनु पर्ला। घरायसी खर्चको मात्रा बढेर जाने छ। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। प्रियजनसँगको भेटघाटले मन रमाउने छ। महिनाको पूर्वार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

मिथुन कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्ने देखिन्छ। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको योग रहेको छ। पठनपाठनमा अनावश्यक बाधाअड्चन देखा पर्ने छन्। आर्थिक कारोबारमा सफलताको योग रहेको छ। आर्थिक हानिनोक्सानीको सम्भावना देखिएकाले लेनदेनसम्बन्धी कारोबारमा सतर्कता अपनाउनुपर्ने छ। आँखा तथा पेटसम्बन्धी समस्या देखा पर्ला। महिनाको उत्तरार्धमा धनागमका साथै मनोरञ्जनका अवसर मिल्ने छन्।

कर्कट गर्न लागेको काममा अनायासै नसोचेका बाधाअड्चन देखा पर्ने छन्। कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्ने छ। झन्झटिलो यात्राको योग रहेको छ। पठनपाठनमा गहिरो अभिरुचि लाग्ने छ। घरायसी खर्चको मात्रा बढेर जाने छ। शरीरमा ज्वरोसम्बन्धी अस्वस्थताको सम्भावना रहेको छ। खराब व्यक्तिको सङ्गतले धोका पाइने देखिएकाले सङ्गतमा विचार गर्नुपर्ने देखिन्छ। महिनाको पूर्वार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन् भने उत्तरार्धमा खर्चको मात्रा बढेर जाने छ।

सिंह केही घरायसी पारिवारिक झमेला देखापर्ने छन्। शारीरिक आरोग्यता अनुकूल रहने छ। प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता मिल्ने छ। रोकिएका काम क्रमशः बन्दै जाने छन्। वादविवादमा जित मिल्ने छ। धार्मिक एवं सामाजिक कार्यमा सहभागी हुनुपर्ने छ । कामको उच्च मूल्याङ्कन हुनुका साथै पदोन्नतिको समेत सम्भावना रहेको छ। आर्थिक पक्षका कामबाट मनग्गे धनार्जन हुने छ। पठनपाठनमा भन्दा मनोरञ्जनमा मन बढी जाला। रमाइलो ठाउँको यात्राको सम्भावना रहेको छ। आफन्त एवं इष्टमित्रसँगको भेटघाटले मन रमाउने छ।

कन्या सफलताको महिना रहेको छ। उच्च मनोबलका साथ कार्यक्षमतामा उल्लेख्य वृद्धि भएर जाला। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। विवाद एवं प्रतिस्पर्धामा सफलता प्राप्त होला। अध्ययन अध्यापनमा गहिरो अभिरुचि लाग्ने छ। सन्तान एवं परिवारका तर्फबाट सन्तोषको अनुभूति होला। धार्मिक एवं सामाजिक कार्यमा मन लाग्ने छ। महिनाको पूर्वार्धमा आँटेको काममा सामान्य बाधाअड्चन देखिए पनि उत्तरार्धमा सफलता, धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

तुला शारीरिक आरोग्यता अनुकूल रहने छ। धार्मिक एवं सामाजिक काममा अभिरुचि बढेर जाने छ। घरायसी पारिवारिक भेटघाटको अवसर प्राप्त होला। मनोरञ्जनको मामिलामा खर्च बढेर जाने योग रहेको छ। पठनपाठनमा

बाधाअड्चन आइपर्ने छन् । धार्मिक कार्यमा अभिरुचि बढेर जाने छ । महिनाको उत्तरार्धमा आकस्मिक यात्राको योग रहेको छ । अनावश्यक काममा दौडधुप एवं परिश्रम गर्नुपर्ने छ । महिनाको पूर्वार्धमा धनागमका साथै मनोरञ्जनका अवसर मिल्ने छन् भने उत्तरार्धमा खर्च वृद्धि एवं सामान्य विवादको सम्भावना रहेको छ ।

वृश्चिक कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्ने देखिन्छ । आर्थिक पक्षका काममा सफलताको योग रहेको छ । स्वास्थ्योपचारका साथै घरायसी खर्चको मात्रा बढेर जाला । दाम्पत्य सम्बन्धमा विश्वासको अभाव देखापर्ने छ । अध्ययन अध्यापनमा अभिरुचि बढेर जाने छ । आर्थिक लगानी एवं लेनदेनसम्बन्धी कारोबारमा सतर्कता अपनाउनुपर्ने छ । महिनाको उत्तरार्धमा स्वास्थ्यलाभका साथै धनागमका अवसर मिल्ने छन् ।

धनु सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विशेष ख्याल पुर्‍याउनुपर्ने छ । यात्रा एवं सवारी चलाउँदा विषेश सावधानी अपनाउनुपर्ने छ । कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्ने छ । पठनपाठनमा अनावश्यक बाधाअड्चन देखापर्ने छन् । ठूला आर्थिक लगानी एवं लेनदेनसम्बन्धी काम नगर्दा राम्रो होला । अनावश्यक विवाद एवं घरायसी झमेलाले सताउने छ । धार्मिक काममा अभिरुचि बढेर जाने छ । महिनाको पूर्वार्धमा भाग्यले साथ दिनाले आँटे ताकेका काममा आंशिक सफलता मिल्ने छ । महिनाको उत्तरार्धमा पारिवारिक झमेला बढेर जाने देखिन्छ ।

मकर आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ । भाग्यले साथ दिनाले आँटेका काममा सफलता मिल्ने छ । आत्मबल बढेर जानाले कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाला । विवाद एवं प्रतिस्पर्धामा सफलता मिल्ने छ । पारिवारिक सुखसन्तोष, इष्टमित्रसँगको भेटघाटका अवसर मिल्ने छन् । धार्मिक एवं सामाजिक कार्यमा सहभागिताको योग रहेको छ । पठनपाठनमा आएका बाधाअड्चन क्रमशः हटेर जानुका साथै अभिरुचि बढेर जाने छ ।

कुम्भ शारीरिक आरोग्यता अनुकूल रहने छ । पठनपाठनमा अभिरुचि बढेर बढेर जाला । रमाइलो पारिवारिक भेटघाटको अवसर मिल्ने छ । मानसिक प्रसन्नता, हर्ष आनन्दका अवसर मिल्ने छन् । सामाजिक कार्यमा सहभागिता, पारिवारिक भेटघाट एवं मनोरञ्जनका अवसर मिल्ने छन् । घरमा धार्मिक कार्यको आयोजना होला । आर्थिक पक्षका काममा सफलता प्राप्त होला । रमाइलो ठाउँको यात्राको अवसर मिल्ने छ ।

मीन कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही ज्यादा नै पर्ने छ । शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहला । काममा आएका बाधाअड्चन क्रमशः हटेर जाने छन् । पठनपाठनका साथै प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलताका मिल्ने छ । आफन्त एवं इष्टमित्रको सहयोगले काम बन्ने छ । घरमा रमाइलो पारिवारिक वातावरणको माहोल बन्ने छ । महिनाको पूर्वार्धमा काममा सामान्य बाधाअड्चन देखिए पनि उत्तरार्धमा सफलताको योग रहेको छ ।

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

....

....

जन्म समय अनिवार्य छ ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला । तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुने छ ।

सामान्यज्ञान प्रतियोगिता साउन २०८१

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ । यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ । प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ । सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक–फरक छ । उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन । ती तिनै प्रश्नको उत्तरमा पाइने अङ्क फरक हुनेछ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुनेछैन । जस्तो समूह क मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुनसक्छ ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्नेछ । सही उत्तरमा अङ्क प्राप्त हुनेछ । यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/–, १०००/– र ५००/– पुरस्कार दिइनेछ । अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइनेछ ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिनेछ ।

प्रश्न

समूह (क), कुल अङ्क भार– ६

१. प्राचीन ओलम्पिक कसले बन्द गरेका थिए ? [१]

२) नेपालले ओलम्पिकमा प्रवेश गरेपछि कुन ओलम्पिक खेलेन ? [३]

३) अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको स्थापना कहिले भयो ? [२]

समूह (ख), कुल अङ्क भार– ८

१) महिलाले कहिलेदेखि ओलम्पिकमा भाग लिन पाए ? [३]

२) सबैभन्दा पहिले तीन पटक ओलम्पिक आयोजना गर्ने शहर कुन हो ? [३]

३) ओलम्पिक सय मिटर दौड जित्ने कुन खेलाडीले ओस्कार पुरस्कार पनि जितेका थिए ? [२]

समूह (ग), कुल अङ्क भार– १२

१) ओलम्पिक एथलेटिक्समा कहिलेदेखि महिलाले प्रतिस्पर्धा गर्न पाए ? [५]

२) ओलम्पिकमा सर्वप्रथम क्रिकेट कहिले खेलियो ? [३]

३) कहिलेदेखि ओलम्पिकमा प्रदर्शन खेल समावेश गर्न बन्द गरिएको छ ? [४]

समूह (घ), कुल अङ्क भार–त १४

१) ओलम्पिक प्रदर्शन तेक्वान्दोमा पदक जित्ने नेपाली खेलाडी को हुन् ? [७]

२) नेपालका कुन खेलाडीले सबैभन्दा धेरै ओलम्पिकमा भाग लिएका छन् ? [३]

३) जुडो खेल कहिलेदेखि ओलम्पिकमा समावेश छ ? [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) ब्याडमिन्टन खेललाई पहिले के भनिन्थ्यो ? [६]

२) ओलम्पिक मसाल रिले कुन ओलम्पिकदेखि सुरु गरियो ? [६]

३) कुन ओलम्पिकको मसाल सगरमाथाको शिखरमा पुऱ्याइएको थियो ? [६]

समूह (च), कुल अङ्क भार– २०

१) ओलम्पिकमा सर्वाधिक पदक जित्ने खेलाडी को हुन् ? [६]

२) ओलम्पिक जिम्न्यास्टिकको स्पर्धामा १० मा १० अङ्क प्राप्त गर्ने एक मात्र खेलाडी को हुन् ? [६]

३) सोल ओलम्पिकमा डोपिङ काण्डमा परेका धावक बेन जोन्सनले कुन औषधि खाएका थिए ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) विश्वका सर्वाधिक तेज धावक को हुन् ? [८]

२) बास्केटबल खेलका जनक को हुन् ? [६]

३) प्राचीन ग्रिसमा ओलम्पिकको विकल्पमा महिलाका लागि कुन खेल सञ्चालन गरिन्थ्यो ? [८]

जेठ अङ्कको परिणाम पृष्ठ १०६ मा



उत्तर २०८१ भदौ १५ गतेसम्म प्राप्त भइसक्नु पर्नेछ ।

२०८१ साल साउनको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार– ६

१) .... [१]

२) .... [३]

३) .... [२]

समूह (ख), कुल अङ्क भार– ८

१).. [३]

२) .... [३]

३) .... [२]

समूह (ग), कुल अङ्क भार– १२

१) .... [५]

२) .... [३]

३) .... [४]

समूह (घ), कुल अङ्क भार– १४

१) .... [७]

२) .... [३]

३) .... [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) .... [६]

२) .... [६]

३) .... [६]

समूह (च), कुल अङ्क भार– २०

१) .... [६]

२) .... [६]

३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]

२) .... [६]

३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८१ जेठ १ देखि ३२ गतेसम्मका राष्ट्रिय घटना

जेठ १ गते : राष्ट्रपति रामचन्द्र पौडेलद्वारा सरकारका तर्फबाट सङ्घीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम पेस ।

जेठ २ गते : उच्च अदालत पाटनद्वारा राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान सन्दीप लामिछानेलाई बलात्कार मुद्दामा सफाइ ।

जेठ ३ गते : सुदूरपश्चिमका मुख्यमन्त्री दीर्घबहादुर सोडारीलाई विश्वासको मत प्राप्त ।

जेठ ४ गते : सत्ता साझेदार तीन दल र प्रमुख प्रतिपक्षी दलका शीर्ष नेताबीच सहकारीमा भएको आर्थिक अपचलनका सन्दर्भमा संसदीय छानबिन समिति गठन गर्ने सहमति ।

जेठ ६ गते : ट्राफिक प्रहरी जवान युवराज घिमिरेको हत्यामा संलग्न सात जना प्रहरीद्वारा पक्राउ ।

जेठ ७ गते : प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा प्रतिनिधि सभामा चौथो पटक विश्वासको मत प्राप्त ।

– पशुपतिनाथ मन्दिरको भेटी चोरी प्रकरणमा सात कर्मचारीसहित आठ जनामाथि अनुसन्धान ।

जेठ ८ गते : प्रहरीद्वारा कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई दोहोरो नागरिकता विवादमा काठमाडौँस्थित कार्यकक्षबाटै पक्राउ ।

जेठ ९ गते : कीर्तिमानी पर्वतारोही कामिरिता शेर्पा ३० औँ पटक सर्वोच्च शिखर सगरमाथामा ।

– सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा चौथो पटक भ्रष्टाचार मुद्दा दायर ।

जेठ १३ गते : प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहितका दलको विरोध र नाराबाजीकाबीच राष्ट्रिय सभाबाट पनि आर्थिक वर्ष २०८०/८१ को सरकारको नीति तथा कार्यक्रम पारित ।

जेठ १४ गते : सर्वोच्च अदालतद्वारा गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीको विश्वासको मत असंवैधानिक ठहर गरी सुरेन्द्रराज पाण्डेलाई मुख्यमन्त्री बनाउन परमादेश ।

– उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेमाथि कुनै पनि उजुरी/जाहेरी नरहेको तथा अनुसन्धान र अभियोजन नभएको भन्ने महान्यायाधिवक्ता कार्यालयको पत्र बदरको माग गर्दै सर्वोच्चमा रिट दायर ।

जेठ १५ गते : सरकारद्वारा आगामी आर्थिक वर्ष २०८०/८१ लाई आर्थिक सुधारको वर्ष घोषणा गर्दै १८ अर्ब ६० खर्ब ३० करोड रुपियाँको सङ्घीय बजेट प्रस्तुत ।

जेठ १६ गते : कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहिया रिहा ।

जेठ १७ गते : राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नेपालका लागि गणतन्त्र फिलिपिन्सका गैरआवासीय राजदूत जोसेल फ्रान्सिसीद्वारा आफ्नो ओहदाको प्रमाणपत्र पेस ।

जेठ २० गते : कान्तिपुर सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेडका पूर्वअध्यक्ष चन्द्रबहादुर लामाविरुद्ध एक अर्ब ५१ करोड रुपियाँ बचत अपचलन गरेको अभियोगमा पक्राउ ।

– नवलपुर सदरमुकाम कावासोतीमा रहेको छिपछिपे उपभोक्ता सहकारीमा भएको घोटालाका आरोपितविरुद्ध अदालतमा प्रतिनिधि सभा सदस्य गीता बस्नेतसहित ३५ जनाविरुद्ध मुद्दा दर्ता ।

जेठ २३ गते : मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव विश्वासको मत पाउन असफल ।

जेठ २५ गते : मधेश प्रदेशको मुख्यमन्त्रीमा सतीशकुमार सिंह नियुक्त ।

जेठ २७ गते : प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको शपथग्रहण कार्यक्रममा सहभागी ।

जेठ २८ गते : धितो मूल्याङ्कनभन्दा बढी ऋण प्रवाह गरेको आरोपमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) द्वारा सेन्चुरी बैङ्कका तत्कालीन अध्यक्षसहित आठ जना पक्राउ ।

जेठ २९ गते : राष्ट्रपति रामचन्द्र पौडेल औपचारिक विदेश भ्रमणका क्रममा जेनेभा प्रस्थान ।

– जिल्ला अदालत काठमाडौँद्वारा वैवाहिक बलात्कार मुद्दामा जिल्ला न्यायाधीश भुवन गिरीलाई सात वर्ष कैद सजाय निर्धारण । ■

– सरस्वती खत्री, क्षेत्री